सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

४ मंसिर २०८०, सोमबार (20 Nov 2023, Monday) ■ नेपाल संवत् ११४४ ■ वर्ष १७ ■ अंक २१० ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. ५/-

■ अस्ट्रेलिया छैटौँपटक च्याम्पियन



भारतलाई घरेलु मैदानमै ६ विकेटले पराजित गर्दै आइतबार छैटौँपटक एकदिवसीय विश्वकप च्याम्पियन बनेपछि खुसियाली मनाउँदै अस्ट्रेलियाका खेलाडी । विश्वकपसँगै अस्ट्रेलियाले ४० लाख अमेरिकी डलर पुरस्कार प्राप्त गरेको छ । उपविजेता भारतले २० लाख डलर तथा सेमिफाइनलमा पराजित दक्षिण अफ्रिका र न्युजिल्यान्डले समान आठ-आठ लाख डलर प्राप्त गरेका छन् । सेमिफाइनलमा स्थान बनाउन असफल ६ टोलीले एक-एक लाख डलर पाए । सेमिफाइनल पुगेका चार टोलीले थप ४०-४० हजार डलर प्राप्त गरे । (विस्तृत समाचार पृष्ठ ८ मा)

कोहली 'प्लेयर अफ दी सिरिज'

यो विश्वकपमा सर्वाधिक ७६५ रनको रेकर्ड पनि कोहलीकै नाममा



११ इनिङ्समा सर्वाधिक सात सय ६५ रन बनाएका भारतका विराट कोहली 'प्लेयर अफ दी सिरिज' भएका छन् । उनले विश्वकपमा तीन शतक र ६ अर्धशतक प्रहार गरे । यसक्रममा ६८ चौका र नौ छक्का हिर्काए । ३५ वर्षीय कोहलीले न्युजिल्यान्डविरुद्ध सर्वाधिक एक सय १७ रन बनाए । यससँगै उनी सचिन तेन्दुलकरको कीर्तिमानी ४९ शतकको रेकर्ड तोड्न पनि सफल भएका थिए । थप दुई शतक उनले दक्षिण अफ्रिका र बंगलादेशविरुद्ध बनाएका थिए । नेदरल्यान्ड्स, श्रीलंका, न्युजिल्यान्ड, अफगानिस्तान र अस्ट्रेलियाविरुद्ध उनले अर्धशतक बनाएका थिए ।

डी ककको सर्वाधिक चार शतक



दक्षिण अफ्रिकाका ३० वर्षीय ओपनर क्विन्टन डी ककले सर्वाधिक चार शतक बनाएका छन् । १० इनिङ्स खेलका उनी सर्वाधिक रन बनाउने तेस्रो खेलाडी बने । उनले बंगलादेशविरुद्ध एक सय ७४ रन बनाए । यसबाहेक श्रीलंका, अस्ट्रेलिया र न्युजिल्यान्डविरुद्ध पनि उनले शतक बनाए ।

सामीले लिए सर्वाधिक २४ विकेट



सर्वाधिक विकेट लिने खेलाडीमा भारतका तीव्र गतिका बलर मोहम्मद सामीले नाम लेखाए । फाइनलमा एकसहित उनले प्रतियोगिताभर २४ विकेट लिए । सेमिफाइनलमा चामत्कारिक प्रदर्शन गर्दै न्युजिल्यान्डविरुद्ध सात विकेट लिएका थिए । उनले ६ खेलमा दुई सय ५१ बल डट फाले ।

वीरमा साढे दुई महिनादेखि थन्किंयो ४० करोडको 'टोमोथेरापी'



प्राविधिक जनशक्ति अभाव र इमोलाइजर उपकरण खरिद नगर्दा सञ्चालनमा आउन नसकेको अस्पतालको भनाइ

(विस्तृत पृष्ठ ३)

इजरायल-हमास द्वन्द्वमा भारतको बदलिँदो अडानको अर्थ



(शशी थरुरको लेख पृष्ठ ५)

डेडिकेटेड र ट्रंक लाइनको विद्युत् महसुल विवाद यसै सातादेखि उद्योगको लाइन काट्ने तयारी

(विस्तृत पृष्ठ ६)

NIMB
नेपाल इन्भेस्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

विवादमा पर्ने डरले आमचासो र चर्काका मुद्दा पन्छाउने न्यायाधीश प्रवृत्ति

मुद्दाको चुरोभन्दा सुनुवाइ लम्ब्याउने दाउमा कानुन व्यवसायी

शिल्पा कर्ण/नयाँ पत्रिका



त्रिभुवन विश्वविद्यालयका उपप्राध्यापक प्रेम चलाउनेमाथि २० असोज ०७७ मा आक्रमण भयो । जसमा नेपाल विद्यार्थी संघमा आबद्धहरूबाट ज्यान लिने मनसायले आक्रमण भएको भन्दै उनका तर्फबाट सरकारी वकिलले ज्यान मार्ने उद्योगमा मुद्दा दर्ता गराए । घटना भएको तीन वर्ष नाघ्दा पनि काठमाडौं जिल्ला अदालतबाट यो मुद्दा टुंगिएको छैन । अभिलेखअनुसार यो मुद्दा ४४ पटक पेसी चढेको छ ।

त्यस्तै, गत वर्ष नेपाली राष्ट्रिय क्रिकेट टोलीका तत्कालीन कप्तान सन्दीप लामिछानेविरुद्ध काठमाडौं जिल्ला अदालतमा बलात्कारको मुद्दा दर्ता भयो । जसको थुनछेक आदेशमाथि सर्वोच्च अदालतले शीघ्र मुद्दा टुंग्याउन आदेश दिएकै पनि ६ महिना भइसकेको छ । गत वर्ष ५ भदौमा आफूमाथि बलात्कार भएको भन्दै एक किशोरीले मुद्दा दायर गरेकोमा अनुसन्धानपश्चात् १४

» पृष्ठ २ मा क्रमशः

राजनीतिक व्यक्तिसँग जोडिएका कारण न्यायाधीशहरूमा प्रभाव देखिन्छ

● **अधिवक्ता आरसी विमल,**
अध्यक्ष, काठमाडौं जिल्ला अदालत बार



कतिपय महत्त्वपूर्ण मुद्दामा यो आदेश वा फैसला हुँदै छ भन्ने खालका समाचार प्रसारण/प्रकाशन हुँदा समाजले बुझ्ने धारणा फरक हुन्छ । समाजले अदालतमा पेस भएको प्रमाण कागजात हेर्दैन, समाचार हेर्छ । तर, अदालतले त प्राप्त प्रमाणका आधारमा फैसला गर्ने हो । यस्तोमा केही न्यायाधीशलाई विवादमा परिन्छ कि भन्ने डर त भइहाल्छ ।

कतिपय मुद्दाहरू राजनीतीकरण हुने गर्दा पनि कठिनाइ हुन्छ । सामान्य खालका मुद्दाभन्दा पनि राजनीतिक व्यक्तिसँग जोडिएका कारण राजनीतिक प्रभाव देखिन्छ । हामी कानुन व्यवसायी पनि कतै न कतै आबद्ध हुन्छौं, राजनीतिक रूपमा जोडिएका हुन्छौं, एउटा धारणा हुन्छ ।

संवादहीनतामा शेखर-गगन

महाधिवेशनकेन्द्रित भिन्दाभिन्दै रणनीति र गतिविधिमा दुई नेता, नयाँ ध्रुवीकरणको आधार तयार भइरहेको विश्लेषण





कोइराला-थापाबीच दूरी बढाउने घटनाक्रम

■ कोशीको सत्ता परिवर्तनमा कोइरालाले एकतर्फी निर्णय लिएर आफूनिकट नेतालाई मुख्यमन्त्री बनाएको थापाको आरोप । यो प्रकरणमा सभापति देउवा र कोइरालाको भूमिका ठीक नभएको निष्कर्ष ।

■ सरकारमा मन्त्री पठाउने विषयमा कोइराला सभापति देउवासँग मिलेको थापाको आशंका ।

■ मन्त्रीका लागि तीनजनाको नाम बुझाउँदा कोइरालाले एकतर्फी निर्णय लिएको थापाको आरोप ।

■ संसदीय दलको निर्वाचनमा ३६ जना सांसद आफ्नो पक्षमा रहेको अनुमान गरे पनि २५ मत प्राप्त, समूहबाटै धोका भएको थापाको निष्कर्ष ।

■ केन्द्रीय समिति बैठकमा कोइरालाले समूह र आफ्नो बचाउ नगरेको थापाको बुझाइ ।

■ थापाले अर्का महामन्त्री विश्वप्रकाश शर्मा र युवा नेता प्रदीप पौडेललाई समेत समेटेर नयाँ टिम बनाउन थालेको कोइरालाको आशंका ।



सभापति देउवासँग पनि दुवै नेता संवादमा

एउटै समूहमा रहेर पनि संवादहीनतामा रहेका डा. शेखर कोइराला र महामन्त्री गगन थापा पार्टी सभापति शेरबहादुर देउवासँग भने नियमित भेटघाटमा छन् । १५औँ महाधिवेशनमा आफू सभापतिको दाबेदार नहुने देउवाको घोषणाले भावी नेतृत्वका लागि काग्रेसभित्र नयाँ शक्ति सन्तुलन र समीकरणको सम्भावना छ । यस्तोमा देउवाको सद्भाव पाउने व्यक्ति नेतृत्वका लागि बलियो दाबेदार बन्न सक्छ । १५औँ महाधिवेशनकेन्द्रित भिन्दाभिन्दै रणनीति र गतिविधिमा लागेका कोइराला र थापा पछिल्लो दिनमा देउवासँग सम्बन्ध सुधारमा छन् ।

केशवप्रसाद पाण्डे/नयाँ पत्रिका

शेखर कोइराला र गगन थापा काग्रेसको इतर समूहका नेता मानिन्छन् । तर, पछिल्ला केही राजनीतिक घटनाक्रमले कोइराला र थापाबीच संवादहीनताको अवस्था सिर्जना भएको छ । कोशीमा कोइराला समूहको विद्रोह अनुमोदन भएपछि दुई नेताबीच संवाद भएको छैन, बरु इतर समूहमा ध्रुवीकरण बढ्दै छ । १४औँ महाधिवेशनमा उनीहरू एकैठाउँ थिए ।

कोशीको राजनीतिक घटनाक्रमको समीक्षा गर्ने विषयमा कोइराला-थापाबीच छलफल नहुँदा इतर समूहमा ध्रुवीकृत बनेको हो । कोशीको विषयमा कोइराला र थापा दुई ध्रुवमा बाँडिएका छन्, जसले इतरमा अलमल छ । नेताहरूका अनुसार एमालेलाई सरकारबाहिर पुऱ्याएर काग्रेस र गठबन्धनका तर्फबाट कोशीको कोर्स करेक्सन भए पनि कोइराला-थापा संवादमा जुटेका छैनन् । एमालेको समर्थनमा कोशीमा कोइराला समूहका नेता मुख्यमन्त्री भएका थिए ।

स्रोतका अनुसार कोशी प्रकरणपछि कोइरालाले थापासँग संवादका लागि पटक-पटक प्रयास गरेका छन् । तर,

» पृष्ठ २ मा क्रमशः

शर्मा र पौडेलसँगको निकटताले कोइराला थप सशंकित



महामन्त्री गगन थापाले अर्का महामन्त्री विश्वप्रकाश शर्मा र युवा नेता प्रदीप पौडेललगायतसँग निकटता बढाएपछि डा. शेखर कोइराला पनि थप सशंकित बनेका छन् । कोशी प्रकरणमा महामन्त्रीद्वय एकैठाउँमा थिए । उनीहरूले २९ असोजमा सभापति शेरबहादुर देउवालाई भेटेर सभापति र नेता कोइरालाको भूमिकाप्रति असन्तुष्टि जनाए । निर्णय प्रक्रियामा महामन्त्रीद्वयलाई सहभागी नगराइएकाले परिस्थितिको जिम्मेवार पनि दुवै नेता हुनुपर्ने उनीहरूको भनाइ थियो । कोशीमा गठबन्धन जोगाउने प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड, काग्रेस सभापति देउवा र नेता कोइरालाले गरेको लिखित सहमतिप्रति पनि महामन्त्रीद्वयको असन्तुष्टि थियो । १७ भदौमा महामन्त्री थापासहित अर्का महामन्त्री शर्मा, युवा नेता पौडेल र इतर समूहका पदाधिकारीको भेला थियो । जसमा कोइरालालाई बोलाइएको थिएन । यसले कोइराला थप सशंकित भए ।

के भन्छन् नेताहरू



● **गुरुराज घिमिरे,** इतर समूहका नेता

काग्रेसमा गुटमा पनि अनेकता छन्, कोशी प्रकरण एउटा दृष्टान्त हो । कोशी प्रकरणपछि त्यसका केही क्रम-उपक्रम देखिएका छन् । कोशी सरकार गठनका विषय रहेका मतभेद समूहमा व्यवस्थापन गरिएको छैन । व्यवस्थापन नहुँदा धाँजा फाट्दै जाने र टकराव बढ्दै जाने अवस्था छ । त्यसले पार्टी र हाम्रो समूहलाई नै क्षति पुऱ्याउँछ । यसले भावी नेतृत्वसम्म पनि असर पार्ने सम्भावना छ ।



● **डा. गोविन्द पोखरेल,** केन्द्रीय सदस्य

नेतृत्वले आफूखुसी लाद्ने शैलीमाथि कोशीमा विद्रोह भएको हो, यसले पार्टी र समूह दुवैलाई कमजोर बनाएको छैन । समूह भन्ने बलियो भएको छ । कोशी प्रकरणपछि उहाँहरूबीच केही असहमति भए पनि उहाँहरूले हामी एकै ठाउँमा छौं भन्नुभएको छ । पार्टीलाई बलियो बनाएर लैजान उहाँहरू दुवैलाई दबाब छ ।



● **गेजा शर्मा वाग्ले,** विश्लेषक

काग्रेसको १५औँ महाधिवेशनमा परम्परागत गुटको विघटन भई सैद्धान्तिक-वैचारिक, प्रगतिशील र रूपान्तरणकारी धारको नेतृत्व गगन-विश्व समूहले गर्ने देखिन्छ । अन्य नेता परम्परागत वैचारिक धारमा उभिने देखिन्छ ।

एक घन्टा टाढाबाट पानी बोकेर गुजारा गर्छन् चुलीपोखरीवासी

■ गाउँमै तीन बिघा क्षेत्रफलमा फैलिएको चुलीपोखरी छ । पोखरीमा टम्म पानी पनि छ, हिउँदमा पनि सुक्दैन । तर, खानयोग्य नभएकाले चुलीपोखरीका ५० घरपरिवार बोकेर पानी खान्छन् ।



चुलीपोखरीकी ६५ वर्षीया वृद्धा तुलमाया राई भन्छिन्-

बिहे गरेर यो गाउँ आएदेखि खानेपानी बोकेको हुँ । अब त बुढेसकाल लाग्यो, तर पानीको समस्या अझै हटेन ।



मिक्लाजुङ (मोरङ)मा **चिरञ्जीवी धिमिरे**

मोरङको मिक्लाजुङ गाउँपालिका- २ चुलीपोखरीकी ६५ वर्षीया तुलमाया राईको दैनिकी सबेरै पानी बोकेर सुरु हुन्छ । राति अबेर पनि पानी बोकेरै उनको दैनिकी सकिन्छ ।

चुरे क्षेत्रमा रहेको चुलीपोखरीकी तुलमायालाई एकपटक पानी ल्याउन एक घन्टा लाग्छ । उनी चुरेको उकालोमा डोको भिरेर गाग्रीमा पानी बोकेर परिवारको तिर्खा मेट्छिन् । 'गाउँको समस्या नै खानेपानीको अभाव हो । अरू वेला त खोल्साको पानी बोकेर खान्छौं । हिउँदमा त्यो पनि सुक्छ,' उनले भनिन्, 'बिहे गरेर यो गाउँ आएदेखि पानी बोकेको अब त बुढेसकाल लाग्यो । तर, पानीको समस्या अझै हटेन ।'

कक्षा ८ सम्म पढ्न दुई घन्टा हिँड्नुपर्ने बाध्यता

राईको घरछेउमै तीन बिघा क्षेत्रफलमा फैलिएको चुलीपोखरी छ । पोखरीमा टम्म पानी पनि छ, हिउँदमा पनि सुक्दैन । तर, खानयोग्य पानी नभएकाले चुलीपोखरीका ५० घरपरिवार बोकेर पानी खान्छन् । 'पहिला त यो पोखरीको पनि राम्रो हुन्थ्यो । हामी

» पृष्ठ २ मा क्रमशः

विपिन जोशी गाजा क्षेत्रमा सकुशल रहेको पुष्टि

पर्शुराम काफ्ले/नयाँ पत्रिका

इजरायलको किबुजस्थित कृषि फार्ममा २० असोजमा हमास समूहको आक्रमणपछि बेपत्ता कञ्चनपुरको भीमदत्त नगरपालिका- ३ का विपिन जोशी प्यालेस्टाइनको गाजा क्षेत्रमा रहेको पुष्टि भएको छ । जोशी प्यालेस्टाइनको गाजा क्षेत्रमा थाइल्यान्डका नागरिकहरूसँगै सुरक्षित अवस्थामा रहेको जानकारी परराष्ट्र मन्त्रालयलाई आएको छ ।



विपिन जोशी

जोशी सकुशल छन्, उद्धारको प्रयास हुँदै छ : परराष्ट्रमन्त्रीका स्वकीय सचिव

परराष्ट्रमन्त्री एनपी साउदको सक्रियतामा उपलब्ध सबै कूटनीतिक तथा व्यक्तिगत च्यानलबाट बुझ्ने क्रममा आइतबार उनी सकुशल रहेको पुष्टि भएको हो । परराष्ट्रमन्त्री एनपी साउदका स्वकीय सचिव दीपक जोशीले विपिन सकुशल रूपमा गाजा क्षेत्रमा रहेको भरपर्दो सूचना प्राप्त भएको बताए ।

'परराष्ट्रमन्त्रीज्यू र कूटनीतिक संयन्त्रको निरन्तर प्रयासपछि विपिन जोशी गाजा क्षेत्रमा रहेको पुष्टि भएको छ । उनी सुरक्षित र सकुशल छन् । उनलाई फिर्ता गर्ने प्रयास पनि सुरु भएको छ,' परराष्ट्रमन्त्री साउदका स्वकीय सचिव जोशीले आइतबार राति नयाँ पत्रिकासँग भने, 'विपिनसँग सम्पर्क भएको छैन । तर, उनी गाजामा रहेको विश्वसनीय र भरपर्दो सूचना प्राप्त भएको हुनाले अब उनलाई त्यहाँबाट बाहिर निकाल्ने प्रयासमा परराष्ट्रमन्त्रीको सम्पूर्ण प्रयास केन्द्रित भएको छ ।'

कतार सरकार, इजरायल सरकारसम्बद्ध स्रोत, इजरायलस्थित

» पृष्ठ २ मा क्रमशः

सुशासनका लागि वर्तमान सरकार इतिहासकै सफल : प्रधानमन्त्री

रुकुम पश्चिम/ प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले सुशासनका पक्षमा वर्तमान सरकारले महत्त्वपूर्ण कदम चालेको बताएका छन्। आइतबार रुकुम पूर्वको पुथा उत्तरगंगा गाउँपालिका- १ मैकोटमा आयोजित मईं छिउँ सकराँत उत्सवमा उनले सरकार सुशासन कायम गर्ने सवालमा निर्मम तरिकाले लागेको बताए।

'चाहे मधेशका मिटरब्याजी, नक्कली भुटानी शरणार्थी काण्ड हुन् वा सुनकाण्ड सरकारले सुशासन प्रवर्द्धन र भ्रष्टाचार निर्मूल पार्न दह्रोसँग संघर्ष गरिरहेको छ,' उनले भने, 'सुशासन कायम गर्ने सवालमा वर्तमान सरकार इतिहासकै सफल हो।' प्रचण्डले सरकारको काम गर्ने शैली देखेर भ्रष्टाचारी र दलालहरू आत्तिएको बताए। उनीहरू यो गठनबन्धनलाई कमजोर बनाएर सरकारलाई ढाल्न सकिन्छ कि भनेर लागिपरेको बताउँदै प्रचण्डले सपना पूरा नहुने बताए। अन्तर्राष्ट्रिय सम्बन्ध सुधार, सीमा विवाद समाधान, सुशासन, सामाजिक सुरक्षा, मिटरब्याजीको चंगुलबाट गरिबलाई मुक्त गर्नेलगायत पक्षबाट यो सरकार सफल रहेको उनले दाबी गरे।

प्रधानमन्त्री प्रचण्डले गठबन्धन पाँचै वर्ष टिक्नेसमेत दाबी गरे। 'गठनबन्धनका विषयमा अब कुनै समस्या छैन, वेला-वेलामा प्रतिगामीहरू गठबन्धन भत्काउन लागिपर्छन्, तर गठबन्धनको उद्देश्य र लक्ष्य स्पष्ट भएका कारण गठबन्धन झन् मजबुत बन्दै गइरहेको छ,' उनले भने। गठबन्धन बीचमै नटुट्ने र सत्ता समीकरणमा समेत फेरबदल हुने कुनै संकेत नरहेको उनले बताए। समाजवादी मोर्चासमेत बलियो बन्दै गएको उनको भनाइ थियो।

विपिन...

पृष्ठ १ बाट क्रमशः

नेपाली राजदूतावास र नेपालस्थित इजरायलको राजदूतावासबाट प्राप्त सूचनाका आधारमा जोशी गाजा क्षेत्रमा सकुशल रहेको पुष्टि भएको हो। 'हामीलाई प्राप्त भरपर्दो सूचनाअनुसार जोशीलगायत त्यहाँ रहेका थाई नागरिक एकदमै सकुशल छन्। सहज र सकुशल अवस्थामा उनीहरूलाई राखिएको भन्ने भरपर्दो जानकारी आएको छ,' जोशीले भने।

उनी त्यहाँ हमास समूहको नियन्त्रणमा रहेको आशंकामा हमास समूहसँग सम्बन्ध रहेका अरब मुलुकका समकक्षीहरूसँग परराष्ट्रमन्त्री साउदले यसअघि टेलिफोनमा संवादसमेत गरेका थिए। परराष्ट्र मन्त्रालयले हमासका मित्र मानिएका मुलुकको कूटनीतिक च्यानलमार्फत जोशीलाई पत्ता लगाउने र स्वदेश फर्काउन प्रयास गर्दै आएको थियो। जोशीको अवस्था अज्ञात हुँदा परिवार बेचैन बनेको छ।

परराष्ट्रमन्त्री साउदले यसअघि कतारका विदेश राज्यमन्त्री मोहम्मद बिन अब्दुलाजिज बिन सलेह अल खुलैफीसँग टेलिफोन गरेर जोशीको मुक्तिका लागि प्रयास गरिदिन अनुरोध गरेका थिए। मध्यपूर्वको इरान, इजिप्ट, साउदी अरेबिया, कतारसँग हमास समूहको राम्रो सम्बन्ध छ। सरकारले मध्यपूर्वका यीलगायतका मुलुकसँग नेपाली विद्यार्थीको खोजीका लागि प्रयास गरेको छ। सरकारले रेडक्रसको अन्तर्राष्ट्रिय समिति (आइसिआरसी)लगायतका संघसंस्थासँग पनि जोशीको खोजबिन गरिदिन अनुरोध गर्दै आएको थियो।

इजरायलमा २० असोजमा हमास समूहले गरेको हिंसात्मक हमलापछि रहेका १७ जनामध्ये बंकरमा सुरुमै हमासको आक्रमणमा परेका जोशीलाई आक्रमणकारीहरूले लिएर गएको जानकारी स्वदेश फर्केका विद्यार्थीले दिएका थिए।

हमास समूहले गरेको ग्रिनेड आक्रमणमा बंकरभित्रै चारजना नेपाली विद्यार्थी घाइते भएका थिए भने १० जना नेपाली विद्यार्थीको निधन भएको थियो। मृतकहरूको शव स्वदेश ल्याएर अन्तिम संस्कार सम्पन्न भइसकेको छ।

आक्रमणमा परेर घाइते भएका सल्यानका विधान सेजवाल, दाङका रविन डाँगी, कैलालीका धनबहादुर चौधरी र गोरखाका हिमाञ्चल कट्टेलले जोशीलाई हमास समूहले नियन्त्रणमा लिएको बयान दिँदै आएका थिए। उनीहरूका अनुसार हमास समूहले दुईवटा ग्रिनेड फालेकोमा एउटा जोशीले समाएर बाहिर फालेका थिए। अर्को भने पड्केको थियो। त्यसपछि उनीहरूले जोशीलाई लिएर गएका थिए।

जोशीले ग्रिनेड बंकरबाहिर फालेका कारण चारजना नेपालीको ज्यान बचेको त्यहाँबाट फर्केका विद्यार्थीको भनाइ थियो। हमासको गोली लागेर घाइते भएका हिमाञ्चल कट्टेलले अस्पतालबाटै जारी गरेको भिडियो सन्देशमा जोशीलाई प्यालेस्टाइनतर्फ लिएर गएको आफैँले देखेको बताएका थिए। उनको भनाइ थियो, 'उस (विपिन जोशी)लाई दुई-तीनजना थाईसँग होस्टेज बनाएर प्यालेस्टाइनतर्फ लिएर गएको मैले देखेको छु।'

त्यही समूहमा रहेका सल्यानको त्रिवेणी गाउँपालिका- १ का प्रमोद केसी र कैलालीको भजनी त्रिशक्ति नगरपालिका- ३ का वीरेन्द्र चौधरीसहित दुई सय ५३ जनाको विद्यार्थी टोलीलाई सरकारले यसअघि नै उद्धार गरिसकेको छ।

आफु पछिका सन्ततीको लागी जोगो गरौं। बिदेशिने हरुले भन्दा देशमा थोरै पैसा र समय लगाएर धेरै धन कामाउनु होस् !!!

काठमाडौं, पोखरा, बिराटनगर, चितवन, तथा अन्य शहरहरुमा दश लाख देखि होमइस्टे र घडेरीहरुमा, लगानी गर्न इच्छुक, लगानी कर्ताहरुलाई सम्पर्क गर्न हुन अनुरोध गर्दछौं। जग्गा हेर्न, जाने आउने खर्च, कम्पनीको हुने

जानकारी गराउँदछौं।

बुढानिलकण्ठ ४, पासिकोट, काठमाडौं।
०१-४३७४४१३, ९८४११७०७७३, ९८४१३६२६१३,

संवादहीनतामा...

पृष्ठ १ बाट क्रमशः

थापाले अनिच्छा देखाएका छन्। सभापति देउवासँग भने थापाको पार्टी गतिविधिलगायतका विषयमा निरन्तर भेटघाट छ। कोशी प्रकरणमा कोइरालाको एकल निर्णयप्रति अरू नेताको पनि असन्तुष्टि छ। उनीहरू थापासँग निकटता बढाउन थालेको स्रोत बताउँछ। केही नेता भने कोइरालाको विकल्पमा जान नहुने पक्षमा छन्।

इतर समूहका नेता गुरुराज घिमिरे कोशी प्रकरणपछि दुई नेताबीच संवाद नभएको समय लम्बिँदा समूह थप कमजोर हुने विश्लेषण सुनाउँछन्। कोइराला-थापा मनमुटावको असर भावी नेतृत्वमा समेत पर्न सक्ने उनको बुझाइ छ। 'कांग्रेसमा गुटमा पनि अनेकता छन्, कोशी प्रकरण एउटा दृष्टान्त हो। कोशी प्रकरणपछि त्यसका केही क्रम उपक्रम देखिएका छन्। कोशी सरकार गठनका विषय रहेका मतभेद समूहमा व्यवस्थापन गरिएको छैन,' उनले भने, 'व्यवस्थापन नहुँदा धाँजा फाट्दै जाने र टकराव बढ्दै जाने अवस्था छ। त्यसले पार्टी र हाम्रो समूहलाई नै क्षति पुऱ्याउँछ। यसले भावी नेतृत्वसम्म पनि असर पार्ने सम्भावना छ।'

तर, केन्द्रीय सदस्य डा. गोविन्द पोखरेल कोशी प्रकरणले कांग्रेस र इतर समूह कमजोर नभएको ठान्छन्। दुई नेताबीच संवादहीनताको अवस्था रहे पनि चाँडै व्यवस्थापन हुने उनको विश्वास छ। 'नेतृत्वले आफूखुसी लाद्ने शैलीमाथि कोशीमा विद्रोह भएको हो, यसले पार्टी र समूह दुवैलाई कमजोर बनाएको छैन,' उनले भने, 'समूह झनै बलियो भएको छ। कोशी प्रकरणपछि उहाँहरूबीच केही असहमति भए पनि उहाँहरूले हामी एकै ठाँउमा छौँ भन्नुभएको छ। पार्टीलाई बलियो बनाएर लैजान उहाँहरू दुवैलाई दबाब छ।'

कोइराला र थापा महाधिवेशनकेन्द्रित रणनीति र गतिविधिमा छन्। कोइरालाका स्वकीय सचिव दिनेशचन्द्र कोइराला चाडपर्व र भूकम्पलगायतले व्यस्त हुँदा दुई नेताबीच संवाद हुन नसकेको तर्क गर्छन्। तर, सभापति देउवासँग भने सम्पर्कमै रहेको उनको भनाइ छ। 'कोशीका विषयमा समूहमा छलफल भएको छैन। आवश्यकताअनुसार छलफल नहुने भन्ने होइन,' उनले भने।

विश्लेषक गेजा शर्मा वाग्ले कोशी प्रकरणसँगै कांग्रेसमा नयाँ ध्रुवीकरणको आधार तयार भइरहेको प्रारम्भिक संकेत देखिएको विश्लेषण गर्छन्। महामन्त्री थापा अर्का महामन्त्री विश्वप्रकाश शर्मालगायतलाई समेटेर नयाँ वैचारिक धारको नेतृत्वका लागि लागिपरेको उनको भनाइ छ। उनका अनुसार यसले १५औँ महाधिवेशनमा नेतृत्व चयनको विषयले स्पष्ट संकेत गरेको छ।

'कांग्रेसको १५औँ महाधिवेशनमा परम्परागत गुटको विघटन भई सैद्धान्तिक-वैचारिक, प्रगतिशील र रूपान्तरणकारी धारको नेतृत्व गगन-विश्व समूहले गर्ने देखिन्छ। अन्य नेता परम्परागत वैचारिक धारमा उभिने देखिन्छ,' शर्मा भन्छन्, 'कांग्रेसको महासमिति बैठकमार्फत सैद्धान्तिक-वैचारिक र नेतृत्वको दृष्टिकोणबाट आशाको सन्देश प्रवाह गर्न सक्नुपर्छ। वैचारिक ध्रुवीकरण कांग्रेसको भविष्यका लागि सकारात्मक हुन्छ।'

कांग्रेस नेताहरूका अनुसार कोशी सरकार गठनको विषयमा दुई नेताबीच सघन संवाद भएकै थिएन। कोइरालाले आफ्नो समूहका नेतालाई मुख्यमन्त्री बनाउन एमाले अध्यक्ष केपी ओलीसँग बाक्लो संवाद गरेका थिए।

निकट नेताहरूका अनुसार कोइरालाले कोशीको कोर्स सुरु हुनुअघिबाटै कोइराला-थापाबीच केही मनमुटाव थिए। कांग्रेसमा संसदीय दलको निर्वाचनले कोइराला-थापाबीच आशंकाहरू जन्माएको थियो, जुन अहिलेसम्म कायमै छन्। थापाले तिक्ततापूर्ण सम्बन्धको विषय र असन्तुष्टि सार्वजनिक मञ्चमै राख्न थालेका छन्। २ कात्तिकमा उनले एक कार्यक्रममा कोशी प्रकरणको परिस्थितिको जिम्मेवार आफू नहुने बताएका थिए। कोशीमा कोइरालाको भूमिका र उत्पन्न परिस्थितिमा आफू सहमत नभएको थापाको अभिव्यक्ति थियो।

कार्यक्रममा उनले लामो समयदेखि कोइरालासँग सम्पर्क नभएको र कोशी प्रकरणमा कुनै संवाद नभएकोसमेत सार्वजनिक गरेका थिए। उनले आफू ०८२ को महाधिवेशनकेन्द्रित रहनेसमेत बताएका थिए। कोइरालाको भूमिकाबारे महामन्त्री थापाले त्यसअघि कुनै सार्वजनिक टिप्पणी गरेका थिएनन्।

सोही कार्यक्रममा थापाले संसदीय दलको निर्वाचनमा आफूले आफ्नै समूहबाट अपेक्षित मत नपाएको भन्दै इतरका सांसदको भूमिकामा थापाको असन्तुष्टि थियो। ३६ जना सांसद आफ्नो पक्षमा रहेको अनुमान गरे पनि थापाले २५ मत मात्रै पाएका थिए।

१३औँ महाधिवेशनमा एकैठाउँ आएका शेखर-गगनको सम्बन्धमा दरारको सुरुवात २० वैशाखमा इतरबाट सरकारमा मन्त्रीको नाम पठाउने विषयबाट सुरु भएको निकटहरू बताउँछन्। त्यसवेला इतरले तीन मन्त्री दाबी गरेको थियो। देउवा तयार भएपछि इतर समूहमा सहमतिअनुसार तीन नाम पठाइएको थियो। तर, कोइरालाले नाम बुझाउने अन्तिम समयमा थापालाई जानकारी दिएनन्।

इतरबाट मन्त्री बनाउनेको सूची बुझाएर कोइराला सिंगापुर गए। तीन नाम दिएकोमा देउवाले धनराज गुरुङ र डिगबहादुर लिम्बू गरी दुईलाई मात्रै मन्त्री बनाए। यहाँबाट शेखर-गगनको सम्बन्धमा शंका जन्मियो। यो घटनापछि थापाले कोइराला सभापति देउवासँग निकट भएको विश्लेषण गर्न थाले।

एक वर्षपछि कांग्रेसको केन्द्रीय समिति बैठक बस्दै थियो। तर, कोइरालाले आफ्नो समूहको भेला बोलाएनन्। तीन तहको निर्वाचनपछि बसेको बैठक इतरका लागि महत्त्वपूर्ण थियो। तर, २ देखि १० साउनसम्म बसेको केन्द्रीय समिति बैठकमा कोइरालाले इतरको भूमिका कमजोर बनाएको र थापाको प्रतिरक्षा नगरेको आरोप लागेको थियो। बैठकमा उनले महामन्त्रीको आलोचना गरे।

बैठकअघि कुनै प्रतिक्रिया दिएका थिएनन्। बैठकपछि कोइरालाले आफूमाथि लागेका आरोपको स्पष्टीकरण दिनुपऱ्यो। १८ साउनमा कोइरालाले सभापतिसँग नजिकिएको र महामन्त्री थापासँग टाढिएको विषयमा सत्यता नरहेको स्पष्टीकरण दिएका थिए।

१७ भदौमा महामन्त्री शर्मा र युवा नेता प्रदीप पौडेलसहित इतर समूहको भेला भएको थियो। तर, कोइराला सहभागी थिएनन्। पछिल्लो समय कोइराला महाधिवेशनकेन्द्रित समूह मिलाउन सक्रिय थिए। उनी विश्व र प्रदीपसमेतलाई समेटेर नयाँ समूह बनाउन चाहन्थे। पछिल्लो समय २ असोजमा कोइरालाले महामन्त्री शर्मा र नेता पौडेललाई बोलाएर बालुवाटारमा भेला गरेका थिए। तर, भेलामा महामन्त्री शर्मा र नेता पौडेल सहभागी भएनन्।

धादिङ जिल्ला सम्मेलन देउवा र थापा समूहद्वारा बहिष्कार

१८ कात्तिकमा भएको जिल्ला सम्मेलनमा सभापति शेरबहादुर देउवा र महामन्त्री गगन थापा समूहले बहिष्कार गरेको थियो। कांग्रेस धादिङका सभापति रामनाथ अधिकारी शेखर कोइराल समूहका नेता हुन्। उनी प्रतिनिधिसभा सदस्य छन्। शेखर कोइरालाले उद्घाटन गरेको सम्मेलन देउवानिकट केन्द्रीय सदस्य दिलमान पाखिन, र १४औँ अधिवेशनमाजिल्ला सभापतिमा पराजित भीमप्रसाद ढुंगाना र निवर्तमान सभापति थापानिकट रमेश धमलाको समूहले बहिष्कार गरेको थियो।

विवादमा पर्ने...

पृष्ठ १ बाट क्रमशः

कात्तिकमा मुद्दा दायर भएको थियो। सो मुद्दा हालसम्म २९ पटक पेसी चढेको जिल्ला अदालत काठमाडौंको अभिलेखले देखाउँछ। यस विषयमा शीघ्र फैसला गर्न भनी १५ फागुनमा सर्वोच्चबाट आदेश भएको थियो, तर सात महिना बित्दा पनि फैसला आएको छैन।

यी दुईजस्तै ठूला र चर्चित मुद्दाको न्यायाधीशले फैसला गर्न नचाहँदा ढिलाइ हुने गरेको छ। विशेषगरी चर्चित र विवादित मुद्दामा न्यायाधीशहरू फैसला दिन हिच्किचाउने गरेका छन्।

माथिका उदाहरण नै हेर्ने हो भने क्रिकेटर लामिछाने प्रतिवादी रहेको मुद्दामा असोज महिनामै दुईपटक पेसी चढ्यो। तर, बलात्कार आरोपित किशोरीको उमेर यकिन गर्नका लागि उनकी आमाको उमेर यकिन गर्न थप कागजात झिकाउने आदेश पछिल्लोपटक भएको छ। क्रिकेटर लामिछानेले गत वर्ष ५ भदौमा आफूलाई बलात्कार गरेको भनी एक किशोरीले २२ भदौमा गौशाला प्रहरीमा उजुरी दिएकी थिइन्। अनुसन्धानपश्चात् जिल्ला अदालत काठमाडौंमा गत वर्ष १४ कात्तिकमा जबर्जस्ती करणीको मुद्दा दायर भएको थियो।

अर्का निवेदक चलाउनेसम्बन्धी ज्यान मार्ने उद्योगको मुद्दा पनि तीन वर्षदेखि विचाराधीन छ। काठमाडौं जिल्ला अदालतका एक इजलास अधिकृत मिडिया ट्रायल र न्यायपरिषद्को राजनीतिक संरचनाका कारण न्यायाधीशहरूमा डर सिर्जना भएको बताउँछन्। 'मिडियामा मुद्दालाई प्रभावित बनाउने विभिन्न कुराहरू आइरहँदा न्यायाधीशहरूलाई केही अप्ठ्यारो महसुस हुनु स्वाभाविक हो। अझ न्यायपरिषद्ले कारबाहीमा काखा-पाखा गर्ने गरेको छ, यसले पनि न्यायाधीशको मनोबल घट्छ,' ती अधिकृतले भने।

काठमाडौं जिल्ला अदालत बारका अध्यक्ष अधिवक्ता आरसी विमल पनि कतिपय अवस्थामा न्यायाधीशलाई फैसलामा कठिनाइ हुने गरेको बताउँछन्। विभिन्न आदेश गरेर उनीहरू आफ्नो इजलासबाट मुद्दा पन्छाउँछन्। कारणबारे उनले भने, 'कतिपय महत्त्वपूर्ण मुद्दामा यो आदेश वा फैसला हुँदै छ भन्ने खालका समाचार प्रसारण/प्रकाशन हुँदा समाजले बुझ्ने धारणा फरक हुन्छ। समाजले अदालतमा पेस भएको प्रमाण कागजात हेर्दैन, समाचार हेर्छ। तर, अदालतले त प्राप्त प्रमाणका आधारमा फैसला गर्ने हो। यस्तोमा केही न्यायाधीशलाई विवादमा परिन्छ कि भन्ने डर त भइहाल्छ।'

यद्यपि, न्यायाधीश भइसकेपछि फैसला गर्न डराउन नहुने उनको भनाइ छ। साथै राजनीति जोडिएका विषय न्यायाधीशका लागि कठिनाइ हुने गरेको उनको भनाइ छ। 'कतिपय मुद्दाहरू राजनीतीकरण हुने गर्दा पनि कठिनाइ हुन्छ। सामान्य खालका मुद्दाभन्दा पनि राजनीतिक व्यक्तिसँग जोडिएका कारण राजनीतिक प्रभाव देखिन्छ,' अधिवक्ता विमलले भने, 'हामी कानुन व्यवसायी पनि कतै न कतै आबद्ध हुन्छौँ, राजनीतिक रूपमा जोडिएका हुन्छौँ, एउटा धारणा हुन्छ।'

मुद्दा टुंग्याउनेभन्दा पनि लम्ब्याउने वकिलको दाउ

पीडितहरू भने मुद्दा टुंग्याउनुको सट्टा सुनुवाइ अवधि लम्ब्याउन वकिलहरू नै लागिपर्दा न्याय पाउन कठिनाइ भएको बताउँछन्। ज्यान मार्ने उद्योगको मुद्दाका वादीपक्ष उपप्राध्यापक चलाउनेका अनुसार अदालतले विशेषज्ञ झिकाउने, चिकित्सकलाई बयानका लागि बोलाउने गर्दागर्दै मुद्दाको मूल विषयमा बहस हुँदैन।

'प्रतिवादीका वकिलहरू नै मुद्दामा बहस गर्दैनन्। तथ्य र अभियोगपत्र होइन, उनीहरू इजलासमा राजनीतिको विषयमा बोल्छन्,' चलाउनेले भने, 'पहिलोपटक मेडिसिटी र दोस्रोपटक शिक्षण अस्पतालमा गरी मेरो दुईपटक शल्यक्रिया भएको छ। त्यसकै रिपोर्ट ती डक्टरबाट तीनपटकसम्म माग्ने आदेश भएको छ। डाक्टरलाई पनि बयानका लागि बोलाएको छ। घाउ जाँच फाराम रिपोर्ट मगाइएको छ, जब कि ती डक्टरको राय इजलासमा पेस भइसकेको छ।'

वकिलहरू इजलासलाई सहयोग गर्नेभन्दा पनि मुद्दा लम्ब्याउने ध्याउन्नमा लागेको उनको आरोप छ। कहिले सर्वोच्चमा भ्याकेट छ भन्ने त कहिले के बहानामा बहस नगर्ने र गरे पनि फैसला नभई कुनै सामान्य आदेश माग्ने गरी बहस गर्ने गरेको चलाउनेले बताए। 'पटक-पटक रिपोर्ट झिकाउने अनि तिनमा केही फरक आयो कि अपराधी उम्काउन सकिन्छ भनेर उहाँहरू खेलिरहनुभएको छ,' चलाउनेले थपे।

काठमाडौं जिल्ला अदालतका एक इजलास अधिकृत प्रमाण कमजोर भएका पक्षले मुद्दा हार्नेजस्तो लाग्न थालेपछि विभिन्न निहुँमा मुद्दा लम्ब्याउने प्रयास गर्ने गरेको अनुभव सुनाउँछन्। साथै विगतका फैसला तथा आदेश हेर्दा न्यायाधीशले अनुकूल फैसला नसुनाउनेजस्तो देखिएमा पनि स्थगित गरिदिने गरेको उनले बताए। ती अधिकृतले भने, 'लयरहरू इजलासमा आएर के-के प्रमाण खोज्छन्, असम्बन्धित कुराहरू देखाउँदै मुद्दा लम्ब्याउँछन्। उनीहरूले न्यायाधीशको ज्युरिमेट्रिक्स स्टडी गरेका हुन्छन्, अनि सकभर मुद्दामा आदेश वा फैसला नहोस् भन्ने चाहन्छन्।'

उदाहरणमध्येकै क्रिकेटर लामिछाने प्रतिवादी रहेको मुद्दामा किशोरीका कानुन व्यवसायीले विभिन्न बहानामा मुद्दा लम्ब्याउन खोजिरहेका देखिन्छन्। फाइल हेर्न नभ्याइएको भनेपछि न्यायाधीशकै आग्रहमा यो मुद्दा स्थगित भएको मुद्दा पक्षका एक कानुन व्यवसायीले बताए। अर्कोपटक चैतमध्यमा पेसी परे पनि पुर्पक्षका लागि थुनामा पठाउने न्यायाधीश माधवप्रसाद घिमिरेको इजलासमा पऱ्यो। लामिछानेका कानुन व्यवसायीले उनले हेर्न नमिल्ने भनेर अन्तिममा स्थगित गरे।

इजलासलाई सहयोग गर्नुपर्ने दायित्व बोकेका कानुन व्यवसायी किशोरीको उमेरलाई विवाद बनाउँदै इजलाससँग विभिन्न आदेश माग्दै मुद्दा लम्ब्याउनतिर लागेको किशोरीका तर्फबाट मुद्दा हेर्ने एक कानुन व्यवसायी बताउँछन्। 'मुद्दा लम्ब्याउँदा प्रतिवादीलाई आफ्ना व्यक्तिगत काम गर्न सहज भयो। अर्को कुरा मुद्दालाई प्रभावित बनाउने ठाउँ पनि रहन्छ,' ती कानुन व्यवसायीले भने।

पूर्वन्यायाधीश चण्डीराज ढकाल भने न्यायाधीशहरूमा डर मात्र नभई अन्य विविध कारणले ढिलाइ हुने बताउँछन्। मुद्दाको चाप, प्रकृति, कानुन व्यवसायीहरूको संख्या, बहसजस्ता विषयले मुद्दाको फर्स्योटको समय निर्धारण गर्ने उनको भनाइ छ।

'अहिले दिनकै अर्को-अर्को न्यायाधीशकोमा पर्छ। यस्तोमा नयाँ न्यायाधीशले मुद्दाको तथ्य बुझ्न समय लाग्छ। वकिलहरूले लामो बहस गरेर, आफ्नो पक्षको नयाँ-नयाँ प्रमाण पेस गर्न खोज्छन्। नबुझी फैसला गर्न मिल्दैन,' पक्षलाई न्यायको सुनिश्चितता गर्न निकै ध्यानपूर्वक दुवै पक्षको कुरा सुन्नुपर्ने भन्दै पूर्वन्यायाधीश ढकालले भने, 'त्यसैले डरकै कारण पन्छाएको भन्न मिल्दैन। तर, अहिलेको वातावरण हेर्दा त्यस्तो नहोला भन्न सकिन्न।' न्यायपरिषद्को संरचना, क्रियाकलाप र बाहिर मुद्दाका विषयमा हुने गरेका गतिविधि तथा समाचारले न्यायाधीशको मनोबलमा असर गर्ने ढकालको भनाइ छ। राम्रोसँग अनुसन्धान भए-नभएको, आवश्यक प्रमाण पेस भए-नभएकोजस्ता विषय हेरेर मात्र न्यायाधीशले फैसला गर्नुपर्ने भएका कारण न्यायाधीशमाथि भरोसा गर्नुपर्ने उनको भनाइ छ।

सानिमा बैंक लिमिटेड, शाखा कार्यालय बेलबारीको तपसिलमा उल्लेखित ऋणीको धितोमा रहेको सम्पत्तीको लिलाम बिक्री हुने सम्बन्धी १५ दिने सार्वजनिक सूचना

तपसिलमा उल्लेखित ऋणीले यस बैंकबाट लिएको कर्जाको बैंकसँग गरेको सम्झौता बमोजिम बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, किस्ता, हर्जाना ब्याज लगायत अन्य बुझाउनु पर्ने सम्पूर्ण दैदस्तुर आदि रकम नतिरी, नबुझाई कर्जा सम्बन्धी शर्त बन्देजहरू उल्लङ्घन गरेको र बैंकबाट पटक पटक मौखिक तथा लिखित तर ताकेता गर्दा समेत कर्जा चुक्ता नगरेकाले **मिति २०८० साल जेठ महिना ०१ गतेको "नयाँ पत्रिका"** राष्ट्रिय दैनिकमा सम्पूर्ण कर्जा चुक्ता भुक्तान गर्ने बारे ३५ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत कर्जा चक्ता भुक्तान गर्ने तर्फ ऋणीले कुनै चासो नदेखाएकोले **मिति २०८० साल असार महिना १८ गतेको "नयाँ पत्रिका"** राष्ट्रिय दैनिकमा धितो लिलाम बिक्री गर्ने सम्बन्धी २१ दिने सूचना प्रकाशित गर्दा समेत कर्जा चुक्ता भुक्तान नभएको हुँदा धितो सुरक्षणमा रहेको तपसिलमा उल्लेखित सम्पत्ती जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ ले दिएको अधिकार प्रयोग गरी धितो लिलाम बिक्री गरिने भएको हुँदा ईच्छुक महानुभावहरूको जानकारीको लागि यो गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना प्रकाशित गरिएको छ । धितोमा रहेको सम्पत्ती खरिद गर्न चाहानु हुने ईच्छुक महानुभावहरूले तल उल्लेखित शर्त बन्देजहरूको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र यस बैंकको केन्द्रीय कार्यालय नक्साल, काठमाण्डौमा वा अन्य शाखा कार्यालयहरूमा पेश गर्नुहुन आव्हान गरिन्छ । साथै, तपसिल बमोजिमको धितो सुरक्षणमा रहेको सम्पत्ती लिलाम बिक्री नभएमा प्रचलित कानून तथा बैंकको नियमानुसार सो सम्पत्तीको स्वामित्व बैंक आफैले सकार गरी लिन सक्नेछ । धितो लिलाम बिक्री गर्दा वा बैंकले आफै सकार गरेर लिंदा साविकमा बैंकबाट भएको मूल्यांकन भन्दा कम मूल्यमा लिलाम बिक्री भयो वा मेरो/हाम्रो सम्पत्तीको उचित मूल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरी लिएको बदर गरी पाँऊ भनि कहीं कतै उजुर बाजुर गर्न पाउनु हुने छैन । साथै धितो बन्धकीमा रहेको सुरक्षण सम्पत्ती बिक्री गर्दा पनि यस बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा ऋणी तथा व्यक्तिगत जमानीकर्ताको घर घरानाको अन्य चल अचल श्रीसम्पत्तीबाट लेना रकम असुल उपर गरीने व्यहोरा समेत सम्बन्धित सबैलाई यसै सूचनाबाट जानकारी गराईन्छ ।

यसै सूचनालाई आधार मानी सम्बन्धित ऋणी तथा जमानतकर्ता तथा सम्बद्ध व्यक्ति समेतले सम्पत्ती लिलाम हुने दिन भन्दा अगाावै बैंकमा उपस्थित भई आफुले बुझाउनु पर्ने सम्पूर्ण बाँकी बक्यौता चुक्ता भुक्तान गरी कर्जा राफसाफ गरेमा लिलामी कार्य रोक्न सकिने व्यहोरा समेत जानकारी गराईन्छ ।

तपसिलः

ऋणीको नाम र ठेगाना :

नेपाल सरकार, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य विभाग, वाणिज्य कार्यालय विराटनगरमा प्रा.फा.र.नं. २३४५०/०६७ कायम भई मिति २०६७/१०/२० मा दर्ता भएको मोरङ्ग जिल्ला, बयरबन गा.वि.स वडा नं. ८ रमाइलो स्थित **डिल्ली किराना पसल...१**

व्यक्तिगत जमानतकर्ताको नाम, थर र ठेगाना :

ब्रम्हलाल सिटौलाको नाति, रघुनाथ सिटौलाको छोरा, मोरङ्ग जिल्ला, बयरबन गा.वि.स वडा नं. ७ बस्ने **डिल्ली प्रसाद सिटौला...१**

नर प्रसाद चापागाईको छोरी, डिल्ली प्रसाद सिटौलाको श्रीमती ताप्लेजुङ्ग जिल्ला, फुलबारी गा.वि.स वडा नं. ७ बस्ने **इन्दिरा चापागाई...१**

धितो सुरक्षणको विवरण :

डिल्ली प्रसाद सिटौलाको नाममा मालपोत कार्यालय बेलवारीमा दर्ता श्रेस्ता कायम रहेको मोरङ्ग जिल्ला, बयरवन गा.वि.स/न.पा वडा नं. ८ को कित्ता नं. ११३ र ४३८ को ०-३-० र ०-७-० (वि-क-धु) क्षेत्रफल रहेको जग्गा र सो जग्गाले चर्चेको सम्पूर्ण लिग लगापात समेत ।

लिलाम बिक्री सम्बन्धी अन्य शर्त तथा बन्देजहरूः

१. बोलपत्र आवेदन फाराम यस बैंकको केन्द्रीय कार्यालय नक्साल काठमाण्डौ वा अन्य शाखा कार्यालयहरूबाट रू. ५००/- बुझाई (पछि फिर्ता नहुने) प्राप्त गर्न सकिनेछ ।
२. बोलपत्र फारममा आफूले बोलकबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नु पर्नेछ ।
३. बोलपत्रसाथ आफूले कबोल गरेको अंकको कम्तीमा १० (दश) प्रतिशत रकम यस बैंकको खाता नं. ००१०१३५१५०००००१ मा जम्मा गरेको सक्कल भौचर शिलबन्दी खाम भित्र राखि पेश गर्नु पर्नेछ ।
४. बोलपत्र खोलिने दिन सार्वजनिक बिदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिनमा यस बैंकको, केन्द्रीय कार्यालय, काठमाण्डौमा दिनको ३.०० बजे प्रतिनिधिहरूको रोहबरमा खोलिने छ । तर सबै प्रतिनिधिहरूको उपस्थिति नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।
५. उल्लेखित चल/अचल सम्पत्तीको बारेमा आवश्यक जानकारी चाहिएमा कार्यालय समय भित्रमा यस बैंकको केन्द्रीय कार्यालय नक्साल वा शाखा कार्यालय बेलबारीमा सम्पर्क गर्न सकिने छ ।
६. बोलपत्र स्वीकृत भएको सूचना पाएको मितिले १५ दिन भित्र कबोल गरेको सम्पूर्ण रकम बुझाई सम्पत्ती आफ्नो नाममा नामसारी गरि लिनु पर्नेछ । सो म्यादभित्र रकम जम्मा नगरेमा बोलपत्र रद्द भई धरौटी रकम स्वतः जफत हुनेछ ।
७. नामसारी गर्दा सम्बन्धित मालपोत कार्यालय तथा अन्य कार्यालयमा लाग्ने सम्पूर्ण शुल्क, दस्तुर, कर तथा अन्य जरिवाना स्वयम् बोल कबोल कर्ताले नै व्यहोर्नु पर्नेछ ।
८. कुनै शर्त राखी पेश गरेको वा रीत नपुगी वा म्याद नाघी पेश हुन आएको बोलपत्र स्वतः रद्द हुनेछ ।
९. बोलपत्र दाखिल भइसकेपछि बोलपत्रमा उल्लेखित रकम वा शर्तमा कुनै हेरफेर हुने छैन । साथै बोलपत्र स्वीकृत कवा अस्वीकृत हुने टुङ्गो नलागेसम्म धरौटी रकम फिर्ता हुने छैन ।
१०. इच्छुक व्यक्ति/कम्पनी/संस्थाहरूले २०८० साल मंसिर महिना १८ गते कार्यालय समयभित्र बोलपत्र फारम बुझाई सक्नुपर्नेछ ।
११. बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने लगायत लिलाम बिक्री सम्बन्धी सम्पूर्ण अधिकार बैंकमा नै सुरक्षित रहनेछ ।

लिलाम हुने/गोप्य शिलबन्दी बोलपत्र खोल्ने मिति, समय र स्थान :

मिति : २०८० साल मंसिर महिना २१ गते ।
स्थान : सानिमा बैंक लिमिटेड, केन्द्रीय कार्यालय, काठमाण्डौ ।
समय : दिनको ३.०० बजे ।

सानिमा बैंक
www.sanimabank.com

'अलकापुरी', नक्साल, काठमाण्डौ, नेपाल फोनः +९७७-१-५९७००३३, फ्याक्सः +९७७-१-४४२८९६९, ईमेलः sanima@sanimabank.com

कुमारी बैंक लिमिटेड शाखा कार्यालय बाग्लुङ्गको तपसिलमा उल्लेखित ऋणीलाई ऋणकर्जा चुक्ता भुक्तान गर्ने ३५ दिने सूचना

(प्रकाशित मिति २०८०/०८/०४ गते नयाँ पत्रिका दैनिक)

यस कुमारी बैंक लिमिटेड शाखा कार्यालय बाग्लुङ्गबाट तपसिलमा उल्लेखित ऋणीले प्राप्त गरेको ऋणकर्जाको बैंकलाई तिर्नु बुझाउनुपर्ने साँवा, ब्याज आदि चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत ऋणकर्जा चुक्ता भुक्तान नगरेकोले ऋणकर्जा चुक्ता भुक्तान गर्न यो ३५ दिने सार्वजनिक सूचना जारी गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिन भित्र यस शाखा कार्यालयमा सम्पर्क राखी प्राप्त ऋणकर्जाको सम्पूर्ण साँवा, ब्याज आदि चुक्ता भुक्तान गर्नुहोला । अन्यथा ऐन कानुन बमोजिम धितो लेखिदिएको चल अचल श्रीसम्पत्तिहरु लिलाम बिक्री गरी वा अन्य कानुनी कारवाही अवलम्बन गरी बैंकको लेना रकम असुल उपर गरिनुका साथै **कर्जा सूचना केन्द्र लिमिटेडको कालोसूचि**मा नाम समावेश गरिने व्यहोरा समेत यसै सूचनाबाट जानकारी गराईएको छ । साथै उल्लेखित ऋणीले प्राप्त गरेको ऋणकर्जाको सुरक्षण बापत व्यक्तिगत जमानी दिने व्यक्तिहरुलाई समेत उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै म्यादै भित्र कर्जा भुक्तानी गर्नु गराउनु हुन सूचित गरिएको छ । अन्यथा तहांहरुलाई समेत **कर्जा सूचना केन्द्र लिमिटेडको कालोसूचि**मा नाम समावेश गर्ने तर्फ कारवाही गरिने व्यहोरा यसै सूचनाबाट जानकारी गराइएको छ ।

तपसिल

ऋणीको विवरण

दिल बहादुर राना/कलावती रानाको नातिनी, डम्मर बहादुर राना/कौशिला रानाको छोरी, पदम बहादुर थापा/गंगा थापाको बुहारी, दानु थापाको पत्नी, बाग्लुङ्ग जिल्ला, जैमिनी नगरपालिका वडा नं. १०(साबिक बाग्लुङ्ग जिल्ला, राङ्खानी गा.वि.स वडा नं.७) स्थायी ठेगाना भई हाल बाग्लुङ्ग जिल्ला बाग्लुङ्ग नगरपालिका वडा नं. १ बस्ने **राधा राना** (ना.प्र.नं. ५०१०३१/४१९६, जारी मिति २०६४/११/०१, जिल्ला प्रशासन कार्यालय बाग्लुङ्ग) ।

व्यक्तिगत जमानीकर्ताहरुको विवरणः

१. डिल बहादुर थापा/पुर्णकला थापाको नाति, पदम बहादुर थापा/ गंगा थापाको छोरा, राधा रानाको पती, बाग्लुङ्ग जिल्ला जैमिनी नगरपालिका वडा नं. ८ (साबिक बाग्लुङ्ग जिल्ला छिस्ती गा.वि.स वडा नं. ५) स्थायी ठेगाना भई हाल बाग्लुङ्ग जिल्ला बाग्लुङ्ग नगरपालिका वडा नं. १ बस्ने **दानु थापा** (ना.प्र.नं. ५०१०३०/११३५८, जारी मिति २०६५/१२/०६, जिल्ला प्रशासन कार्यालय बाग्लुङ्ग) ।
२. रण बहादुर थापा/शोभा थापाको नाति, डिल बहादुर थापा/पुर्णकला थापाको छोरा ,गंगा थापाको पती, बाग्लुङ्ग जिल्ला जैमिनी नगरपालिका वडा नं. ८ (साबिक बाग्लुङ्ग जिल्ला, छिस्ती गा.वि.स वडा नं. ५) बस्ने **पदम बहादुर थापा** (ना.प्र.नं. ९५४३ धौ/१३६०, जारी मिति २०४५/०१/२६, जिल्ला प्रशासन कार्यालय बाग्लुङ्ग) ।
३. टिकाराम थापा/वल्लरी थापाको नातिनी, हिमान सिंह थापा/सरस्वती थापाको छोरी, डिल बहादुर थापा/पुर्णकला थापाको बुहारी, पदम बहादुर थापाको पत्नी, बाग्लुङ्ग जिल्ला, जैमिनी नगरपालिका वडा नं. ८ (साबिक बाग्लुङ्ग जिल्ला छस्ती गा.वि.स वडा नं. ५) बस्ने **गंगा थापा** (ना.प्र.नं. ५०३०३०/७१२, जारी मिति २०६३/११/३०, जिल्ला प्रशासन कार्यालय बाग्लुङ्ग) ।

धितो सुरक्षणको विवरणः

१. **दानु थापा**को नाममा मालपोत कार्यालय बाग्लुङ्गमा दर्ता कायम रहेको बाग्लुङ्ग जिल्ला, छिस्ती गा.वि.स वडा नं.४ स्थित कित्ता नं. १०५८ र १०६४ को क्षेत्रफल क्रमश ४-२-३-० र ५-८-०-० (रो.आ.पै.दा.) को घर/जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत ।
२. **पदम बहादुर थापा**को नाममा मालपोत कार्यालय बाग्लुङ्गमा दर्ता कायम रहेको बाग्लुङ्ग जिल्ला, छिस्ती गा.वि.स वडा नं.५ स्थित कित्ता नं. १८१, १८६, १८७, १८८, ९५५, २६१ र २५९ को क्षेत्रफल क्रमश २-२-२-२, ३-१३-०-०, ८-१०-०-१, ३-५-३-३, ३-४-०-३ ,१-९-१-१ र ०-११-१-१ र ऐ.ऐ. वडा नं. ४ स्थित कित्ता नं. १०६० को क्षेत्रफल ५-११-०-१ (रो.आ.पै.दा.) को घर/जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत ।

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि

शाखा कार्यालय बाग्लुङ्ग फोन नं. ०६८-५२२४७२

एक घन्टा...

पृष्ठ १ बाट क्रमशः

खान्थ्यौँ पनि। अहिले घुम्न आउने मान्छेका कारण फोहोर भएको छ। यो पानी खान सकिँदैन,' राई भन्छिन्, 'गाईवस्तु भने यही पोखरीको पानी खान्छन्।' दैनिक पानी बोकेर खानुपर्दा महिलालाई झनै सास्ती रहेको स्थानीय मनीषा राई बताउँछिन्। 'पानी हामी महिलाले नै बोकेर ल्याउनुपर्छ। दैनिक तीनपटकसम्म पानी बोक्नुपर्छ,' उनी भन्छिन्, 'पाहुना आए भने त झन् धेरै पानी बोक्नुपर्छ।'

मधुमल्ला बजारनजिक भए पनि यो चुरे क्षेत्र विकट छ। ग्राभेल सडकमा पनि हिउँदमा मात्र गाडी चल्छन् बर्खामा बाढीपहिरोले सडक अवरुद्ध हुन्छ। मोरङ निर्वाचन क्षेत्र नम्बर १ मा पर्ने यो गाउँमा हरेकपटक चुनावमा नेताहरूले गाउँमै धारा पुऱ्याउने वाचा गर्छन्। तर, अहिलेसम्म वाचा पूरा भएको छैन। स्थानीय शम्भु राईका अनुसार यहाँका स्थानीयले दशकौँअघि श्रमदान गरेर गाउँमा धारा जोडेका थिए। तर, धारामा पानी नै आएन।

मिक्लाजुङ-२ का वडाध्यक्ष बलबहादुर श्रेष्ठले चुलीपोखरीका बासिन्दालाई पानी खुवाउने गरी काम भइरहेको बताए। मिक्लाजुङ-१ स्थित रमिते मुहानबाट पानी ल्याउने गरी काम भइरहेको उनले बताए। 'संघ सरकारले गत वर्ष २२ लाख रुपैयाँ दिएको थियो। यो वर्ष १५ लाख बजेट विनियोजन गरेको छ,' उनले भने, 'पुराना धारा र ट्यांकी छन्। अब केही ठाउँमा ट्यांकी बनाएर पाइप बिछ्याएर पानी ल्याउँछौँ। सम्भवतः यो वर्ष पानी खुवाउँछौँ।'

पुरानो बजार मधुमल्लादेखि झन्डै डेढ घण्टा लाग्ने चुलीपोखरीमा ४५-५० घरको बस्ती छ। त्यो गाउँसम्म कच्ची सडक भर्खर बन्दै छ। हिउँदमा मोटरसाइकल पुग्ने भए पनि बर्खामा सडक सधैँ बिग्रन्छ। यहाँ स्थानीय पैदल हिँडेर मधुमल्लासम्म पुग्ने गरेका छन्। गाउँमा एक वर्षअघि बिजुली आयो।

तर, खानेपानी र विद्यालयको पहुँचबाट यहाँका नागरिक बाहिर छन्। गाउँमा कक्षा-३ सम्मको विद्यालय छ। त्यसपछि झन्डै दुई घण्टा हिँडेर कक्षा-८ सम्म भएको कुवापानीको विद्यालय जानुपर्ने बाध्यता छ। 'कक्षा-३ पढिसकेपछि दुई घण्टा जंगलको बाटो हिँडेर कुवापानी जानुपर्छ। मेरो भदै पनि कक्षा-६ मा पढ्छ। बिहान ८ बजे नै पठाउँछु। बेलुका ६ बजे मात्र आइपुग्छ,' स्थानीय मनीषा राईले भनिन्, 'अब ८ कक्षा पढिसकेपछि मधुमल्लामा भाडामा राखेर पढाउनुपर्ने बाध्यता छ। गाउँमा स्कुल नहुँदा समस्या छ।'

गाउँमा विद्यालय नभएपछि चुलीपोखरीकी सबिना राई मधुमल्लामा डेरा गरेर कक्षा- १२ मा पढ्दै आएकी छिन्। गाउँमै विद्यालय भएको भए उनी घरको काम गरेर पढ्ने थिइन्। 'गाउँमा ३ कक्षासम्म मात्र छ। त्यसपछि दुई घण्टा हिँडेर कुवापानी गएर कक्षा-८ सम्म पढेँ। त्यसपछि मधुमल्लामा डेरा बसेर पढ्दै आएकी छु,' उनी भन्छिन्, 'घरबाट टाढा पनि भइयो। डेरामा बसेपछि खर्च धान्न पनि उस्तै मुस्किल छ।'

मिक्लाजुङ- २ का वडाध्यक्ष बलबहादुर श्रेष्ठले चुलीपोखरीमा विद्यालयको ठूलो समस्या रहेको बताए। गाउँका बालबालिका मधुमल्लामा डेरा राखेर पढाउने गरिएको बताए। 'विद्यालयको सबैभन्दा ठूलो समस्या छ। घरको एकजना मान्छे छोराछोरी पढाउन मधुमल्ला झरेका छन्। त्यहाँ डेरा गरेर पढाउँदै आएका छन्,' उनले भने।

वीरमा साढे दुई महिनादेखि थन्कियो ४० करोडको 'टोमोथेरापी'

प्राविधिक जनशक्ति अभाव र इमोलाइजर उपकरण खरिद नगर्दा सञ्चालनमा आउन नसकेको अस्पतालको भनाइ


शिवहरि घिमिरे/नयाँ पत्रिका

क्यान्सरको उपचार गर्ने संसारकै अत्याधुनिक उपकरण 'टोमोथेरापी' साढे दुई महिनादेखि वीर अस्पतालमा अलपत्र छ। तत्काल सञ्चालन गर्ने भनेर हतारमा खरिद गरिएको विकिरणमार्फत बिरामीको उपचार गर्ने मेसिन प्राविधिक जनशक्ति अभाव र इमोलाइजर उपकरण खरिद नगर्दा हालसम्म पनि सञ्चालनमा नआएको हो।

१८ भदौमा सप्लायर्स कम्पनी लाइफलाइन ट्रेड सप्लायर्सले अकुरे कम्पनीको नयाँ 'टोमोथेरापी' अस्पताललाई हस्तान्तरण गरेको थियो। तर, प्राविधिक जनशक्ति अभावको समस्या देखाउँदै अस्पताल प्रशासनले हालसम्म पनि सञ्चालन गर्न सकिरहेको छैन। क्यान्सरको ट्युमरमा मात्र विकिरण फाल्ने टोमोथेरापी सञ्चालन गर्न रेडियोथेरापी टेक्निसियन चाहिन्छ। तर, नेपालमा यो विषयमा पढाइ नै हुँदैन भने विदेशमा पढेर आएका जनशक्ति पनि छैनन्। अस्पताल प्रशासनले भारतबाट जनशक्ति ल्याएर मेसिन सञ्चालन गर्ने तयारी गरेको छ।

यस्तो प्रकारको मेसिन नेपालमा पहिलोपटक प्रयोग गर्न लागिएको हो। यसबाहेक प्रशासनले यहीं भएका केही रेडियोग्राफरलाई तालिम दिएर चलाउने तयारी पनि गरिरहेको छ। तर, त्यसरी सञ्चालन गर्दा प्राविधिक समस्या हुने भएकाले भारतबाट जनशक्ति ल्याउन तयारी भइरहेको प्रशासनले जनाएको छ। चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान (न्याम्स)का प्रमुख प्रा.डा. भूपेन्द्र बस्नेतले यो मेसिन चलाउन चारजना रेडियोग्राफर, दुईजना मेडिकल फिजिसिस्टर, रेडियसन अंकोलोजिस्ट र पाँचजना अन्य चिकित्सक चाहिने बताउँदै जनशक्ति जोहो गर्ने कार्य भइरहेको जानकारी दिए। 'यो मेसिन फुलफेजमा चलाउन जनशक्ति धेरै चाहिन्छ,' उनले भने, 'हामीसँग रेडियोथेरापी टेक्निसियन छैनन्, विदेशी प्राविधिकमार्फत तालिम दिलाएर रेडियोग्राफरबाटै काम चलाउँछौं।'

शरीरका भित्री कोष तथा नलीहरूमा हुने सूक्ष्म क्यान्सरको समेत उपचारमा यो मेसिन निकै प्रभावकारी मानिन्छ। यो रेडियोथेरापीभन्दा फरक छ। यो उपकरणबाट निस्किने विकिरण (रेडिएसन)ले क्यान्सर लागेको ठाउँका सेलहरू मात्रै मार्छ। यसले कपालको रौँबराबरको कोषहरूलाई छुट्याएर क्यान्सर लागेको र नलागेको वर्गीकरण गर्न सक्छ भने यसको प्रयोग गर्दा क्यान्सरले नछोएका सेलहरू मर्ने सम्भावना नहुने चिकित्सकहरूको भनाइ छ। तर, रेडियोथेरापीमा क्यान्सर लागेको ठाउँमा विकिरण पठाउँदा अन्य ठाउँका सेल पनि मार्ने धेरै सम्भावना हुन्छ। रेडियो



थेरापीमा कतिपय अवस्थामा क्यान्सर निको भएको ठानिए पनि फेरि ब्युँतिने डर हुने गरेको छ।

नेपालमै पहिलोपटक खरिद गरिएको टोमोथेरापी मेसिनको कथा लामो छ। सुरुमा ०७५ मै यो मेसिन ल्याइए पनि जडान हुन सकेन। त्यसपछि बलम्बुस्थित सशस्त्र प्रहरी अस्पतालको चौरमा थन्क्याइएको थियो। वीरमा हाल रेडिएसन अंकोलोजिस्ट चारजना र मेडिकल फिजिस्टर दुईजना छन्। वीरका निर्देशक डा. सन्तोष पौडेलले पार्टपुर्जा फिटिङको कार्य भइरहेको बताए। त्यसपछि भारत तथा सप्लायर्स कम्पनीबाट जनशक्ति ल्याएर विकिरणबारे मापदण्ड हेरिने भएको छ।

बिग्रिएपछि वीरमा रेडियोथेरापी सेवा पूर्णरूपमा बन्द छ। कोबाल्ट बिग्रिएको तीन वर्षपछि ०७५ भदौमै ४० करोडको 'टोमोथेरापी' काठमाडौं ल्याए पनि कोबाल्ट हटाउन नसक्दा उक्त मेसिन बलम्बुस्थित सशस्त्र प्रहरी अस्पतालको चौरमा थन्क्याइएको थियो। वीरमा हाल रेडिएसन अंकोलोजिस्ट चारजना र मेडिकल फिजिस्टर दुईजना छन्। वीरका निर्देशक डा. सन्तोष पौडेलले पार्टपुर्जा फिटिङको कार्य भइरहेको बताए। त्यसपछि भारत तथा सप्लायर्स कम्पनीबाट जनशक्ति ल्याएर विकिरणबारे मापदण्ड हेरिने भएको छ।



● **प्रा.डा. भूपेन्द्र बस्नेत,** प्रमुख, चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान (न्याम्स)

यो मेसिन फुलफेजमा चलाउन जनशक्ति धेरै चाहिन्छ। हामीसँग रेडियोथेरापी टेक्निसियन छैनन्, विदेशी प्राविधिकमार्फत तालिम दिलाएर रेडियोग्राफरबाटै काम चलाउँछौं।



● **टीकाराम पनेरू,** मेडिकल स्टोर प्रमुख वीर अस्पताल

यो मेसिन थन्क्याएर राख्नुहुन्न। तर, मेसिन सञ्चालनका लागि ५० लाख पर्ने उपकरण चाहिने रहेछ। उक्त उपकरण खरिदको टेन्डर नै गर्न बाँकी छ, त्यसैले अझै तीन-चार महिना मेसिन सञ्चालनमा आउँदैन। यो मेसिन सञ्चालनमा ल्याउँदा क्यान्सरका सयौं बिरामीलाई राहत मिल्छ। यो मेसिनको लाभ वीरका क्यान्सरका बिरामीले मात्रै नभएर अन्य अस्पतालमा उपचार गराइरहेका बिरामीले पनि लिन सक्छन्।

■ सञ्चालन गर्न अझै तीन-चार महिना लाग्न सक्ने

अस्पतालका मेडिकल स्टोर प्रमुख टीकाराम पनेरूले अझै तीन-चार महिना मेसिन सञ्चालनमा नआउने बताए। 'यो मेसिन थन्क्याएर राख्नुहुन्न। तर, मेसिन सञ्चालनका लागि ५० लाख पर्ने उपकरण चाहिने रहेछ। उक्त उपकरण खरिदको टेन्डर नै गर्न बाँकी छ, त्यसैले अझै तीन-चार महिना मेसिन सञ्चालनमा आउँदैन,' उनले भने, 'यो मेसिन सञ्चालमा ल्याउँदा क्यान्सरका सयौं बिरामीलाई राहत मिल्छ। यो मेसिनको लाभ वीरका क्यान्सरका बिरामीले मात्रै नभएर अन्य अस्पतालमा उपचार गराइरहेका बिरामीले पनि लिन सक्छन्।'

टोमोथेरापी सञ्चालनका लागि नभई नहुने इमोलाइजर उपकरण हालसम्म पनि खरिद भएको छैन। उक्त उपकरण खरिदविना टोमोथेरापी मेसिन सञ्चालन गर्न सम्भव नै हुन्न। इमोलाइजरले टोमोथेरापी गर्ने विरामीको क्यान्सरग्रस्त क्षेत्रको मार्किङ गर्ने काम गर्छ। अर्थात् यसले लक्षित क्षेत्रमा विकिरण पठाउन मद्दत गर्छ। यसले थेरापीको प्रभावकारिता बढाउन र नजिकका अंग वा तन्तुलाई क्षति पुऱ्याउने जोखिम कम गर्न सक्छ। इमोलाइजर मेसिनको मूल्य ५० लाख रुपैयाँ पर्छ। त्यसकारण मेसिन सञ्चालन गर्न समय लाग्ने अस्पतालका

भूकम्प प्रभावित नागरिकको जीवन रक्षाका लागि एमालेको ध्यानाकर्षण

नयाँ पत्रिका

एमालेले भूकम्प प्रभावित जाजरकोट र पश्चिम रुकुमका नागरिकको जीवन रक्षाका लागि अविलम्ब उचित प्रबन्ध गर्न सरकारको ध्यानाकर्षण गराएको छ। पुनर्स्थापनाको काममा सरकारले उदासीनता देखाएका कारण पछिल्लोपटक भूकम्प प्रभावित जाजरकोटका दशजना नागरिकको मृत्यु भएको आरोप लगाउँदै एमालेले आइतबार अविलम्ब उचित प्रबन्धका लागि सरकारको ध्यानाकर्षण गराएको हो।

'भूकम्प प्रभावित जिल्ला जाजरकोटमा समयमा उपचार नपाएर १० जना भूकम्पपीडितको मृत्यु भएको घटनाप्रति हाम्रो पार्टीको गम्भीर ध्यानाकर्षण भएको छ। सरकारले वृद्ध, दीर्घरोगी, बालक, महिला, सुत्केरीलाई समयमा आवास, उपचार उपलब्ध गराउन नसक्दा दुःखद घटना भएको छ,' प्रचार तथा प्रकाशन विभागका प्रमुख राजेन्द्र गौतमले विज्ञप्तिमा भनेका छन्, 'हाम्रो पार्टी समयमा उपचार नपाएर मृत्यु हुने नागरिकप्रति भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्दछ र सरकारलाई अविलम्ब नागरिकको जीवन रक्षाका लागि उचित प्रबन्ध गर्न जोडदार माग गर्दछ।'

चिसोका कारण अहिलेसम्म जाजरकोटमा बारेकोट गाउँपालिका-१ रामीडाँडाका डुमे पुन, भेरी नगरपालिका- २ का ८८ वर्षीय धुलेश्वर कार्की, बारेकोट गाउँपालिका- ४ जिरीका नरेन्द्रबहादुर सिंह, नलगाड नगरपालिका- ४ का ८४ वर्षीय गोपालबहादुर रावल, नलगाड ४ कि ४८ वर्षीय पम्फा रावलको मृत्यु भएको छ। त्यस्तै, बारेकोट गाउँपालिका बयालाका ६० वर्षीय कर्णवीर विक, बारेकोट- ६ ताँसीका ५५ वर्षीय वीरबहादुर विक, जुनीचाँदे गाउँपालिका- ४ लुहादहकी ८९ वर्षीया सुगिली नेपाली, छेडागाड नगरपालिका-१३ थानवाडाकी ५६ वर्षीया मनसरी कामी र भेरी नगरपालिका- ४ तल्याउनका केशव भँडेलको पनि मृत्यु भएको छ।

■ ११ सय स्वयंसवेक टहरा निर्माणका लागि प्रस्थान

भूकम्प प्रभावित स्थानमा भग्नावशेष व्यवस्थापन र अस्थायी घरटहरा निर्माणमा केन्द्रित रहने गरी एमालेका ११ सय स्वयंसेवक टोली आवश्यक सामग्रीसहित काठमाडौंबाट त्यसतर्फ प्रस्थान गरेको छ। केन्द्रीय सदस्य किरण पौडेल नेतृत्वको टोली जाजरकोटतर्फ प्रस्थान गरेको हो। पौडेलसहितको टोलीलाई एमाले अध्यक्ष केपी ओली र महासचिव शंकर पोखरेलले टहरा निर्माणमा प्रयोग हुने सामान र आवश्यक बन्दोबस्तीका सामग्रीसहित बिदाइ गरेका छन्। एमालेले परिचालन गरेको जिफन्ट र लुम्बिनी प्रदेशको टोली पनि जाजरकोटमा पुनर्स्थापनाको काममा खटिरहेको छ। २५ जनाको दरले विभाजन गरिने ४० टुकडीद्वारा विभिन्न ४० स्थानमा एकैसाथ स्वयंसेवकले श्रमदान गर्ने केन्द्रीय सदस्य पौडेलले बताए।

माओवादी र नेसपाबीच एकता प्रक्रिया अघि बढ्यो

काठमाडौं/ माओवादी र नेपाल समाजवादी पार्टीबीच एकता प्रक्रिया अघि बढेको छ। आइतबार बसेको दुवै पार्टीको वार्ता समितिको बैठकले पार्टी एकता संयोजन समिति गठन गर्न सुझाव दिने निर्णय गरेको छ। माओवादी वार्ता समिति संयोजक कृष्णबहादुर महरा र नेसपा वार्ता समिति संयोजक गंगानारायण श्रेष्ठले पार्टी केन्द्रलाई सुझाव दिने निर्णय गरेका हुन्। 'बैठकमा पार्टी एकताका लागि दुवै पार्टी केन्द्रलाई पार्टी एकता संयोजन समिति गठन गर्न सुझाव दिने साथै उक्त पार्टी एकता संयोजन समितिले दुवै पार्टीले उठाइरहेका वैचारिक र नीतिगत विषयमा छलफल गरी सहमतिका आधारमा अगाडि बढ्ने र पार्टीको विधान, नाम, संगठनात्मक संरचना, चुनाव चिह्नलगायत विषयमा पार्टी एकता संयोजन समितिले सहमति गरेअनुरूप अगाडि बढ्ने गरी दुवै पार्टीलाई सुझाव दिने निर्णय गरियो,' आइतबार जारी वक्तव्यमा भनिएको छ। बैठकमा वार्ता समितिको विगतको गतिविधिबारे रिपोर्टिङ भएको थियो।

संक्षेप

बाघको आक्रमणबाट ममताको मृत्यु

बर्दिया/ बर्दियामा पाटेबाघको आक्रमणमा परी एक महिलाको मृत्यु भएको छ। राजापुर नगरपालिका- १० सुकुम्बासी टोलकी २४ वर्षीया ममता सुनारको बाघको आक्रमणबाट मृत्यु भएको हो। उनलाई आइतबार घरनजिकै बाटोमा बाख्रा चराउँदै गर्दा बाघले आक्रमण गरेको जिल्ला वन कार्यालयका सहायक वन अधिकृत द्रोणराज शर्माले बताए। बाघले आक्रमण गरेपछि तत्काल उद्धार गरी सुनारलाई बर्दिया अस्पताल लैजाँदै गर्दा बाटोमै उनको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय बर्दियाले जनाएको छ। उनलाई आक्रमण गरेको स्थान नेपाल-भारत सिमानानजिक पर्दछ। पछिल्लो समय नेपाल-भारत सीमा क्षेत्र, खाता जैविक मार्ग र बर्दिया राष्ट्रिय निकुञ्ज क्षेत्रमा बाघको आक्रमण बढ्दै गएको छ। यसअघि गत १७ कात्तिकमा मधुवन नगरपालिका- ५ बस्ने २८ वर्षीया सिर्जना डाँगीको बाघको आक्रमणबाट मृत्यु भएको थियो। खाता जैविक मार्ग र सामुदायिक वन क्षेत्रमा हालसम्म बाघको आक्रमणबाट १८ जनाको ज्यान गएको छ। भन्डै चार वर्षको अवधिमा बाघको आक्रमणबाट राष्ट्रिय वन, सामुदायिक वन र निकुञ्ज क्षेत्रमा गरी बर्दियामा ३५ जनाको ज्यान गइसकेको छ।

ट्रकको ठक्करबाट गयो महिलाको ज्यान

मकवानपुर/ हेटौंडामा आइतबार ट्रकले ठक्कर दिँदा एकजना पैदलयात्री महिलाको मृत्यु भएको छ। हेटौंडा उपमहानगरपालिका- ६ चौघडाकी ३६ वर्षीया निरा बजगाईंको ट्रकको ठक्करबाट मृत्यु भएको हो। शिवम् सिमेन्ट फ्याक्ट्रीबाट हेटौंडा बजारतर्फ आउँदै गरेको ना.७ख १८१६ नम्बरको ट्रकले बजगाईंलाई हेटौंडा- ६ स्थित शान्ति टोलमा ठक्कर दिएको थियो। उनको घटनास्थलमै मृत्यु भएको प्रहरीले जनाएको छ। बजगाईंको मृत्युपछि आक्रोशित स्थानीयले कान्ति लोकपथ सडक अवरुद्ध पारेका थिए। उनीहरूले घटनाको छानबिन गरी दोषीलाई कारबाही गर्नुपर्ने र उचित क्षतिपूर्ति दिनुपर्ने माग राखेका छन्। बजागाईंको शव घटनास्थलमै राखेर स्थानीयले सडकमा आगो बालेर प्रदर्शन गरेका हुन्।

इलाममा बस दुर्घटना हुँदा एकको मृत्यु, ३५ घाइते

इलाम/ वनभोजका लागि धनुषाबाट आएको बस इलामको रोङ गाउँपालिका- ३ अर्याल चोकमा दुर्घटनामा परेको छ। मेची राजमार्गअन्तर्गत अर्याल चोकनजिकै ना.६ख ८४२४ नम्बरको बस आइतबार साँझ दुर्घटना हुँदा धनुषाको धनुषाधाम नगरपालिका- ९ का १२ वर्षीय अर्पण लामाको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय इलामका प्रवक्ता प्रहरी नायब उपरीक्षक प्रकाश जबेगूले जानकारी दिए। दुर्घटनामा ३५ जना घाइते भएका छन्। घाइतेलाई झापाका विभिन्न अस्पतालमा उपचारका लागि पठाइएको छ। प्रहरी नायब उपरीक्षक जबेगूका अनुसार बसमा जनकपुरबाट कन्यामसम्म वनभोजका लागि आएको टोली सवार थिए। कन्याम आइपुगेर फर्कने क्रममा बस दुर्घटना भएको हो।

अवैध हतियार बरामद गर्न गएको सशस्त्र प्रहरीमाथि ढुंगामुढा

रौतहट/ अवैध हतियार बरामद गरी मुचुल्का उठाउने क्रममा रौतहटको यमुनामाई गाउँपालिकामा सशस्त्र प्रहरीमाथि ढुंगामुढा भएको छ। यमुनामाई- ३ स्थित मल्हेनिया टोलमा शनिबार स्थानीयले प्रहार गरेको ढुंगामुढाबाट सशस्त्र प्रहरीको गाडीमा क्षति पुगेको छ। ढुंगाले लागेर केही सुरक्षाकर्मी घाइते भएको सशस्त्र प्रहरी बल रौतहटले जनाएको छ। ढुंगा प्रहारबाट सशस्त्र प्रहरीको बिएबी ३२८० नम्बरको गाडी, सशस्त्र प्रहरीको सुरक्षा बेस देवाहीको ना.१झ ७९७ नम्बरको टाटा टेलको गाडीको पछाडिको सिसा फुटेको र प्रदेश ०३-००१ ब ३९९ नम्बरको अपाचे मोटरसाइकलमा समेत क्षति पुगेको छ।

सशस्त्र प्रहरी प्रधान कार्यालय इन्टेलिजेन्स ब्युरो टोलीको विशेष सूचनाका आधारमा सशस्त्र प्रहरी बल, नेपाल नम्बर ११ हेडक्वार्टर रौतहटबाट सशस्त्र प्रहरी नायब उपरीक्षक अमर लामाको कमान्डमा खटिएको टोलीले यमुनामाई गाउँपालिका- ३ मल्हनियास्थित शेख एजाज अहमदको घर खानतलासी गर्दा अवैध रूपमा लुकाइराखेको मेड इन युएसए पेस्तोल दुई थान, मेड इन इन्डिया पेस्तोल एक थान, पेस्तोलको म्यागजिन ६ थान, वाल राउन्ड १३ थान, एयर गन एक थान बदामद गरेको थियो। अवैध हतियारबारे सशस्त्र प्रहरीको इन्टेलिजेन्स ब्युरोले सूचना पाएपछि रौतहट आएको थियो। सशस्त्रले छापा मार्नुअघि नै अहमद फरार भइसकेका थिए। हतियार बरामदपछि मुचुल्का गर्न गएको सशस्त्र प्रहरीको टोलीमाथि स्थानीयले ढुंगा प्रहार गरेका थिए। हतियारसहित मोबाइलको सिमकार्ड, मोबाइल, शेख एजाज अहमदको नाममा जारी गरिएको नागरिकतासमेत बरामद भएको छ। त्यस क्रममा सशस्त्र प्रहरीका चारजना सामान्य घाइते भएको ११ नम्बर गणले जनाएको छ।

भाइले हानेको खुकुरी प्रहारबाट दाइको अवस्था गम्भीर

रामेछाप/ उमाकुण्डको कुबुकास्थलीमा भाइले हानेको खुकुरी प्रहारबाट दाइको अवस्था गम्भीर बनेको छ। शनिबार राति घरायसी विवाद हुँदा उमाकुण्ड गाउँपालिका- ३ कुबुकास्थलीस्थित कोलाका ओसीराम बस्नेतले आफ्नै दाजु ४९ वर्षीय देवबहादुर बस्नेतमाथि खुकुरी प्रहार गरेका थिए। खुकुरी प्रहारबाट दाजु देवबहादुरको दुवै खुट्टा र दाहिने हातमा गहिरो चोट लागेको छ। उनलाई स्थानीयले तत्काल उद्धार गरी स्वास्थ्य चौकी पुऱ्याएका थिए। स्थानीय स्वास्थ्य चौकीमा उपचार सम्भव नभएपछि हेलिकोप्टरमार्फत थप उपचारका लागि काठमाडौंस्थित ग्रान्डी अस्पताल पठाइएको जिल्ला प्रहरी कार्यालय रामेछापका सूचना अधिकारी शैलेन्द्रकुमार खड्काले जानकारी दिए। खुकुरी प्रहार गर्ने ओसीरामलाई प्रहरीले नियन्त्रणमा लिएको र थप अनुसन्धान अघि बढाइएको खड्काले बताए।

छठको हर्षोल्लास

आइतबार अस्ताउँदै गरेको सूर्यलाई अर्घ्य दिइयो, सोमबार समापन हुँदै

जिल्ला ब्युरो

छठ पर्वको तेस्रो दिन आइतबार अस्ताउँदो सूर्यलाई अर्घ्य दिएर मनाइएको छ। चार दिनसम्म मनाइने छठ पूजाको साँझमा अर्घ्य दिने विशेष दिन हो। व्रतालुसहित परिवारका सदस्यहरू घरनजिकको पोखरी, नदी, जलाशयमा निर्मित छठी घाट पुगेर पूजा-आराधना गरेका छन्। व्रतालुले नयाँ वस्त्र लगाएर बाँसको चोयाबाट बनाइएको सुपली र माटोको ढकनीमा उखु, काँचो केरा, कागती, ठेकुवा, बोडी, अदुवाको बोट, स्याउ, जटा नरिवल, भिजाएको केराउ, पातसहितको मूलालगायत फलफूल र प्रसाद राखेर अर्घ्य दिएका छन्। अस्ताउँदो सूर्यलाई अर्घ्य दिएको भोलिपल्ट उदाउँदो सूर्यलाई अर्घ्य दिएपछि छठ पूजा विधिवत् रूपमा सम्पन्न हुन्छ।

छठ पूजाको मुख्य दिन धनुषाको गंगासागर, धनुषसागर, रामसागर, रत्नसागर, विहारकुण्ड, रूक्मिणी सर, अरगजा, महाराजसागर र अग्निकुण्डलगायत कुण्ड, पोखरी, तलाउमा व्रतालुले सूर्यको पूजा-आराधना गरेका थिए। यस्तै, वीरगन्जको घडिअर्वा पोखरी, नगवा पोखरी, मुर्ली पोखरी, रानीघाट, रामगढवा, जगरनाथपुर, पटेलनगर, परवानीपुरलगायत छठघाटमा समेत रौनक बेग्लै देखिएको छ। यस वर्ष वीरगन्जमा छट घाटहरूको साजसज्जाको प्रतिस्पर्धा नै चलेको छ। सर्वाधिक खर्च गरेर सजाइने घडिअर्वा छठ घाटभन्दा यस वर्ष मूर्ली छठ घाटको सजावट र व्यवस्थापनमा बढी खर्च गरिएको दाबी गरिएको छ। घडिअर्वा घाटको व्यवस्थापनमा १५ लाख ४१ हजार रुपैयाँ खर्च गरिएको छ भने मुर्ली घाटको व्यवस्थापनमा २१ लाख रुपैयाँ खर्च गरिएको व्यवस्थापन समितिले दाबी गरेको छ। घडिअर्वा पोखरीमा मात्रै करिब पाँच हजार व्रतालु र दुई लाख सर्वसाधारणको आवागमन हुने अनुमान गरिएको छ।

यस्तै, महोत्तरीको जलेश्वर, मटिहानी, पिपरा, रामगोपालपुर, गौशाला, बर्दिवास, समसी, भंगहासहित प्रायः सबै पालिकामा रहेका जलाशय छठ गीतले गुञ्जयमान छन्। छठ पर्व मनाउन रौतहटका पोखरी, तलाउ र नहरको डिल सजिएका छन्। गौरका सबै पोखरी, बागमती, बकैया, चाँदीलगायत नदीमा बिहानैदेखि श्रद्धालुको भिड लागेको थियो।

छठको पहिलो दिन नहाई खाईपछि दोस्रो दिन खरना विधिअन्तर्गत फलफूल र रोटी खाएका व्रतालुले अस्ताउँदो र उदाउँदो सूर्यलाई अर्घ्य दिनुअघि निराहार व्रत गर्ने गरेका छन्। व्रतालुले यो पर्वमा करिब ३६ घन्टासम्म पानीसमेत पिउँदैनन्। छठ पूजा गर्दा पुत्र प्राप्ति, घरपरिवारमा सुख, शान्ति, समृद्धि, चर्मरोग, दुःख-कष्टबाट मुक्तिलगायत





फल पाउने जनविश्वास छ। यो पर्व मनाउन व्रतालुदेखि भगवान्लाई अर्पण गरिने खिर, उखु, नरिवल, अदुवा, ठकुवा, भुसुवा, केरालगायत सम्पूर्ण सामग्री शुद्ध हुनुपर्छ। यस पर्वमा ढिकी-जाँतोमा परम्परागत तरिकाले कुटिएको र पिसिएको गहुँ तथा चामलको पिठोबाट बनाइएका ठकुवा, भुसुवा (कसार) र अन्य मिष्ठान्न परिकार, नयाँ माटोको भाँडामा जमाइएको दही, उखुका लाँक्रा र मौसमअनुसारका फलफूल सूर्यलाई अर्घ्य दिँदा देखाइने चलन छ।

चन्द्रपुर नगरपालिका- १ स्थित चाँदीको उत्तरी क्षेत्रमा तीनवटा छठ घाट छन्। तीमध्ये राजपैडास्थित जलाशयमा दलित समुदायका लागि छुट्टै घाट स्थापना गरिएको थियो। तीनवटा पण्डालमध्ये बीचमा रहेको दलितहरूको घाटमा खासै चहलपहल थिएन। पण्डालको सबैभन्दा तलतिर थारू समुदाय र मथिल्लो स्थानमा अन्य समुदायको घाट थियो। 'हामीलाई मन्दिर बनाउन माटोसमेत ल्याउन दिँदैनन्,' छठ व्रतालु रामरति देवीले भनिन्, 'यसरी छुट्याइँदा मन दुख्छ।' चन्द्रनिगाहपुर छठ पूजा समितिका अध्यक्ष सुरेन्द्र साहले आफूले बनाएको घाटमा सबै समुदायलाई आउन आग्रह गरे पनि दलितहरूले आफ्नो घाट आफैं बनाएको र सोही स्थानमा थारू समुदायले समेत आफ्नो समुदायका लागि छुट्टै घाट बनाएको बताए। मुसहर र राम समुदायका करिब २५ महिला पूजामा बसेका थिए।

जनकपुरधामको गंगासागरमा अस्ताउँदो सूर्यलाई अर्घ्य दिँदै व्रतालु महिला (माथि), महोत्तरीको जलेश्वर भटौलियाकी मुस्कान किन्नर।

■ हेटौंडा र नारायणगढमा छठको रौनक

सूर्यको आराधना र उपासना गरी मनाइने छठपर्वको हेटौंडामा पनि रौनक छाएको छ। छठपर्वको मुख्य दिन आइतबार छठमा व्रत बसेका श्रद्धालुहरू हेटौंडा- १ स्थित राप्तीतटमा रहेको छठ घाटमा जम्मा भएका थिए। यस्तै, अस्ताउँदो सूर्यलाई अर्घ्य दिन चितवनको नारायणी नदी किनारमा भक्तजनको बाक्लो उपस्थिति थियो। अस्ताउँदो सूर्यलाई अर्घ्य दिएपछि व्रतालु परिवार रातभर पूजास्थलमा जाग्राम बस्नेछन्। यहाँ तराई सामुदायिक सेवा समितिले छठ पूजा व्यवस्थापन गरेको छ। छठ मिथिला क्षेत्रमा विशेष रूपले मनाइने गरिन्छ। तर, पछिल्ला वर्षहरूमा छठको लोकप्रियता देशभर फैलिएको छ। चितवनमा मिथिला क्षेत्रका मात्रैले नभएर स्थानीयले पनि छठको पूजा गरेका थिए। चितवनमा नारायणगढस्थित नारायणी किनारमा मात्रै नभएर माडी, गीतानगर, पटिहानी, पदमपुर, खैरहनीगायत खोला तथा जलाशयमा पनि छठ मनाउनेको भिड छ।

सी–बाइडेन सान फ्रान्सिस्को शिखर सम्मेलनका प्रभाव

शिखर बैठकमा सहभागी दुवै देशले एक-अर्काको चासोलाई कत्तिको गम्भीरतापूर्वक लिन्छन्, सान फ्रान्सिस्को बैठकको सफलता त्यसैबाट पुष्टि हुनेछ



● पामिर गौतम
अग्रलेख

बहुप्रतीक्षित सी-बाइडेन शिखर सम्मेलन नोभेम्बर १५ मा सान फ्रान्सिस्कोमा सम्पन्न भएको छ । सम्मेलनमा दुई नेताले चीन-अमेरिका सम्बन्धका साथै वर्तमान अन्तर्राष्ट्रिय मामिलाका प्रमुख मुद्दामा स्पष्ट र गहिरो विचार आदान-प्रदान गरेका छन् । वार्ताका क्रममा दुई राष्ट्रपतिले बैठकको प्रभावकारिता पुष्टि गर्दै एक-अर्कासँग सञ्चार र सम्पर्क जारी राख्ने वाचा गरेका छन् । सी-बाइडेन सान फ्रान्सिस्को शिखर सम्मेलनले विश्वका दुई आर्थिक र सैन्य शक्तिराष्ट्रले द्विपक्षीय सम्बन्धलाई सहज र स्थिर बनाउन र सहयोगका अवसर खोज्नुका साथै आफूहरूको विश्व समुदायप्रति थप बढी जिम्मेवारी रहेको पुष्टि गर्न प्रतिबद्ध रहेको सन्देश दिएको छ ।

चिनियाँ विदेशमन्त्री वाङ यीले शिखर वार्तापछि पत्रकारलाई दुई राष्ट्र प्रमुखबीच निकै राम्रो, व्यापक र गहन भेटवार्ता भएको बताए । यीले सी र बाइडेन चीन-अमेरिका सम्बन्धमा सातबुँदे सहमतिमा पुगेको जानकारी दिए, जसमा एक-अर्कालाई सम्मानपूर्वक व्यवहार गर्ने, एक-अर्कासँग शान्तिपूर्ण रूपमा बस्न मार्ग खोज्ने, खुला सञ्चारको लाइन कायम गर्ने, द्वन्द्व रोक्ने, संयुक्त राष्ट्रसंघको बडापत्रलाई समर्थन गर्ने, साझा चासोका क्षेत्रमा सहयोग गर्ने र दुई देशबीचका सम्बन्धका प्रतिस्पर्धी पक्षलाई जिम्मेवारीपूर्वक व्यवस्थापन गर्ने बुँदा समावेश छन् । यी सात बुँदा महत्त्वपूर्ण छन् र यसले दुई पक्षबीचको अर्को गहन छलफलका लागि बलियो जग बसाल्ने विश्वास वाङले व्यक्त गरेका छन् । अमेरिकी राष्ट्रपति बाइडेनले पनि सीसँगको वार्तालाई रचनात्मक र फलदायी छलफल भनेका छन् । सोसल मिडिया प्लाटफर्म एक्समा ट्विट् गर्दै बाइडेनले दुई नेताले वार्ताका क्रममा 'वास्तविक प्रगति' गरेको बताएका छन् ।

बाइडेनसँगको शिखर सम्मेलनमा राष्ट्रपति सीले विश्व इतिहासमा प्रमुख राष्ट्रबीच घटेका द्वन्द्वका साथै पारस्परिक सम्मान, शान्तिपूर्ण सहअस्तित्व र पारस्परिक लाभदायक सहयोगको जगमा स्थापित ५० वर्षको चीन-अमेरिका सम्बन्धबाट दुवै देशले पाठ सिक्न आवश्यक रहेको उल्लेख गर्दै चीन र अमेरिकाबीचको द्वन्द्व र टकराव अथवा एक-अर्कालाई परिवर्तन गर्ने रणनीतिले दुवै पक्षका लागि असहनीय परिणाम ल्याउने बताएका छन् । सीले चीन-अमेरिका सम्बन्धलाई नयाँ दृष्टिकोणबाट हेर्नुपर्ने र दुई देशबीचको सम्बन्ध सुदृढ गर्न पाँचवटा स्तम्भ निर्माण गर्नुपर्ने बताएका छन् । संयुक्त रूपमा दुई राष्ट्रले एक-अर्काप्रति सही धारणा विकास गर्नुपर्ने आवश्यकता सीले औंल्याएका छन् । चीन अमेरिकासँग स्थिर, स्वस्थ र दिगो सम्बन्ध कायम गर्न प्रतिबद्ध रहेको भन्दै चीनका केही मूल स्वार्थको अमेरिकाले सम्मान गर्नुपर्नेमा सीले जोड दिएका छन् । त्यस्तै, दुई देशबीचका असहमति दुई देशलाई टाढा राख्ने खाडल बन्न दिन नहुने बताउँदै सीले त्यस्ता असहमतिलाई संयुक्त रूपमा शान्तिपूर्वक व्यवस्थापन गर्नुपर्ने बताएका छन् । असहमतिबाट सिर्जना हुन सक्ने दुर्घटनालाई नियन्त्रण अथवा रोक्न दुई देशबीच अधिक सञ्चार, संवाद र परामर्श आवश्यकता रहेकोमा सीले जोड दिएका छन् । तेस्रो स्तम्भका रूपमा सीले दुई देशबीच अर्थतन्त्र, व्यापार र कृषिजस्ता परम्परागत क्षेत्रका साथै जलवायु परिवर्तन र कृत्रिम बुद्धिमत्ता (एआई)जस्ता उदीयमान क्षेत्रमा पनि संयुक्त रूपमा पारस्परिक लाभकारी सहयोगलाई अगाडि बढाउन आवश्यक रहेको बताएका छन् । वर्तमान परिस्थितिमा (बढ्दो चीन-अमेरिका टकराव)समेत चीन र अमेरिकाबीच व्याप्त साझा हितका मुद्दा नघटेको बरु उल्टै बढेको भन्दै सीले दुई देशले परराष्ट्र नीति, अर्थतन्त्र, वित्त, वाणिज्य, कृषि र अन्य क्षेत्रमा पुनर्स्थापित र नयाँ संयन्त्रको पूर्ण उपयोग गर्न जरुरी रहेको र लागुऔषधविरोधी, न्यायिक तथा कानुन प्रवर्तन मामिला, एआई, र विज्ञान तथा प्रविधिजस्ता क्षेत्रमा सहकार्य गर्नु महत्त्वपूर्ण रहेको बताएका छन् ।

मानव समाजले सामना गरिरहेका समस्या प्रमुख देशबीचको सहकार्यविना समाधान हुन नसक्ने बताउँदै राष्ट्रपति सीले चीन र अमेरिका दुवैले प्रमुख देशका रूपमा संयुक्त जिम्मेवारी वहन गर्न आवश्यक रहेको बताएका छन् । सीले भने- विश्वको फाइदाका लागि प्रमुख राष्ट्रका नाताले चीन र अमेरिकाले अन्तर्राष्ट्रिय र क्षेत्रीय मुद्दामा समन्वय र सहयोग बढाउनुका साथै विश्वका लागि थप सार्वजनिक वस्तु उपलब्ध गराउन आवश्यक छ । यसका लागि एउटाको पहल र योजना अर्काका लागि खुला राख्न आवश्यक छ । दुई राष्ट्रबीचको सम्बन्ध मजबुत गर्ने पाँचौं स्तम्भका रूपमा सीले संयुक्त रूपमा जनताबीचको आदान-प्रदानलाई बढवा दिन आवश्यक रहेकोमा जोड दिएका छन् । यसका लागि दुवै पक्षले निर्धारित उडान बढाउने, पर्यटन-सहयोगलाई अगाडि बढाउने,



शिक्षा र अपांगतासम्बन्धी मामिलामा सहयोग सुदृढ गर्ने, जनमानसको आदान-प्रदानमा बाधा पुऱ्याउने नकारात्मक कारकलाई कम गर्ने र दुई देशका जनताबीचको अन्तर्क्रिया र सञ्चारलाई प्रोत्साहन र समर्थन गर्ने रहेका छन् ।

सीले बाइडेनसँगको शिखर वार्तामा ताइवान मुद्दा चीन-अमेरिका सम्बन्धमा सबैभन्दा महत्त्वपूर्ण र संवेदनशील रहेको उल्लेख गरेका छन् । उनले चीन पुनर्मिलनको विषयमा दृढ रहेको बताउँदै अमेरिकी पक्षलाई ताइवानको स्वतन्त्रतालाई समर्थन नगर्न, ताइवानलाई हतियार दिन बन्द गर्न र चीनको शान्तिपूर्ण पुनर्मिलनलाई समर्थन गर्न आग्रह गरेका छन् । त्यस्तै, बाइडेनसँगको वार्ताका क्रममा सीले अमेरिकाले चीनविरुद्ध लिएको निर्यात र लगानी नियन्त्रणका नीति र एकपक्षीय प्रतिबन्धले चीनको वैधानिक हितलाई गम्भीर रूपमा कमजोर पारेको र चीनको प्राविधिक प्रगतिलाई रोक्नु भनेको चीनको उच्च गुणस्तरीय विकासलाई रोक्ने र चिनियाँ जनतालाई विकासको अधिकारबाट वञ्चित गर्ने कदम भएको भन्दै अमेरिकी पक्षले चीनको चिन्तालाई गम्भीरताका साथ लिन र चिनियाँ व्यवसायलाई समान, निष्पक्ष र भेदभावरहित वातावरण प्रदान गर्न एकपक्षीय प्रतिबन्ध हटाउन ठोस कदम चाल्न महत्त्वपूर्ण रहेको बताएका छन् । अमेरिकी राष्ट्रपति जो बाइडेनले चीन र अमेरिका प्रतिस्पर्धामा रहेको र अमेरिकाले आफ्ना शक्तिका स्रोतमा लगानी गर्न जारी राख्ने बताएका छन् । यद्यपि, उनले विश्वले अमेरिका र चीनलाई द्वन्द्व, टकराव वा नयाँ शीतयुद्धमा जानबाट रोक्नका लागि जिम्मेवारीपूर्वक प्रतिस्पर्धाको व्यवस्थापन गर्ने अपेक्षा गरेको र आफ्नो प्रशासन त्यस विषयमा गम्भीर रहेको उल्लेख गरेका छन । त्यस्तै, जलवायु परिवर्तन र लागुऔषधको विश्वव्यापी चुनौतीदेखि कृत्रिम बुद्धिमत्ताका विषयसम्म दुई राष्ट्रबीचको सहकार्य दुवैको हितमा रहेको उल्लेख गर्दै त्यस विषयमा दुवैले सहयोग र सहकार्य अभिवृद्धि गर्न जरुरी रहेको बाइडेनले बताएका छन् ।

> सी-बाइडेन सान फ्रान्सिस्को शिखर सम्मेलनले विश्वका दुई आर्थिक र सैन्य शक्तिराष्ट्रले द्विपक्षीय सम्बन्धलाई सहज र स्थिर बनाउन सहयोगका अवसर खोज्नुका साथै आफूहरूको विश्व समुदायप्रति थप बढी जिम्मेवारी रहेको पुष्टि गर्न प्रतिबद्ध रहेको सन्देश दिएको छ

सीसँगको भेटमा बाइडेनले सिनजियाङ, तिब्बत र हङकङमा मानव अधिकार उल्लंघनबारे चिन्ता व्यक्त गरेका थिए । ताइवानका सम्बन्धमा बाइडेनले अमेरिकाको एक चीन नीति परिवर्तन नभएकोमा जोड दिँदै अमेरिका चीन र ताइवानबीचका मतभेद शान्तिपूर्ण माध्यमबाट समाधान हुने पक्षमा रहेको र अमेरिकाले कुनै पनि एकपक्षीय परिवर्तनको विरोध गर्ने बताएका छन् । उनले ताइवान स्टेट र वरपर चीनको सैन्य गतिविधिमा संयमताका लागि आह्वान गरेका छन् । राष्ट्रपति बाइडेनले चीनका अनुचित व्यापार नीति, बजारविरोधी आर्थिक अभ्यास र अमेरिकी फर्मविरुद्ध दण्डात्मक कार्यले अमेरिकी कामदार र परिवारलाई हानि पुऱ्याएको भन्दै चिन्ता व्यक्त गरेका छन् । त्यस्तै, बाइडेनले आफ्नो राष्ट्रिय सुरक्षालाई कमजोर पार्न सक्ने चिनियाँ उन्नत प्रविधिको प्रयोग गर्नबाट रोक्न अमेरिकाले आवश्यक कारबाही जारी राख्ने बताएका छन् ।

यसमा कुनै शंका छैन, आपसी शत्रुताले अमेरिका र चीन दुवैमा हानि पुऱ्याएको छ । यस परिवेशमा सी-बाइडेनको उच्च भेटघाट यो दुष्चक्र तोड्ने प्रयास अवश्य हो । तर, चीन र अमेरिकाबीचको सम्बन्धमा बाधा पुऱ्याउने प्रमुख मुद्दा अझै विद्यमान छन् । अमेरिकाले चीनसँगको व्यापार नीति र चीनमा अमेरिकी उन्नत प्रविधिको निर्यात प्रतिबन्धमा कुनै परिवर्तन गरेको छैन । बाइडेनले सीसँगको भेटमै चीनलाई प्रतिस्पर्धीका रूपमा वर्णन गरेका छन् र अमेरिकी हित सुरक्षाका लागि अमेरिकाले अघि सारेका नीतिलाई जारी राख्ने बताएका छन् । यस मानेमा दुवै राष्ट्रबीचको सम्बन्ध शिखर सम्मेलनपश्चात् नै द्रुतगतिमा सुधिरुन्छ भन्ने छैन । दुई देशबीचको चिसिएको सम्बन्ध सुधार गर्ने प्रयासस्वरूप गत वर्ष पनि राष्ट्रपति बाइडेन र सीले बालीमा शिखर सम्मेलन गरेका थिए । तर, सी-बाइडेनको बाली शिखर वार्ताको तीन महिना नबित्दै दुई राष्ट्रबीचको सम्बन्ध तल्लो बिन्दुमा पुगेको थियो । यसपटक पनि सीसँगको भेटलगत्तै पत्रकारसँगको अन्तर्क्रियामा बाइडेन सीलाई पुनः तानाशाह भन्न पछि परेनन् ।

अमेरिकी चुनाव नजिकिँदै गर्दा चीनविरोधी अभिव्यक्ति, ताइवान मुद्दालाई लिएर छेडखानी थप बढ्ने निश्चित छ भने चीनसँगको सम्बन्धमा आफूलाई बलियो र श्रेष्ठ देखाउने हरप्रयास दलहरूले गर्नेछन् । चुनावपछिको परिवेश कस्तो रहने हो, स्पष्ट छैन । अर्कातर्फ, चिनियाँ संस्कृति र जीवनमा 'मियान्ज' अथवा एकको सामाजिक स्थिति र प्रतिष्ठालाई अर्काले कस्तो मान्यता दिन्छ, त्यसले अत्यन्त महत्त्व राख्छ । घट्दो आर्थिक वृद्धि र बढ्दो बेरोजगारीबीच जनतासामु आफ्नो प्रतिष्ठा पुष्टि गर्न चिनियाँ सरकारलाई अमेरिकाविरुद्ध थप आक्रामक देखिन बाध्य पार्न सक्छ । यी मुद्दा बढ्दै जाँदा दुई देशबीचको सम्बन्ध थप बिग्रन सक्छ । निश्चय पनि चीन र अमेरिका प्रतिस्पर्धात्मक सम्बन्धमा छन् । यद्यपि, दुवै पक्षले तनाव व्यवस्थित गर्न र थप बिग्रनबाट रोक्नुका फाइदा पनि बुझेका छन् । कुनै पनि शिखर बैठकको सफलता दुई देशले एकअर्काको चासोलाई कत्तिको गम्भीरतापूर्वक लिन्छन् त्यसबाट मात्रै पुष्टि गर्न सकिन्छ । सी-बाइडेनबीचको सान फ्रान्सिस्को शिखर सम्मेलनले दुई देशबीचको सम्बन्ध कसरी अघि बढाउँछ, हेर्न बाँकी नै छ ।

३ प्रश्न

रंगकर्मी
रमेशरञ्जन झालाई



छठ पर्वको धार्मिक तथा सांस्कृतिक महत्त्व कस्तो छ ?

पुराण र अन्य धार्मिक ग्रन्थहरूमा कुपोषणबाट ग्रस्त राजाले छठी माताको भाकल गरेर रोगमुक्त भएको र त्यसैको सम्झनामा छठ मनाउन थालिएको भन्ने मिथकीय मान्यता छ । मानव सभ्यताको प्रारम्भसँगै प्रकाश र ऊर्जा दिने सूर्यको उपासनासँगै यस पर्वले निरन्तरता पाएको देखिन्छ । जल मानव जीवनको आधार हो । मानव सभ्यताको विकास पनि नदीकिनारबाटै सुरु भएको मानिन्छ । नदीनाला, ताल, पोखरी आदिको संरक्षण गर्ने, सरसफाइ गर्ने कार्यका कारण पनि छठ पर्वको अलग्गै महत्त्व रहेको छ ।

सामाजिक रूपमा छठ पर्वको महत्त्व कस्तो छ ?

मानव सभ्यता विकासको धेरै पछि समाजमा छुवाछुतजस्ता अमानवीय प्रथाको जन्म भयो । तर, छठ पर्वमा हरेक जाति र सम्प्रदायका मानिसले एउटै सरोवरमा जम्मा भएर पूजाआजा गरिने भएकाले यो स्वीकारोक्तिको संस्कार बोकेको पर्व पनि हो । यस पर्वमा समाजकै उत्पादन प्रयोगमा आउँछन् । उखु, गुड, चामल, गहुँ, भन्टा, मुला, अदुवा, बसार, केराजस्ता आफ्नै स्थानीय उत्पादन साटासाट गरेर मनाइने भएकाले छठ पर्वले आन्तरिक बजारीकरणमा समेत सघाउँदै आएको छ ।


पछिल्लो समयमा छठ पर्वप्रतिको सद्भाव राष्ट्रियस्तरमै बढेको देखिन्छ । यसको कारण के होला ?

छठ पर्वको समन्वयकारी भूमिकाका कारण पनि यो सबैतिर स्वीकार्य बन्दै गएको हो । सबै जातजाति, धर्म र सम्प्रदायप्रति समभाव राख्ने हुनाले पनि यस पर्वप्रति राष्ट्रियस्तरमै सद्भाव बढेको हो । अब राष्ट्रले पनि राष्ट्रिय महत्त्वको पर्व स्वीकार गऱ्यो भने यसको महत्त्व अझै बढ्नेछ ।

प्रेरक प्रसंग

साधुलाई गाली

एक दुष्ट स्वभावका किशोर जसलाई मन लाग्यो उसैलाई गाली गरेर भाग्ने गर्थे । एक दिन उनले एउटा रूखमुनि ध्यानमग्न साधुलाई गाली गरे र त्यहाँबाट कुदे । उनले गाली खाएपछि साधु रिसाएर उनलाई लखेट्दै आउने र साधुलाई कुदाउन पाउँदा निकै रमाइलो हुने सोचेका थिए । तर, साधु चुपचाप बसिरहे । उनले किशोरलाई हेर्दा पनि हेरेनन् ।



साधुको यस्तो चाला देखेर ती किशोर फेरि फर्केर आए । थप ठूलो स्वरमा जानेजति अश्लील शब्दसमेत प्रयोग गरेर साधुलाई गाली गर्न थाले । साधु आँखा चिम्म गरेर मन्द स्वरमा भजन गाउन तल्लीन थिए । यी सबै देखिरहेका केही युवा साधुको नजिक आए र प्रश्न गरे- साधु महाराज, यो केटोले तपाईंलाई गाली दिइरहेको छ, तर तपाईं भने चुपचाप सहेर बसिरहनुभएको छ । किन प्रतिवाद गर्नुहुन्न ? साधुले मुसुक्क मुस्कुराउँदै भने- उसले गाली दिएर के भयो त ? मैले लिएको त छैन नि ! मैले नलिएपछि उसको गाली उसैसँग रहने त हो । ती युवाले पुनः भने- तर, साधु महाराज, यसले तपाईंलाई सुन्ने नसकिने अश्लील गाली दिइरहेको छ । साधुले भने- यो निकै नराम्रो काम हो । तर, यसबाट उसैको मुख भरिन्छ । अश्लील गालीले उसैको मुख फोहोर हुन्छ ।

साधुलाई गाली गर्ने किशोर पनि यी सब सुनिरहेका थिए । उनले मनमनै सोचे- साधु ठीकै भनिरहेका छन् । मैले अरूलाई गाली दिँदा उनीहरूले त्यसलाई लिन्छन्, रिसाउँछन् र मलाई कुट्न दौडिन्छन् । तर, साधुले मेरो गाली लिँदै लिएनन् । उनले नलिएको गाली त मेरै साथमा त रह्यो, मेरै मुख फोहोर भयो । ओहो ! मैले कति ठूलो गल्ती गरिरहेको रहेछु ।

किशोरले साधुको अगाडि गएर माफी मागे र आफूलाई शिष्य बनाएर ज्ञान प्रदान गर्न अनुरोध गरे ।

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

लेखा समितिले हस्तक्षेप नगरोस्

'महालेखा र सार्वजनिक लेखा समितिको विवादले एक वर्षदेखि रोकियो बेरुजु फर्स्योट' शीर्षकको समाचार र 'महालेखाको सम्परीक्षणसम्बन्धी अधिकारमा अतिक्रमण' शीर्षकको रामप्रसाद डोटेलको लेख पढेपछि केही लेख्न मन लाग्यो । महालेखाले कानुनतः प्रयोग गर्दै आएको सम्परीक्षणको अधिकार खोस्ने सार्वजनिक लेखा समितिको प्रयास कुनै हालतमा ठिक छैन । यो सबै नेताहरूले आफ्नो मनोमानी गर्ने दाउ मात्र हो । त्यसैले, महालेखाको अधिकार क्षेत्र अतिक्रमण गर्ने लेखा समितिको प्रयास तत्काल रोकिनुपर्छ । उसले महालेखाको अधिकारमाथि हस्तक्षेप नगरोस् ।

● **सरस्वती लिम्बू**, पुल्चोक, ललितपुर

समितिहरू के गर्दै छन् ?

'संसदीय समितिको निराशाजनक गति' शीर्षकको समाचार पढियो । राज्य व्यवस्थाका काम चुस्त ढंगले सम्पन्न हुन सकोस् भनेर संसदीय समितिहरूको व्यवस्था संविधानमै गरिएको हो । समितिका सभापति, पदाधिकारी र सदस्यहरूले विशेष सुविधासमेत पाउने कानुनी व्यवस्था छ । तर, सबै सुविधा लिएर पनि देश र जनताका पक्षमा काम नगर्ने यस्ता समिति हामीले किन पाल्ने ? सामान्य विधेयकसमेत तयार गर्न नसक्ने भए यस्ता समितिको कुनै काम छैन । त्यसैले, समितिका पदाधिकारीले यस विषयमा गम्भीरतापूर्वक सोचून् ।

● **अमृत केसी**
अनामनगर, काठमाडौं

तिनकुनेमा पार्क बनाऊ

देशको प्रमुख अन्तर्राष्ट्रिय विमानस्थलबाट सहर प्रवेश गर्ने मुख्य बिन्दुमा रहेको तिनकुनेस्थित खाली जग्गा लामो समयदेखि अलपत्र अवस्थामा रहेको छ । यहाँ पार्क निर्माण गर्ने भनिए पनि जग्गाको मुआब्जा विवाद अझै नटुंगिएकाले पार्क निर्माण कार्यले गति लिन सकेको छैन । यस्तो महत्त्वपूर्ण स्थानमा पनि यति लापरबाही गरिन्छ भने यो राज्यबाट थप के अपेक्षा गर्नु ? हरेक दिन सयौं विदेशी पर्यटकले प्रवेश गर्ने मुख्य प्रवेश बिन्दुमै यसरी महत्त्वपूर्ण जग्गा अलपत्र राख्नु राष्ट्रकै बेइज्जति हो ।

● **कृशा महर्जन**
कोटेश्वर, काठमाडौं

टिकटक विवाद : नियमन जरुरी

सोमबारदेखि टिकटकको प्रतिबन्धविरुद्ध सर्वोच्च अदालतमा परेका १० रिट निवेदनको सुनुवाइ सुरु हुँदै छ । अचानक टिकटक बन्दको सरकारी निर्णयले नेपालमा ८ रेक्टरको भूकम्प नै ल्याइदिएको आभास भइरहेको छ । यसको परकम्पन अझ कायम छ । सामाजिक सञ्जालभरि अझै यसैको चर्चा-परिचर्चाले पोस्ट भरिएका छन् । पूरै समाज र देश नै पक्ष-विपक्षमा विभाजित भएको छ । तथापि, यसको दुवैतर्फका तर्कमा केही राम्रा कुरा छन् भने केही नराम्रा पनि । दुवै पक्षको कुरा सुन्दा सोह्रैआना सही मान्न सकिने अवस्था छैन ।

मामिला न्यायालयसम्म पुगेको हुँदा अब दुवैतर्फको घनिभूत बहस, तर्क र तथ्यबाट यसको अन्तिम किनारा लाग्ला नै । अदालतले पनि गम्भीर भएर कुरा सुन्नुपर्छ । आदेश वा निर्णय दिन हतार गर्नुहुन्न । देश-विदेशका अनुभव, राष्ट्रको कला, संस्कृतिमा परेका प्रभाव, विचार र अभिव्यक्ति स्वतन्त्रताको प्रश्न, समाज र घरघरमा परेका प्रभाव तथा टिकटककै माध्यमबाट आयआर्जन र रोजगारी पाएका प्रसंग र ती आयबाट राज्यलाई कर तिरिएको छ छैन ? भन्ने यावत् सन्दर्भलाई पनि अदालतले आदेश दिनुअघि ध्यान देला भन्ने अपेक्षा गरौं ।

टिकटक नहुँदा आकाशै खस्छ भन्ने पनि होइन अनि यो हुँदा एकैपटक देश र समाज ध्वस्त भयो भन्ने पनि होइन । समाज भाँडियो, जसले जे पायो त्यही पोस्ट गऱ्यो, नैतिक अनैतिक सबै क्रियाकलाप भए, गरिए । सबै बेलगाम भए । त्यसैले, टिकटक बन्द गर्नुभन्दा पनि नियमनकारी कडा कानुन ल्याएर नियमन गर्नु जरुरी छ ।

● **गोपाल देवकोटा**, गोकर्णेश्वर- ८ जोरपाटी
gopaldevkota@gmail.com

खाद्य असुरक्षाको समाधानका चार उपाय

यस वर्ष करिब ३४ करोड ५० लाखले तीव्रस्तरको खाद्य असुरक्षा सामना गरिरहेका छन् जुन सन् २०२० को तुलनामा दोब्बरभन्दा बढी हो



देश / विदेश

● केट ह्याम्प्टन ● डेभिड मिलिब्यान्ड

आज २० नोभेम्बरका दिन लन्डनमा बेलायतले विश्व खाद्य सुरक्षा सम्मेलनको आयोजना गर्दै छ र अन्तर्राष्ट्रिय विकासका लागि नयाँ रणनीति पनि सुरु गर्नेछ । गाजामा विद्यमान गम्भीर द्वन्द्वको संकटका दौरान पनि भोक, कुपोषण र खाद्य असुरक्षाको जारी संकटमा पनि हामीले ध्यान केन्द्रित गर्नु अपरिहार्य छ । विश्वभर अथाह पीडा व्यहोरिरहेका मानिसलाई समाधान प्रस्ताव गर्न इच्छुक एवं सक्षम बेलायत सरकार आवश्यक छ । हामीले नेतृत्व गर्ने संस्था चिल्ड्रेन्स इन्भेस्टमेन्ट फन्ड फाउन्डेसन (सिआइएफएफ) र इन्टरनेसनल रेस्क्यु कमिटी (आइआरसी) जोखिममा रहेका बालबालिका र परिवारको सुरक्षा गर्न प्रतिबद्ध छन् । गाजामा, आइआरसीले प्यालेस्टिनी नागरिकको जीवन बचाउन र खाद्यान्नमा तत्काल पहुँच बढाउन मानवीय युद्धविरामको विस्तृत प्रस्ताव राखेको छ भने सिआइएफएफले बाल कुपोषणजस्ता मुद्दाका लागि आवश्यक पहलकदमीको नेतृत्वका लागि मद्दत गरिरहेको छ । शिखर सम्मेलनको सफलता र विश्वव्यापी विकासमा सरकारको नयाँ दृष्टिकोणमा हाम्रो चासो छ ।

विश्वव्यापी भोकमरी संकट गम्भीर मोडमा आइपुगेको छ । यो वर्ष करिब ३४ करोड ५० लाख मानिसले तीव्रस्तरको खाद्य असुरक्षाको सामना गरिरहेका छन् जुन सन् २०२० को आँकडाको तुलनामा दोब्बरभन्दा बढी हो । त्यसैगरी, पाँच वर्षमुनिका चार करोड ५० लाख बालबालिका तीव्र कुपोषणबाट ग्रस्त छन् । तीमध्ये करिब २० लाख बालबालिकाले हरेक वर्ष ज्यान गुमाउँछन् । र, यसमाथि जलवायु परिवर्तन र हिंसात्मक द्वन्द्वले समस्यालाई थप विकराल बनाइदिएको छ । अघिल्लो दशकयता सिआइएफएफले बाल कुपोषणलाई सम्बोधन गर्न, पोषण सुधार गर्न र प्रभावकारी हस्तक्षेप सम्बन्धित खोज-अनुसन्धान गर्न ५० करोड डलरभन्दा बढी लगानी गरेको छ । सिआइएफएफ चाइल्ड न्युट्रिसन फन्डको एक महत्त्वपूर्ण साझेदार भएकामा गौरवान्वित महसुस गर्छ ।

आइआरसीले भने जलवायु परिवर्तनलगायत द्वन्द्व र संकटबाट प्रभावित ५० भन्दा बढी देशका मानिसलाई सहायता गर्छ । निरन्तरको नवप्रवर्तनमार्फत यसले कुपोषण र खाद्य असुरक्षाजस्ता समस्यालाई सम्बोधन गर्छ । निजर, पाकिस्तान, दक्षिण सुडान र सिरियाजस्ता मुलुकमा जलवायु-उत्थानशील बिउ उपलब्ध गराउने र किसान एवं परिवारका लागि सुरक्षित जीविकोपार्जन सुनिश्चित गर्नेजस्ता पहलले प्रभावकारी समाधान पहिल्याएका छन् । सफलताका लागि शिखर सम्मेलनले चार प्रमुख पहलकदमी चाल्नुपर्छ । पहिलो, सहभागीले पहिलेदेखि स्थापित लागत-प्रभावी समाधान र नवप्रवर्तन विस्तार गर्ने प्रतिज्ञा लिनुपर्छ । उदाहरणका लागि तयार चिकित्सकीय खाना (आरयुटिएफ) लाई लिन सकिन्छ । बदामको लेप हुने आरयुटिएफ एक समृद्ध पारिएको खाद्य पदार्थ हो जसले ९२ प्रतिशत गम्भीर कुपोषित बालबालिकालाई सघाउँछ । तर, द्वन्द्व प्रभावित क्षेत्रमा आरयुटिएफ धेरैको पहुँचमा छैन । आइआरसीको एक दशकभन्दा बढी समयको अनुसन्धानले सरलीकृत र एकीकृत संहिता अपनाए आरयुटिएफजस्ता स्रोत सबै बालबालिकामाझ समान रूपमा विस्तार गर्न सकिन्छ भन्ने देखाएको छ । उदाहरणका लागि मालीमा आरयुटिएफजस्ता स्रोतले ३० प्रतिशत लागत बचत गरेको छ । विश्व स्वास्थ्य संगठनले पनि विश्वभर उपचारको विकेन्द्रीकरण र विस्तारतर्फ सकारात्मक कदम चाल्दै कुपोषणको उपचार र रोकथामसम्बन्धी नयाँ दिशानिर्देश प्रस्तुत गर्न शिखर सम्मेलनको प्रयोग गर्नेछ ।

दोस्रो, शिखर सम्मेलनले अन्तरसम्बन्धित जलवायु र खाद्य सुरक्षा संकटको प्रतिक्रियालाई एकीकृत गर्न सक्छ । आइआरसीको हालैको विश्लेषणले मानवीय सहायताका आवश्यकता १६ द्वन्द्व प्रभावित एवं जलवायु संवेदनशील देशमा मात्र आवश्यक भएको देखाउँछ । जलवायु लगानीको महत्त्वलाई ध्यानमा राख्दै शिखर सम्मेलनको नतिजालाई आगामी राष्ट्रसंघीय जलवायु परिवर्तन सम्मेलन (कोप-२८) र बेलायत सरकारको नयाँ विकास रणनीतिसँग मिलान गर्न आवश्यक छ । जोखिममा परेका समुदायमा जलवायु लगानी प्रवाह गर्न स्थानीयस्तरमा जलवायु जोखिम नक्सांकन बढाउन र कोप २७ नोक्सान र क्षति कोष सक्रिय गर्न आवश्यक छ । क्षतिपूर्तिका लागि हुने समर्थन मौजुदा प्रतिबद्धताको पूरक हुनुपर्छ र यी पूरक समुदायको आवश्यकतासँग मिल्दोजुल्दो हुनुपर्छ । जलवायु लगानीलाई सम्बोधन गर्न विश्वव्यापी ऋण संकटको सामना गर्न र दिगो ऋण व्यवस्थालाई प्रोत्साहन गर्नु हो । किनभने सीमित वित्तीय अवस्था भएका मुलुकले मानव संसाधनमा लगानी गर्न र खाद्य असुरक्षा रोक्न संघर्ष गर्ने गर्छन् ।



तस्बिरः सैद खतिब/एएफपी

तेस्रो, शिखर सम्मेलनले सन् २०२४ भित्र विश्वव्यापी पोषण-वित्तको खाडललाई पूरा गर्ने चरण तय गर्न सक्छ । दातृ सरकारले आगामी न्युट्रिसन फर ग्रोथ शिखर सम्मेलनलाई महत्त्वाकांक्षाका साथ लिएर खाद्य सुरक्षाका लागि आफ्नो व्यक्तिगत आर्थिक सहायतालाई प्रोत्साहन गर्नुपर्छ र थप प्रभावकारी एवं समावेशी कोषको परिचालनको पहल गर्नुपर्छ ।

अन्त्यमा, शिखर सम्मेलनले विश्वका नेता र साझेदार सरकारलाई एकताबद्ध गरेर खाद्य असुरक्षालाई एकैपटक र सदाका लागि सम्बोधन गर्ने राजनीतिक इच्छाशक्तिलाई परिचालन गर्नुपर्छ । विश्वव्यापी नेताको महत्त्वाकांक्षी भाष्य राष्ट्रिय पोषण र खाद्य सुरक्षा योजनालाई समर्थन गर्दै तिनलाई कार्ययोग्य नीतिमा रूपान्तरण गर्नुपर्छ । एकताबद्ध समन्वित प्रयासमार्फत हामी बेलायतको नेतृत्व क्षमता देखाउँदै विश्वव्यापी खाद्य असुरक्षासँग लड्न सक्छौं । विश्व खाद्य सुरक्षा शिखर सम्मेलन र यसको विकास रणनीति एक प्रमुख उत्प्रेरक हुन सक्छ । एक दशकपहिले एन्ड्रयु मिचेल र डेभिड क्यामरुनले सन् २०१३ को न्युट्रिसन फर ग्रोथ शिखर सम्मेलनमा पोषण सहायताका लागि महत्त्वपूर्ण रकम सुरक्षित गर्न मद्दत गरेका थिए । अहिले फेरि एकपटक बेलायत र यसका साझेदारले परिणाममुखी काम गर्नुपर्छ ।

(ह्याम्प्टन सिआइएफएफकी प्रमुख कार्यकारी अधिकृत हुन् र मिलिब्यान्ड आइआरसीका अध्यक्ष एवं प्रमुख कार्यकारी अधिकृत हुन्)
प्रोजेक्ट सिन्डिकेटबाट

लेखका लागि : opinion@nayapatrikadaily.com
टिप्पणीका लागि : comment@nayapatrikadaily.com

इजरायल–हमास द्वन्द्वमा भारतको बदलिँदो अडानको अर्थ

पछिल्लो युद्धमा भारतले लिएको अडानले उसको 'असंलग्न' विदेश नीति पहिले सोचिएजस्तो अपरिहार्य नहुने देखाएको छ



● शशी थरुर

संयुक्त राष्ट्रसंघका पूर्वउपमहासचिव, पूर्वभारतीय विदेश राज्यमन्त्री तथा मानव संसाधन विकास राज्यमन्त्री शशी थरुर हाल भारतीय राष्ट्रिय कंग्रेसका सांसद हुन् ।



गाजामा जारी इजरायल-हमास द्वन्द्वमा भारतको बदलिएको अडानले उसको विदेश नीतिमा आइरहेको परिवर्तनको एक झलक प्रदान गर्दछ । स्वतन्त्रतापछि कैयौं दशकसम्म भारतको वैश्विक दृष्टिकोण उसको औपनिवेशिक अनुभवले आकार दिएको थियो । २०० वर्षसम्म विश्व मञ्चमा आफ्नोतर्फबाट पराया मुलुकले बोलिदिने तितो अनुभव भोगेको भारतले शीतयुद्धमा कुनै एउटा गुटको पक्ष लिएर आफ्नो निर्णय गर्ने शक्ति कमजोर बन्ने अवस्था आउन दिएन । त्यस अवधिमा 'रणनीतिक स्वायत्तता' भारतीय विदेश नीतिको मूलमन्त्र नै बनेको थियो, जसले 'असंलग्न' अथवा महाशक्तिबीचको समदूरीको सिद्धान्तलाई जन्म दिलायो ।

तथापि, असंलग्नता भावनामा व्यक्त गरिएजस्तो व्यवहारमा उतार्न सजिलो थिएन । भारतले उपनिवेशवाद अन्त्यको पक्षमा उभिँदै साम्राज्यवाद र रंगभेदविरुद्ध नैतिक अडान लियो । यसवेला भारतका अडान कतिपय अवस्थामा पश्चिमविरोधी देखापर्थ्यो । यस्तो अडानका बाबजुद लोकतान्त्रिक प्रक्रियाप्रतिको भारतको निरन्तर अभ्यास र देशको विविधताको सम्मानले यसलाई पश्चिमी उदारवादीबीच प्रिय बनायो । इजरायल-प्यालेस्टाइन द्वन्द्वमा भारतले उस्तै कठोर सन्तुलनकारी कदम चाल्नुपरेको इतिहास छ । सन् १९४७ मा संयुक्त राष्ट्रसंघले प्यालेस्टाइनमाथि कब्जा गरिराखेको ब्रिटिस भूमिलाई यहुदी र अरब राज्य गरी दुई भागमा विभाजन गर्ने प्रस्ताव ल्याउँदा भारतले त्यसविरुद्ध मतदान गऱ्यो ।

भारत र यसका देशवासीले विभाजनको प्रत्यक्ष अनुभव गरेका थिए । भर्खरै विभाजन भोगेको भारतलाई जति विभाजनको अनुभव कसलाई पो थियो होला । ब्रिटिस उपनिवेशकले भारतीय उपमहाद्वीपको उपनिवेश छाडेर जाने वेलामा पाकिस्तानलाई यस भेगका मुस्लिमको राज्यको रूपमा गठन गरेको थियो । त्यसैले भारतले बाह्य शक्तिले कोरिदिने अर्को एक विभाजन-रेखाको विरोध गऱ्यो । त्यसको सट्टा उसले प्यालेस्टाइनी भूमिमा यहुदी र अरब दुवैका लागि एउटै धर्मनिरपेक्ष राज्यको परिकल्पना अघि साऱ्यो । भारतले प्यालेस्टाइन राज्यका लागि प्रस्ताव गरेको राज्य उसले आफैंले अभ्यास सुरु गरेको राज्यसँग धेरै मिल्दोजुल्दो थियो ।

इजरायल स्थापना भइसकेपछि भारतले सो मुलुकलाई मान्यता त दियो, तर चार दशकभन्दा बढी समयसम्म सम्बन्धलाई 'कन्सुलरस्तर'मा कायम राख्यो । इजरायल स्थापना भएको ४४ वर्षपछि मात्र सन् १९९२ मा भारतले त्यहाँ आफ्नो राजदूत पठाएको थियो । यसबीचमा, भारत प्यालिस्टाइन राज्यका लागि लडिरहेको 'प्यालिस्टाइन लिबरेसन अगनाइजेसन (पिएलओ)'लाई प्यालेस्टिनी जनताको वैध प्रतिनिधिको मान्यता दिने पहिलो(सन् १९७४) गैरअरब देश बन्यो । पछि (सन् १९८८) मा प्यालेस्टिनी राज्यको औपचारिक मान्यता विस्तारलाई मान्यता दिने पहिलो मुलुक बन्यो ।

> मोदीको सत्तारूढ भारतीय जनता पार्टीका समर्थकले सामाजिक सञ्जालमा हमास आक्रमणपछि इजरायलको बलियो प्रतिक्रियाको वाहवाही गरे । तर, इजरायली कारबाहीमा गाजामा मृतकको संख्या बढ्दै गएपछि भारतले इजरायल समर्थित आफ्नो एकतर्फी अडानमा पुनर्विचार गर्न थाल्यो

तर, पाकिस्तान समर्थित इस्लामिक उग्रवादले सताउन सुरु गरेपछि भारतमा इस्लामवादी आक्रमणको सामना गरिरहेको इजरायलसँग न्यानो सम्बन्ध बनाउने सोच बढ्न थाल्यो । दुई देशबीच सुरक्षा र गुप्तचर सहयोगले गति लिन थाल्यो र कालान्तरमा राजनीतिक र कूटनीतिक सम्बन्ध गहिरियो । इजरायलसँगको घनिष्ठताका बाबजुद भारतीय सरकारले देशको ठूलो मुस्लिम जनसंख्याको सहानुभूतिका लागि पिएलओलाई समर्थन दिइरहे । जब पिएलओ अध्यक्ष तथा प्यालिस्टिनी नेसनल अथोरिटीका अध्यक्ष यासेर अराफातले इजरायल-प्यालेस्टाइन द्वन्द्वको शान्तिपूर्णको पक्ष लिए, भारतले दुई राज्य समाधानको पक्ष लिन थाल्यो । यही पक्षधरताका कारण भारत आजको दिनमा तेलअभिभ र रामल्लाह दुवैमा राजदूत राख्ने सीमित देशहरूमध्येमा पर्छ ।

इजरायलसँगको भारतको सम्बन्ध पछिल्लो समय धेरै सुदृढ बनिसकेको छ । इजरायल अहिले भारतको प्रतिरक्षा उपकरणको एक महत्त्वपूर्ण स्रोत, गुप्तचर सहकार्यको प्रमुख साझेदार र निगरानी सफ्टवेयर प्रदायक मुलुक हो । पेगासस भनिने इजरायली सफ्टवेयर भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको बढ्दो निरंकुश सरकारले विपक्षी दलका नेता र आलोचकविरुद्ध प्रयोग गरेको समाचार आउने गर्छ । मोदी इजरायल भ्रमण गर्ने पहिलो भारतीय प्रधानमन्त्री हुन् र उनका इजरायली समकक्षी बेन्यामिन नेतान्याहु दुईपटक भारत भ्रमणमा आइसकेका छन् । यस उच्चस्तरीय भ्रमणको आदान-प्रदानले पनि घनिष्ठ सम्बन्धको संकेत दिन्छ ।

हमासले अक्टोबर ७ मा इजरायली भूमिमा पसेर क्रूरताका साथ झन्डै १३०० मानिस मारेर २०० भन्दा बढीलाई अपहरण गऱ्यो । लगत्तै, मोदीले ट्विट् गरेर भारत 'यस कठिन घडीमा इजरायलको साथमा उभिएको' कुरा लेखे । त्यसपछिको दोस्रो ट्विट्मा मोदीले त्यही भावना दोहोऱ्याए । मोदीको सत्तारूढ भारतीय जनता पार्टीका समर्थकले (जसको भारतका मुस्लिमप्रतिको घृणा लुकेको छैन) सामाजिक सञ्जालमा हमास आक्रमणपछि इजरायलको बलियो प्रतिक्रियाको वाहवाही गरे । तर, जसै इजरायली कारबाहीमा गाजामा मृतकको संख्या बढ्दै गयो भारतले इजरायल समर्थित आफ्नो एकतर्फी अडानमा पुनर्विचार गर्न थाल्यो ।


धेरै दिनपछि, भारतीय परराष्ट्र मन्त्रालयले एक विज्ञप्ति जारी गर्दै 'इजरायलको छेउमा र ऊसँग शान्तिपूर्ण सम्बन्ध हुने एक सुरक्षित र ठोस सिमानासहित सार्वभौम, स्वतन्त्र र व्यावहारिक प्यालेस्टाइनी राज्य स्थापनार्थ प्रत्यक्ष वार्ता पुनः सुरु गर्न' आह्वान गऱ्यो । मोदीले जब अर्को ट्विट् गरे त्यसमा प्यालेस्टाइनी निकायका राष्ट्रपति महमुद अब्बासलाई अल-अहली अस्पतालमा भएको बम विस्फोटमा निर्दोषको मृत्युप्रति शोक व्यक्त गर्दै फोन गरेको उल्लेख थियो । भलै सन् २००७ मा गाजाबाट हमास समूहद्वारा निष्कासित फताहका नेता अब्बासको शासन केन्द्र रमाल्लाहमा छ र अल-अहली अस्पताल रहेको गाजामा उनको कुनै प्रभाव छैन ।

मोदीको ट्विट्का अनुसार उनले पछिल्लो समय 'इजरायल-प्यालेस्टाइन मुद्दामा भारतको लामो समयदेखिको सैद्धान्तिक अडानलाई दोहोऱ्याएका छन् ।' र पनि, संयुक्त राष्ट्रसंघको महासभामा अधिकांश देशले गाजामा 'तत्काल, दिगो र दिगो मानवीय युद्धविराम' गर्नुपर्ने प्रस्तावको पक्षमा मतदान गर्दा भारत भने मतदान प्रक्रियामा अनुपस्थित रह्यो । उसले प्रस्तावमा अक्टोबर ७ को आतंकवादी हमलाको निन्दा नगरिएकाले मतदानमा सहभागी नभएको तर्क गरेको छ । जब कि कैयौं देशले सो कुरा उल्लेख नभएको आलोचना गर्दै युद्धविरामको पक्षमा मतदान गरे । भारतको अडान इजरायलको परम्परागत सहयोगी फ्रान्सको भन्दा बढी इजरायल पक्षधर देखियो ।

आजको दिनमा, मोदीको नेतृत्वमा इजरायलप्रति भारतको परम्परागत अडान पूर्ण बदलिएको तर्क गर्न सक्छ । तर, मोदीको व्यक्तिगत रुझानका अतिरिक्त भारतीय विदेश नीति पनि सूक्ष्म तरिकामा परिवर्तन भएको छ । उदाहरणका लागि, चीन-अमेरिकी प्रतिद्वन्द्वीमा भारत अमेरिकाप्रति बढी नजिकिएको छ । चीनको विस्तारवादी नियतप्रति भारत र अमेरिका धेरै हदसम्म समान चासो राख्छन् । भारतले चीनको 'बेल्ट एन्ड रोड इनिसिएटिभ'लाई चुनौती दिने गरी मध्यपूर्व हुँदै युरोप पुग्ने करिडोर बनाउने प्रयास गरेको छ । त्यसलाई अमेरिकाले मध्यस्थता गरिरहेको छ । गाजा युद्धपछि इजरायल, साउदी अरब, युएई संलग्न यो योजनामा प्रश्न उठेको भए तापनि यस योजनापछिको मनसाय बदलिएको छैन । भारतका लागि रुसको घट्दो भूराजनीतिक महत्त्व र छिमेकी चीनसँग सीमा क्षेत्रलाई लिएर बढेदो विवादबीच भारतीय विदेश नीतिमा आधारभूत परिवर्तन हुनु अचम्म होइन ।

- प्रोजेक्ट सिन्डिकेटबाट

अस्ट्रेलिया र चीनको सम्बन्ध पूर्णरूपमा सुधारिएको हो ?



चीन भ्रमणका क्रममा अस्ट्रेलियाली प्रधानमन्त्री एन्थोनी अल्बानिज (बायाँ) बेइजिङमा चिनियाँ राष्ट्रपति सी जिनपिङसँग

नोभेम्बर ६ मा अस्ट्रेलियाली प्रधानमन्त्री एन्थोनी अल्बानिजले बेइजिङमा चिनियाँ राष्ट्रपति सी जिनपिङसँग हात मिलाए । सो भ्रमण कुनै अस्ट्रेलियाली सरकार प्रमुखले चीनको सात वर्षको अन्तरालमा गरेको औपचारिक भ्रमण थियो । यसबीचको अवधिमा यी दुई देशको आर्थिक र राजनीतिक सम्बन्ध नराम्ररी बिग्रियो । सात वर्षपछि अस्ट्रेलियाका प्रधानमन्त्रीलाई देशमै भेटेपछि 'ग्रेट हल अफ द पिपल'मा बोल्ने क्रममा सीले चीन र अस्ट्रेलिया 'सुधारको सही बाटोमा अघि बढेको' टिप्पणी गरे । आफ्नो बोल्ने पालोमा अल्बानिजले चीनको विकास र 'विश्वसँग निरन्तर संलग्नता'लाई आफ्नो मुलुकले समर्थन गर्ने बताए । अल्बानिजको चीन भ्रमण अस्ट्रेलियाले कम्युनिस्ट शासित चीनसँग कूटनीतिक सम्बन्ध स्थापना गरेको ५०औं वर्षगाँठका अवसरमा भएको हो । यस भ्रमणलाई दुवै पक्षले सम्बन्ध सामान्यीकरणतर्फको महत्त्वपूर्ण कदमका रूपमा देखाउने प्रयास गरेका छन् ।

सम्बन्धमा दरार उत्पन्न हुनुका धेरै कारण थिए । मुख्य रूपमा अस्ट्रेलियाको पश्चिम केन्द्रित रुझानबाट चीन चिडिएपछि सम्बन्ध चिसिन सुरु भयो । चिनियाँ शासकहरू अस्ट्रेलियाको अमेरिकासँगको गहिरिँदो सुरक्षा साझेदारीबाट क्रुद्ध थिए । विशेषतः चीनले ताइवान र सो टापुवरपरका समुद्रमा कठोर नीति अपनाएपछि आफूहरू अमेरिकानजिक हुन बाध्य भएको अस्ट्रेलियाको भनाइ छ । अमेरिकाकै अनुसरण गरेर चिनियाँ टेलिकम कम्पनी हुवावेलाई प्रतिबन्ध लगाउने अस्ट्रेलियाको निर्णयले तिक्तता थप बढाउन सघायो । त्यसमाथि अस्ट्रेलियाको तत्कालीन कन्जरभेटिभ सरकारले क्यानबेरास्थित चिनियाँ दूतावासमार्फत चीनले अस्ट्रेलियाभित्रका विश्वविद्यालयभित्र र देशका ठूलो चिनियाँ डायस्पोराभित्र हस्तक्षेप र निगरानी 'तीव्र' पारेको आरोप लगायो र तिनलाई रोक्ने भन्दै केही कदम उठाएपछि सम्बन्ध निकै कमजोर बन्यो ।

> गत वर्ष अस्ट्रेलियामा नयाँ सरकार गठनपछि चीनसँग नरम ढंगले प्रस्तुत भएको छ, चीनले पनि अस्ट्रेलियामाथि लगाएका अधिकांश प्रतिबन्ध हटाउँदै छ । दुई देशबीच नियमित मन्त्रीस्तरीय वार्ता सञ्चालन हुने अपेक्षा गरिएको छ ।

अस्ट्रेलिया जसै चीनविरुद्ध कठोर देखिन थाल्यो, चीनले जवाफी प्रतिक्रिया जनाउन थाल्यो । सन् २०२० को अन्तमा चिनियाँ दूतावासले अस्ट्रेलियाली प्रेसलाई आफूहरूको सो मुलुकको सरकारसँग रहेका गुनासोको एक सूची हस्तान्तरण गऱ्यो । चीनले दुई देशबीचको मन्त्रीस्तरीय आउजाउलाई रोक्ने निर्णय लियो । त्यस्तै अस्ट्रेलियाबाट चीन निर्यात हुने जौ, काठ, कोइला, चिनी, वाइन र लबस्टरहरूलगायत आपूर्तिको ठूलो परिणामको प्रतिबन्ध लगायो । चीनले उसको कदमले अस्ट्रेलियाली व्यवसायी तिनको सरकारविरुद्ध खडा हुने आशा गरेको थियो । तर, आशाविपरीत चिनियाँ प्रतिबन्ध खेपेका अस्ट्रेलियाली व्यवसायमध्ये धेरैले तिनको वस्तुको नयाँबजार फेला पारे । यसले गर्दा यस पक्तिको पनि सरकारप्रति समर्थन रह्यो ।

अस्ट्रेलियाले चिनियाँ प्रतिबन्धको मुद्दालाई डब्लुटिओमा मुद्दा हालेर चीनलाई लज्जित बनाइदियो । त्यसबाहेक यस अस्ट्रेलियाली वस्तुको आयात प्रतिबन्धले चीनकै व्यवसायसमेत प्रभावित भयो । यो फेरि त्यो समयमा भएको थियो, जब चिनियाँ अर्थतन्त्र महामारीसम्बन्धी अवरोध, घरबार कारोबार क्षेत्रको मन्दी र कमजोर वैदेशिक लगानीबाट प्रभावित हुन थालेको थियो ।

गत वर्ष अस्ट्रेलियामा नयाँ सरकार गठन भएसँगै चीनका सामु नरम नीति अघि सारेर सम्बन्ध सुधार्ने अवसर आयो । त्यसपछि सुरु भएको प्रयासकै परिणाम हो, अल्बानिजको भ्रमण । अब फेरि दुई देशबीच नियमित मन्त्रीस्तरीय वार्ता सुचारु हुने अपेक्षा गरिएको छ । चीनले आफूले लगाएका अधिकांश प्रतिबन्ध हटाउँदै छ । बाँकी पनि छिट्टै हटाइने अपेक्षा गरिएको छ । चीनमा जन्मिएका अस्ट्रेलियाली पत्रकार चेङ लेईलाई सन् २०२० मा जासुसीको आरोपमा चिनियाँ सरकारी एजेन्टले समाएका थिए ।

अस्ट्रेलियामा धेरैले चिनियाँ कठोरताको सामना गर्ने नीतिलाई सही भएको मान्छन् । अन्य अस्ट्रेलियाबारे चीनले विगतमा लिएको नीति फरक रूप अघि बढ्न सक्ने र यसको अन्त्य नहुने विचार व्यक्त गर्छन् । चेङको रिहाइको केही दिनपछि, अस्ट्रेलियाको सरकारले डार्विनको रणनीतिक बन्दरगाहलाई चीनलाई भाडामा दिने सम्झौता नवीकरण गऱ्यो । (फेरि अल्बानिजले बन्दरगाह चीनलाई भाडा दिनु 'गम्भीर त्रुटि' बताए) सरकारले सम्झौता नवीकरणलाई चेङको रिहाइको उपहार भएको भन्ने भनाइको खण्डन गरेको छ । यद्यपि 'अस्ट्रेलियन स्ट्रेटेजी पोलिसी इन्स्टिच्युट इन क्यानबेरा'सँग आबद्ध युआन ग्राहम चीन सरकारसँग सम्बन्ध अघि बढाउने विषयमा अल्बानिज सरकारले 'अनुशासन गुमाएको' मान्छन् । सम्भवतः अहिले नै यस्तो आरोप लगाउन हतार भएजस्तो देखिन्छ ।

अल्बानिज सरकारले 'अस्ट्रेलिया र चीनले सक्ने ठाउँमा साझेदारी र सहयोग गर्ने, अत्यावश्यक अवस्थामा असहमति लिने' नीति अंगीकार गरेको छ । अहिलेसम्म, यस नीतिले काम गरिरहेको देखिन्छ । तर, चीनले अस्ट्रेलियासँग समतामूलक सम्बन्ध कायम गर्नेमा केहीले आशंका व्यक्त गर्छन् । क्यानबेरास्थित 'अस्ट्रेलियन नेसनल युनिभर्सिटी'का बेन्जामिन हर्स्कोभिचले चीनको पछिल्लो मेलमिलापकारी कदम 'अस्ट्रेलियालाई आफ्नो उद्देश्यनजिक उभ्याउने' उद्देश्यअनुरूप रहेको देखिन्छ । यसमा अस्ट्रेलियाको रिअर अर्थ (दुर्लभ) र अन्य खनिज स्रोतमा चिनियाँहरूको निरन्तर पहुँच पनि समावेश छ । र, अस्ट्रेलियाले १२ देश सम्मिलित एक व्यापार समूह 'कम्प्रेहेन्सिभ एन्ड प्रोग्रेसिभ एग्रिमेन्ट फर ट्रान्स-प्यासिफिक पार्टनरसिप (सिपिटिपिपी)'मा चीनको सहभागितालाई समर्थन जनाएको छ ।

अमेरिका यी दुवै कुरामा दुःखी हुनेछ । यसकारणले चीनसँग अस्ट्रेलियाको सम्बन्ध सजिलो हुनेछैन । हर्स्कोभिचले प्रक्षेपण गर्छन् कि चीनसँग अस्ट्रेलियाको गहन तथा बढ्दो आर्थिक सम्बन्धबारे अमेरिका थप असहज हुनेछ । सुरक्षाका लागि अमेरिकामा भर पर्ने कि चीनसँग जोडिएको घनिष्ट व्यापारिक सम्बन्धलाई जोड दिने भन्ने अस्ट्रेलियाको द्विविधा आगामी दिनमा थप तीव्र हुनेछ ।

- द इकोनोमिस्टबाट

इतिहासमा आज





सन् १९५९ : संयुक्त राष्ट्रसंघको महासभाद्वारा विश्वभरका बालबालिकाको अधिकारलाई स्थापित गर्ने दस्तावेज पारित । यो दिनलाई हरेक वर्ष विश्व बाल दिवसको रूपमा पनि मनाइन्छ ।

सन् १९१० : निमोनियाबाट पीडित रुसी लेखक लियो टोल्स्टोयको अस्टापोभोको रेलवे स्टेसनमा हृदयघातका कारण निधन भएको थियो ।

सन् १९१७ : पहिलोपटक क्याम्ब्राईको युद्धमा बेलायतीहरूले युद्धमा ट्यांकरहरू प्रभावकारी रूपमा प्रयोग गरे ।

सन् १९४५ : नाजी युद्ध अपराध मुद्दा जर्मनीको सहर न्युरेम्बर्गमा सुरु ।

सन् १९७१ : अफिम खेती रोक्न सहमत हुने टर्कीका किसानहरूलाई साढे तीन करोड डलर दिने अमेरिकी घोषणा

सन् १९९२ : बेलायतको विन्डसर क्यासलमा भीषण आगलागी हुँदा पाँच करोड पाउन्डबराबरको क्षति

सन् १९९८ : अन्तर्राष्ट्रिय अन्तरिक्ष स्टेसन जर्याको पहिलो मोड्युल सुरु

विश्व संक्षेप

इरानले सार्वजनिक गऱ्यो नयाँ हाइपरसोनिक मिसाइल

तेहरान/ इरानको इस्लामिक रिभोलुसन गार्ड्स कोर (आइआरजिसी)ले आइतबार स्वदेशमै विकसित हाइपरसोनिक ब्यालिस्टिक मिसाइल सार्वजनिक गरेको छ । तस्निम समाचार एजेन्सीका अनुसार इरानको राजधानी तेहरानमा आइआरजिसीको एरोस्पेस फोर्सको उपलब्धिको प्रदर्शनीमा इरानका सर्वोच्च नेता अली खामेनीको भ्रमणका क्रममा फत्ताह-२ नाम दिइएको मिसाइल सार्वजनिक गरिएको थियो । तस्निमका अनुसार फत्ताह-२ मा हाइपरसोनिक ग्लाइड भेहिकल (एचजिभी) वारहेड जडान गरिएको छ जसले हाइपरसोनिक गतिमा चाल र ग्लाइड गर्न सक्ने बताइएको छ । इरानले जुनमा आफ्नो पहिलो स्वदेशी हाइपरसोनिक मिसाइल फत्ताह सार्वजनिक गरेको थियो ।

फसेका कामदार उद्धार गर्न नयाँ सुरुङ बनाउँदै भारत

नयाँदिल्ली/ भारतीय उद्धारकर्मीले एउटा भत्किएको सुरुङमा फसेका ४१ कामदारलाई बाहिर निकाल्न ठाडो सुरुङ बनाउने तयारी गरिरहेका छन् । फसेका कामदारलाई बाहिर निकाल्ने प्रयास दोस्रो हप्तामा पुगेको छ । एक्साभेटरले गत आइतबारदेखि उत्तरी हिमाली राज्य उत्तराखण्डमा निर्माणाधीन सुरुङबाट माटो, कंक्रिट र भग्नावशेष निकालिरहेका छन् । निरन्तर खसेको भग्नावशेषका साथै महत्त्वपूर्ण भारी ड्रिलिङ मेसिन बारम्बार बिग्रँदा वायुसेनाले नयाँ उपकरणमा दुईपटक एयरलिफ्ट गर्नुपर्दा उद्धार प्रयास सुस्त भएको छ । अधिकारीहरूका अनुसार भग्नावशेषका बीच कर्कस आवाजले 'आतंकको स्थिति' उत्पन्न भएपछि शुक्रबार राति ड्रिलिङ बन्द गरिएको थियो । इन्जिनियले भग्नावशेषको माध्यमबाट करिब ९० सेन्टिमिटर (करिब तीन फिट) चौडाइ भएको स्टिलको पाइप तेर्सो गरी चलाउने प्रयास गरिरहेका छन् । उद्धार कार्यमा संलग्न वरिष्ठ अधिकारी भाष्कर खुल्बेका अनुसार उद्धारकर्मीको टोलीले अहिले माथिबाट समेत पूरै नयाँ सुरुङ खन्ने विचार गरिरहेका छन् ।

नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
वैदेशिक रोजगार बोर्डको सचिवालय
बबरमहल, काठमाडौं ।

वैदेशिक रोजगार सन्तती छात्रवृत्ति कार्यक्रममा सहभागी हुने बारेको सूचना

(सूचना प्रकाशन मितिः २०८०/८/४)

वैदेशिक रोजगारीमा गई मृत्यु भएका वा शत प्रतिशत अशक्त भएका एवं वैदेशिक रोजगार कल्याणकारी कल्याणकारी कोषबाट यस सचिवालय मार्फत शत प्रतिशत आर्थिक सहायता प्राप्त गरेका श्रमिकका १८ वर्ष मुनिका बालबालिकाहरुलाई प्रदान गरिने छात्रवृत्ति प्राप्त गर्न योग्यता पुगेका सामुदायिक एवं संस्थागत विद्यालयमा अध्ययनरत विद्यार्थीहरुलाई सो कार्यक्रममा समावेश हुन यो सूचना प्रकाशन गरिएको छ । छात्रवृत्ति प्राप्त गर्न योग्यता पुगेका ईच्छुक विद्यार्थीहरुले वैदेशिक रोजगार सन्तती छात्रवृत्ति सञ्चालन कार्यविधि, २०८० कार्यविधि बमोजिम आ-आफ्नो विद्यालयमा निवेदन पेश गर्नुहुन साथै सम्बन्धित विद्यालयले आवश्यक कागजात सहित आ-आफ्नो स्थानीय तहमा सूचना प्रकाशन भएको मितिले ३५ दिनभित्र सिफारिस सहित पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ । छात्रवृत्ति सम्बन्धी थप बुझ्नुपरेमा सम्बन्धित स्थानीय तहको रोजगार सेवा केन्द्र वा वैदेशिक रोजगार बोर्डको सचिवालयमा सम्पर्क गर्न सकिनेछ । विस्तृत विवरण सचिवालयको वेवसाईट www.feb.gov.np बाट कार्यविधि डाउनलोड गरी प्राप्त गर्न सकिनेछ ।

कार्यकारी निर्देशक

कर्णाली प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
प्रदेश अस्पताल
वीरेन्द्रनगर, सुर्खेत

बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

(सूचना प्रकाशित मिति : २०८०/०८/०४)

यस अस्पतालद्धारा मिति २०८०/५/२९ गते आर्थिक राष्ट्रिय दैनिकमा र २०८०/०६/१७ गते मध्यान्ह राष्ट्रिय दैनिकमा प्रकाशित तपसिलको खरिद कार्य गर्न बिद्युतिय बोलपत्र आव्हानको सूचना अनुसार प्राप्त हुन आएका बोलपत्र मध्ये सारभूत रुपमा प्रभावग्राही तपसिलमा उल्लेखित बोलपत्रदाताको कबोल रकम न्युन मूल्यांकित रहेको हुदां सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ (२) को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

सि. न.	विवरण	बोलपत्रदाताको नाम, ठेगान	कबोल रकम (भ्याट बाहेक)	कैफियत
1	PH/Karnali/NCB-01/080-81 Procurement of Medicine for Free Distribution.	Unique Pharma Banke	**1624414.00**	
2	PH/Karnali/NCB-02/080-81 Procurement of Dialysis Commodities.	Subi International, Butwal.	**2119000.00**	
3	PH/Karnali/NCB-03/080-81 Procurement of Medicine for Free Program.	Unique Pharma Banke	**4876405.00**	
4	PH/Karnali/NCB-04/080-81 Procurement of Surgical Item for Free Program.	Shivaz Medicine Concern Nepalgunj.	**7303200.00**	
5	PH/Karnali/NCB-05/080-81 Procurement of Lab Reagent, Chemicals & Kit.	Surkhet Surgical & Medical Suppliers, Surkhet.	**4213255.00**	
6	PH/Karnali/NCB-09/080-81 Procurement of MRI, CT & DR-X ray Film.	Nihit Pharmaceutical Surkhet.	**Unit Rate**	All Items.

अस्पताल निर्देशक

६ वर्षमा ताप्लेजुङको लिम्बुनी पुलको एउटा मात्र पिलर निर्माण

ताप्लेजुङमा **केशवप्रसाद भट्टराई**



नेपालकै छोटो उत्तर-दक्षिण ओलाङचुङगोला लोकमार्गमा पर्ने तमोर नदीमाथिको पुल निर्माण सुरु भएको ६ वर्ष पुग्दा पनि निर्माण पूरा हुने टुंगो छैन । विराटनगरको रानी र ताप्लेजुङको टिप्ताला जोड्ने तमोर नदीमाथिको लिम्बुनी पुल ६ फागुन ०७४ मा २२ करोड पाँच लाख ७७ हजार आठ सय ९० रुपैयाँमा एम-एस सपना याक्थुङ जेभी काठमाडौँसँग निर्माण सम्झौता भएको थियो ।

सम्झौताअनुसार असार ०७७ सम्ममा सक्नुपर्ने भए पनि ६ वर्षमा एउटा पिल्लर मात्रै निर्माण भएको छ । एक सय दुई मिटर लम्बाइको पुल बनाउन ठेक्का लिने कम्पनीको लापरबाहीका कारण काम ढिला भएको स्थानीयको भनाइ छ । तमोर करिडोरको सुनसरीको चतरादेखि ताप्लेजुङको ओलाङचुङगोला पुग्न अब तीन सय मिटर मात्र ट्र्याक खुल्न बाँकी छ । तर, लिम्बुनी पुल चाँडो नबन्ने हो भने यो सडकको कुनै महत्त्व नहुने स्थानीय बताउँछन् ।

पाँचथरको हिलिहाङ र ताप्लेजुङको आठराई त्रिवेणी गाउँपालिका जोड्ने पुल निर्माणको ठेक्का लिएको कम्पनीले काम नगरेपछि स्थानीय जनप्रतिनिधि र प्रशासनले दबाब बढाउन थालेका छन् ।

आठराई त्रिवेणी गाउँपालिका अध्यक्ष दीपेन्द्र पोमू दीपेनको नेतृत्वमा जनप्रतिनिधिको टोली र ताप्लेजुङका प्रमुख जिल्ला अधिकारी हिरादेवी पौडेलको नेतृत्वमा सुरक्षा निकायका प्रमुखहरूको टोलीले पुल निर्माणको प्रगति अवलोकन गरेका छन् । 'प्रगति देखिएको छैन, लामो समयदेखि काम गरेको छैन,' आठराई त्रिवेणी गाउँपालिका अध्यक्ष पोमूले भने । निर्माण कम्पनीलाई पटक-पटक ताकेता गर्दा पनि वास्ता नगरेकाले अब विभिन्न क्षेत्रबाट दबाब बढाउनुपर्ने उनको भनाइ छ ।

यो पुल बन्न ढिलाइ हुँदा धनकुटा, ताप्लेजुङ, पाँचथर, संखुवासभा र तेह्रथुमलगायतका जिल्लाहरूको समृद्धिमा असर पुग्ने अध्यक्ष पोमूले बताए । निर्माण कम्पनीलाई काममा फर्काउन पाँचथरको हिलिहाङ गाउँपालिकासहित पाँचथर, ताप्लेजुङ र तेह्रथुमका जनप्रतिनिधिलगायत संघीय तथा प्रदेश सांसदहरूले संयुक्त पहल सुरु गरेको पनि उनले जानकारी दिए ।

प्रजिअ पौडेलले पुल निर्माण हुने क्षेत्रको एकातर्फको भाग पाँचथरको आङ्बुहाङतर्फ माथिबाट पहिरोसमेत झर्न थालेपछि त्यसको व्यवस्थापन गर्न समस्या हुने बताए । वारिपट्टि पाँचथरको आङ्बुहाङ, पारिपट्टि ताप्लेजुङको निघुरादिन हुँदै तेह्रथुमको ह्वाकुतर्फ प्रवेश गर्ने स्थल यहीँ हो । पक्की पुल नहुँदा अहिले आङ्बुहाङ र निघुरादिन प्रवेशमार्गमा पक्की पुल बन्ने स्थाननजिक रहेको झोलुंगे पुलबाट मोटरसाइकलसमेत तार्नुपर्ने अवस्था रहेको छ ।

Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक

लगानीकर्तामा आस जगाउन सकेनन् प्रिमियममा सेयर जारी गरेका कम्पनीले

भर्खरै प्रिमियममा निष्कासन भएका घोराही सिमेन्ट, मान्डु हाइड्रोपावर, सन लाइफ इन्स्योरेन्स, आइएमई लाइफ इन्स्योरेन्स, रिलायबल लाइफ इन्स्योरेन्स, सिटिजन लाइफ इन्स्योरेन्स, भगवती हाइड्रोपावर, सोनापुर मिनिरल्स एन्ड आयलको मूल्य सन्तोषजनक हुन सकेन

भोजराज भण्डारी/नयाँ पत्रिका

नेपालमा प्रिमियम मूल्यमा सेयर जारी गरेका कम्पनीले लगानीकर्तामा आस जगाउन सकेका छैनन् । कम्पनीलाई प्रिमियम मूल्यमा सेयर जारी गर्न धितोपत्र बोर्डले धमाधम अनुमति दिँदै गए पनि बजारमा भने उनीहरूको उपस्थिति सन्तोषजनक हुन सकेको छैन ।

हालसम्म नेपाल स्टक एक्सचेन्जमा आठवटा प्रिमियम मूल्यमा आइपिओ जारी भएका कम्पनी सूचीकृत छन् । ती कम्पनीका लगानीकर्ताले सन्तोषजनक नाफा पाउन सकेका छैनन् । तैपनि, नियामक निकाय नेपाल धितोपत्र बोर्डले प्रिमियम मूल्यमा सेयर निष्कासन गर्न एकपछि अर्को खुकुलो नीति ल्याएपछि प्रिमियम मूल्यमा सेयर जारी गर्न करिब एक दर्जन कम्पनी पाइपलाइनमा छन् ।

करिब ६ वर्षअघि प्रिमियमम मूल्यमा जारी भएको शिवम् सिमेन्टले समेत लगानीकर्तालाई उचित मुनाफा दिन सकेको छैन । त्यस्तै, भर्खरै प्रिमियममा निष्कासन भएका घोराही सिमेन्ट, मान्डु हाइड्रोपावर, सन लाइफ इन्स्योरेन्स, आइएमई लाइफ इन्स्योरेन्स, रिलायबल लाइफ इन्स्योरेन्स, सिटिजन लाइफ इन्स्योरेन्स, भगवती हाइड्रोपावर, सोनापुर मिनिरल्स एन्ड आयलको मूल्य पनि घटिरहेको छ ।

कम्पनीले जारी गरेको मूल्यभन्दा बजार तल खसेपछि नियामक निकायमाथि लगानीकर्ताले प्रश्न उठाउन थालेका छन् । नेपाल धितोपत्र बोर्डका पूर्वकार्यकारी निर्देशक नीरज गिरी प्रिमियम भन्दैमा लगानी गरिहाल्नुहुने बताउँछन् । उनले भने, 'नेपालमा पछिल्लो समय प्रिमियमा मूल्य घटेको विषयमा चर्चा छ, नियामक निकायलाई दोष दिने चलन छ, तर त्यो गलत हो, यसमा लगानीकर्ता नै सबैभन्दा बढी सचेत हुनुपर्छ ।'

पछिल्लो समय बोर्डले मनलाग्दी कम्पनीलाई प्रिमियममा आइपिओ जारी गर्न स्वीकृत दिएको भन्दै आलोचना हुँदै आएको छ । धितोपत्र बोर्डका प्रवक्ता मुक्ति श्रेष्ठले वित्तीय विवरण सबल भएको र मापदण्ड पुऱ्याएका कम्पनीले प्रिमियममा आइपिओ जारी गर्न पाउने बताए । धितोपत्र बोर्डले ल्याएको नीति विश्वव्यापी मान्यताअनुसार नै रहेको र प्रिमियममा सेयर अझ सस्तो रहेको उनको भनाइ छ ।

पछिल्लो समय बजार नै घटेको हुँदा सबै कम्पनीको सेयर मूल्य घटेको र प्रिमियमको मात्र घट्यो, लगानी डुब्यो भन्नु उचित नहुने नेपाल इन्भेस्टर्स फोरमका पूर्वअध्यक्ष छोटेलाल रौनियारले बताए । उनले भने, 'प्रिमियममा सेयर किन्नेहरूको अपेक्षा धेरै हुनु स्वाभाविक हो, तर अहिले त दुई वर्षदेखि नै बजार निरन्तर ओरालो लागेको छ, दोष दिने ठाउँ छैन ।' हाल नेप्से परिसूचक घटेर एक हजार आठ सय ४७ दशमलव ७० विन्दुमा आइपुगेको छ ।

नियामकलाई दोष दिनु गलत



प्रिमियम भन्दैमा लगानी गरिहाल्नुहुँदैन । नेपालमा पछिल्लो समय प्रिमियममा मूल्य घटेको विषयमा चर्चा छ, नियामक निकायलाई दोष दिने चलन छ, तर त्यो गलत हो, यसमा लगानीकर्ता नै सबैभन्दा बढी सचेत हुनुपर्छ, अर्को विकल्प छैन ।

● **नीरज गिरी**, पूर्वकार्यकारी निर्देशक, नेपाल धितोपत्र बोर्ड

बोर्ड जिम्मेवारी हुँदैन



वित्तीय विवरण सबल भएको र मापदण्ड पुऱ्याएका कम्पनीले प्रिमियममा आइपिओ जारी गर्न पाउँछन् । कुनै कम्पनी कमजोर-बलियो भन्ने हुँदैन, दीर्घकालीन नाफा गर्छ-गर्दैन भनेर हेर्ने जिम्मा स्वयं लगानीकर्ताको हो, बोर्ड जिम्मेवारी हुँदैन ।

● **मुक्ति श्रेष्ठ**
प्रवक्ता, धितोपत्र बोर्ड

■ शिवम् सिमेन्ट

प्रिमियम मूल्यमा सबैभन्दा धेरै सेयर जारी गर्ने कम्पनी शिवम् सिमेन्ट हो, जसले बोर्डबाट ७ असार ०७३ मा निष्कासनका लागि अनुमति पाएको थियो । प्रिमियममै सेयर जारी गरेको करिब ६ वर्ष बितिसक्दा पनि कम्पनीको सेयर मूल्यमा उत्साहजनक बढेको देखिँदैन । हाल कम्पनीको सेयर मूल्य चार सय ९६ रुपैयाँमा आइपुगेको छ । कम्पनीको सेयर हालसम्मको उच्चतम मूल्य १९ सय ७१ रुपैयाँ प्रतिकित्तासम्म पुगेको छ भने न्यूनतम तीन सय ५१ रुपैयाँ प्रतिकित्तासम्म झरेको छ । पाँच वर्षको अवधिमा कम्पनीले लगानीकर्तालाई बोनस सेयर दिएको छैन । नगद लाभांश मात्र दिँदै आएको छ । आर्थिक वर्ष ०७७/७८ मा सबैभन्दा धेरै २९ प्रतिशत नगद लाभांश दिएको छ । अघिल्लो आर्थिक वर्षको मुनाफाबाट कम्पनीले १० दशमलव ५३ प्रतिशत नगद लाभांश दिएको छ ।

■ घोराही सिमेन्ट

पछिल्लो समय प्रिमियम मूल्यमा आइपिओ निष्कासन गरेर चर्चामा आएको घोराही सिमेन्टको सेयर मूल्यमा पनि निरन्तर गिरावट आइरहेको छ । कम्पनीले सर्वसाधारणलाई अंकित मूल्य एक सय रुपैयाँमा ३३५ रुपैयाँ प्रिमियम थपेर प्रतिसेयर चार सय ३५ रुपैयाँमा सेयर निष्कासन गरेको हो । नेप्सेबाट पहिलो कारोबार चार सय ६५ रुपैयाँबाट सुरुवात गरेको हाल घटेर कम्पनीको सेयर मूल्य घटेर प्रतिकित्ता ४ सय ६ दशमलव २० पैसामा आइपुगेको छ । लगानीकर्ताले कम्पनीको सेयर किनेको मूल्यभन्दा प्रतिसेयर २९ रुपैयाँले लगानीकर्ता घाटामा छन् । कम्पनीको हालसम्मको उच्चतम मूल्य पाँच सय ८१ रुपैयाँसम्म पुगेको छ भने न्यूनतम मूल्य तीन सय ८१ रुपैयाँसम्म आइपुगेको छ ।

■ आइएमई लाइफ इन्स्योरेन्स

प्रिमियम मूल्यमा आइपिओ जारीको गरेको आइएमई लाइफ इन्स्योरेन्स कम्पनीको सेयर मूल्य प्रतिसेयर चार सय ६५ दशमलव १० रुपैयाँमा आइपुगेको छ । कम्पनीले प्रतिकित्ता सय रुपैयाँ अंकित मूल्यमा एक सय ३६ रुपैयाँ प्रिमियमसहित दुई सय ३६ रुपैयाँमा प्रतिकित्तामा आइपिओ निष्कासन गरेको थियो । समग्रमा हेर्दा कम्पनीको सेयर मूल्य नाफामै भए पनि पछिल्लो समय निरन्तर घटेको छ । कम्पनीको उच्चतम मूल्य ६ सय ४० रुपैयाँ ६० पैसासम्म पुगेको छ भने न्यूनतम चार सय ५० रुपैयाँ १० पैसासम्म पुगेको आइपुगेको छ । कम्पनीले पहिलो कारोबार पाँच सय २९ रुपैयाँ ५० पैसाबाट सुरु गरेको थियो ।

■ भगवती हाइड्रोपावर कम्पनी

भगवती हाइड्रोपावर कम्पनीले गत ५ भदौमा प्रतिकित्ता सय रुपैयाँ अंकित मूल्यमा १६ रुपैयाँ प्रिमियमसहित एक सय १६ रुपैयाँ प्रतिकित्तामा आइपिओ निष्कासन गरेको हो । नेप्सेबाट तीन सय ६१ रुपैयाँ १० पैसामा पहिलो कारोबार गरेको कम्पनीको सेयर मूल्य बढ्न सकेको छैन । कम्पनीको हालसम्म १५ पटक भएको भएको कारोबारमा नौपटक कम्पनीको सेयर मूल्यमा घटेको छ भने ६ वटा कारोबार बढेको छ । कम्पनीको सेयर मूल्य प्रतिसेयर उच्चतम तीन सय ८७ रुपैयाँसम्म पुगेको छ भने न्यूनतम तीन सय ५२ रुपैयाँसम्म आइपुगेको छ । हालसम्मको सेयर मूल्य तीन सय ७८ रुपैयाँ ४० पैसामा आइपुगेको छ ।

■ रिलायबल लाइफ इन्स्योरेन्स

रिलायबल लाइफ इन्स्योरेन्सले नेपाल धितोपत्र बोर्डबाट प्रतिकित्ता सय रुपैयाँ अंकित मूल्यमा एक सय ५७ रुपैयाँ प्रिमियमसहित दुई सय ५७ रुपैयाँमा एक करोड २० लाख कित्ता साधारण सेयर निष्कासन गर्ने अनुमति पाएको थियो । कम्पनीले ३१ भदौबाट पहिलो कारोबारमा गर्दा कम्पनीको मूल्य चार सय ८६ रुपैयाँ प्रतिसेयर मूल्य निर्धारण गरिएको थियो । हाल कम्पनीको सेयर मूल्य घटेर प्रतिकित्ता चार सय १५ मा आइपुगेको छ । कम्पनीको सेयर मूल्य प्रतिसेयर पाँच सय रुपैयाासम्म पुगेको छ भने न्यूनतम तीन सय ९८ रुपैयाँसम्म आइपुगेको छ । पछिल्लो समय बजार घटेसँगै कम्पनीको सेयर मूल्यमा निरन्तर गिरावट आइरहेको छ ।

■ सोनापुर मिनिरल्स एन्ड आयल

हालै मात्र प्रिमियम मूल्यमै आइपिओ जारी गरेको सोनापुर मिनिरल्स एन्ड आयल लिमिटेडको सेयर मूल्य पहिलो कारोबारदेखि नै नकारात्मक सर्किट लाग्दै आएको छ । कम्पनीले सर्वसाधारणलाई एक सय रुपैयाँ अंकित मूल्यमा १३७ दशमलज ५८ पैसा प्रिमियम थप गरी प्रतिकित्ता दुई सय ३७ दशमलव ५८ पैसाका दरले आइपिओ बिक्री गरेको थियो । नेप्सेमा सूचीकृत भएर कारोबारको सुरुवाती दिनदेखि नै कम्पनीको सेयर मूल्य लगातार चौथो दिनसम्म घटेको थियो । हाल सेयर दुई सय ५९ रुपैयाँ रहेको छ । पहिलो कारोबार कम्पनीले तीन सय ५० रुपैयाँबाट गरेको थियो । यो नै कम्पनीको उच्चतम कारोबार हो ।

■ मान्डु हाइड्रोपावर कम्पनी

मान्डु हाइड्रोपावरले नेपाल धितोपत्र बोर्डबाट प्रतिसेयर एक सय रुपैयाँ अंकित मूल्यमा प्रिमियम एक सय ६ रुपैयाँ थप गरी प्रतिकित्ता दुई सय ६ रुपैयाँमा १६ लाख ३६ हजार तीन सय ७० कित्ता आइपिओ बिक्रीको अनुमति पाएको थियो । कम्पनीको पहिलो कारोबार तीन सय ७३ रुपैयाँ २० पैसाबाट कारोबार हाल कम्पनीको सेयर मूल्य बढेर चार सय ५२ रुपैयाँ कायम रहेको छ । कम्पनीको उच्चतम सेयर मूल्य चार सय ६० रुपैयाँसम्म पुगेको छ भने न्यूनतम तीन सय ७३ रुपैयाँ रहेको छ ।

■ सन नेपाल लाइफ इन्स्योरेन्स

प्रिमियम मूल्यमा आइपिओ जारी गरेको सन नेपाल लाइफ इन्स्योरेन्सको पहिलो कारोबार चार सय ७५ रुपैयाँ २० पैसा रहेको थियो । हाल कम्पनीको सेयर मूल्य घटेर चार सय २६ दशमलव ८० रुपैयाँमा आइपुगेको छ । कम्पनीको २४ पटकको कारोबारमा कम्पनीको सेयर मूल्य ४९ रुपैयाँले घटेको छ । कम्पनीको उच्चतम मूल्य पाँच सय २२ रुपैयाँसम्म पुगेको छ भने न्यूनतम चार सय दुई रुपैयाँसम्म आइपुगेको छ । कम्पनीले प्रतिकित्ता एक सय रुपैयाँ अंकित मूल्यमा प्रिमियम एक सय ३९ रुपैयाँ थप गरी कुल दुई सय ३९ रुपैयाँमा आइपिओ निष्कासन गरेको थियो ।

■ सिटिजन लाइफ इन्स्योरेन्स

सिटिजन लाइफ इन्स्योरेन्स कम्पनीले अंकित मूल्य एक सय रुपैयाँमा एक सय ४४ रुपैयाँ प्रिमियम थपेर प्रतिकित्ता दुई सय ४४ रुपैयाँमा सेयर निष्काशन गरेको हो । कम्पनीको पहिलो कारोबार प्रतिसेयर पाँच सय आठ रुपैयाँका दरले पाएको थियो । हाल कम्पनीको सेयर मूल्य चार सय ५ दशमलव ६० रुपैयाँमा आइपुगेको छ । कम्पनीको न्यूनतम मूल्य तीन सय ८१ रुपैयाँसम्म झरेको छ भने उच्चतम मूल्य पाँच सय आठ रुपैयाँसम्म पुगेको छ ।

कुमारी बैंक लिमिटेड शाखा कार्यालय बाग्लुङ्को धितोमा रहेको सम्पत्ति लिलाम बिक्रीको लागि १५ दिने गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना

(प्रकाशित मिति २०८०/०८/०४ गते नयाँ पत्रिका दैनिक)

यस कुमारी बैंक लिमिटेड शाखा कार्यालय शाखा कार्यालय बाग्लुङ्गबाट तपसिलमा उल्लेखित ऋणीले प्राप्त गरेको ऋणकर्जाको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज आदि चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत नतिरी नबुझाई बैंकसंग भएको ऋणकर्जा सम्बन्धी शर्तबन्देजहरु उल्लंघन गरेको हुनाले निज ऋणीलाई सम्पूर्ण कर्जा, सो कर्जाको ब्याज, पेनाल ब्याज तथा अन्य दै दस्तुरहरु तिर्न बुझाउनको लागि ३५ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत निज ऋणीले प्राप्त ऋणकर्जाको बैंकलाई तिर्न बुझाउनु पर्ने ऋणकर्जाको साँवा, ब्याज, पेनाल ब्याज आदि चुक्ता भुक्तान नगरेकाले बैंकलाई कर्जाको सुरक्षण बापत धितोबन्धक लेखिदिएको तपसिलमा उल्लेखित सम्पत्ति तथा सोको लिगलगापातहरु समेत जहां जे जस्तो अवस्था र परिमाणमा छ, सोही अवस्था र परिमाणमा बिक्री गर्न यो १५ दिने लिलाम सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको **मितिले १६ औं दिन अर्थात मिति २०८० मंसिर १९ गते मंगलबार**का दिन शाखा कार्यालय शाखा कार्यालय बाग्लुङ्गमा गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गरिने भएको हुँदा सर्वसाधारणको जानकारीको लागि यो गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना प्रकाशित गरिएको छ । धितोमा रहेको अचल सम्पत्तिहरु सकार गरी लिन ईच्छुक महानुभावहरुले देहायका शर्तबन्देजहरुको अधिनमा रहि गोप्य शिलबन्दी बोलपत्र दिन सक्नुहुनेछ ।

तपसिल

ऋणीको विवरण:
कम्पनी ऐन, २०६३ (संशोधन सहित) बमोजिम, नेपाल सरकार, उद्योग मन्त्रालय, कम्पनी रजिष्टारको कार्यालयमा मिति २०७४/०५/२७ मा दर्ता नं. १७५०७९/०७४/०७५ कायम भई दर्ता रहेको बाग्लुङ्ग जिल्ला, बाग्लुङ्ग न.पा. वडा नं. ०३ स्थित रजिष्टर्ड कार्यालय रहेको **सेभेन स्टेट बिल्डर्स प्रा.लि. ।**

सञ्चालक तथा व्यक्तिगत जमानीकर्ताहरुको विवरण:
१. पुर्ण बहादुरको नाति, भिम बहादुर खड्का क्षेत्रीको छोरा, बाग्लुङ्ग जिल्ला, पालाकोट गा.वि.स., वडा नं. ०३ स्थायी ठेगाना भई हाल बाग्लुङ्ग जिल्ला, काठेखोला गा.पा. वडा नं. ०२ बस्ने **दिपेन्द्र बहादुर खड्का** (ना.प्र.नं. ५०१००३/३८२३, जारी मिति २०६४/०४/२०, जिल्ला प्रशासन कार्यालय, बाग्लुङ्ग) ।
२. जर्सविरको नाति, पुर्ण बहादुरको छोरा, बाग्लुङ्ग जिल्ला, पाला गा.वि.स. वडा नं. ०२ स्थायी ठेगाना भई हाल बाग्लुङ्ग जिल्ला, काठेखोला गा.पा. वडा नं. ०२ बस्ने **भिम बहादुर खड्का क्षेत्री** (ना.प्र.नं. २४२, जारी मिति २०२८/०२/१२, जिल्ला प्रशासन कार्यालय, बाग्लुङ्ग) ।
३. जंङ्ग बहादुर कार्कीको नाति, मान बहादुर कार्कीको छोरा, बाग्लुङ्ग जिल्ला, पालाकोट गा.वि.स. वडा नं. ०७ स्थायी ठेगाना भई हाल बाग्लुङ्ग जिल्ला, काठेखोला गा.पा. वडा नं. ०२ बस्ने **सन्तोष बहादुर कार्की** (ना.प्र.नं. ५०१००३/१८८९८, जारी मिति २०६७/०२/१९, जिल्ला प्रशासन कार्यालय बाग्लुङ्ग) ।
४. पुर्ण बहादुरको बुहारी, दिलबहादुर घर्ती क्षेत्रीको छोरी, भिम बहादुर खड्का क्षेत्रीको पत्नी, बागलुङ्ग जिल्ला, पाला गा.वि.स. वडा नं. ०३ स्थायी ठेगाना भई हाल बाग्लुङ्ग जिल्ला, काठेखोला गा.पा. वडा नं. ०२ बस्ने **गिता खड्का** (ना.प्र.नं. १४७८/६८८, जारी मिति २०४६/०२/२५, जिल्ला प्रशासन कार्यालय बाग्लुङ्ग) ।

लिलाम हुने सम्पत्तिको विवरण:
१. **भिम बहादुर खड्का क्षेत्री**को नाममा मालपोत कार्यालय बाग्लुङ्गमा दर्ता कायम भएको बाग्लुङ्ग जिल्ला, पाला गा.वि.स. वडा नं १ (हालको बाग्लुङ्ग जिल्ला, काठेखोला गा.पा. वडा नं १) स्थित कित्ता नं. ८९६ र ८९७ को क्षेत्रफल क्रमश: ०-०-२-० र ०-०-३-१ (रोपनी) को घर/जग्गा आदि सम्पूर्ण लिगलगापातहरु समेत ।
२. **गिता खड्का**को नाममा मालपोत कार्यालय बाग्लुङ्गमा दर्ता कायम भएको बाग्लुङ्ग जिल्ला, भिमपोखरा गा.वि.स वडा नं.६ (हाल बाग्लुङ्ग जिल्ला, काठेखोला गा.पा. वडा नं.२) स्थित कि.नं. १७३५ को क्षेत्रफल १-४-१-० (रोपनी) को घर/जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत ।
३. धनि कुमारी बैंक लि. (साबिक एन सी.सी. बैंक लि.) र ऋणी **सेभेन स्टेट बिल्डर्स प्रा.लि.** कायम रही गण्डकी अञ्चल यातायात व्यवस्था कार्यालय कास्कीमा दर्ता कायम च्यासिस नं. MAT448053K2R01466, ईन्जिन नं. 91A63763853, सवारी नं. ग १ क ४७४१ को TATA TRUCK गाडी थान १ ।
४. धनि कुमारी बैंक लि. (साबिक एन सी.सी. बैंक लि.) र ऋणी **सेभेन स्टेट बिल्डर्स प्रा.लि.** कायम रही धौलागिरी अञ्चल यातायात व्यवस्था कार्यालय बाग्लुङ्गमा दर्ता कायम च्यासिस नं. NH2416972, ईन्जिन नं. 2248438DT, सवारी नं. ध १ त ४५६ को New Holland Tractor, 5500, गाडी थान १ ।
५. धनि कुमारी बैंक लि. (साबिक एन सी.सी. बैंक लि.) र ऋणी **सेभेन स्टेट बिल्डर्स प्रा.लि.** कायम रही धौलागिरी अञ्चल यातायात व्यवस्था कार्यालय बाग्लुङ्गमा दर्ता कायम च्यासिस नं. NH246999, ईन्जिन नं. 224847DT, सवारी नं. ध १ त ४५५ को New Holland Tractor, 5500, गाडी थान १ ।

शर्तबन्देजहरु:
१. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको **मितिले १५ दिन अर्थात २०८० मंसिर १८ गते** भित्र बैंकको शाखा कार्यालय बाग्लुङ्गमा कार्यालय समय भित्र प्राप्त भई सक्नु पर्नेछ ।
२. बोलपत्र फारम कुमारी बैंक लिमिटेडको शाखा कार्यालय बाग्लुङ्गबाट रु. ५००/- तिरी प्राप्त गर्न सकिनेछ । उक्त बोलपत्रमा बोलपत्रवालाको हस्ताक्षर सहित शिलबन्दी गरी बाहिर (घर/जग्गाको बोलपत्र) समेत प्रस्ट रुपमाले लेखिएको हुनुपर्नेछ ।
३. बोलपत्रमा आफुले लिन चाहेको धितोमा रहेको सम्पत्ति, के कति रकममा सकार गरी लिन चाहेको हो, स्पष्ट गरी अंक तथा अक्षरमा लेखिएको हुनुपर्नेछ र आफुले कबोल गरेको रकमको १० (दश) प्रतिशतको दरले हुने धरौटी बापत रकम कुमारी बैंक लि.मा जम्मा गरेको भौचर, कुमारी बैंक लि. को नाममा गुड फर पेमेन्ट (Good For Payment) चेक बनाई बोलपत्रको साथमा संलग्न गरेको हुनुपर्नेछ, सो बाहेक अन्य कुनै किसिमका धरौटी स्वीकार गरिने छैन र त्यस्तो धरौटी रकममा कुनै ब्याज दिईने छैन ।
४. यो सूचना प्रकाशित भएको **मितिले १६ (सोहौं) दिन अर्थात २०८० मंसिर १९ गते ३:०० बजे** देखि बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको रोहवरमा बैंकको शाखा कार्यालय बाग्लुङ्गमा बोलपत्र खोलिनेछ । बोलपत्रदाता वा निजको प्रतिनिधिको अनुपस्थितीले मात्र बोलपत्र खोल्न बाधा पुग्ने छैन ।
५. बोलपत्र बुझाउने अन्तिम मितिमा बैंक बिदा परेमा सोको लगत्तै पछि बैंक खुलेको दिन बोलपत्र बुझाउन सकिनेछ । बोलपत्र खोलिने दिन बिदा परेमा समेत बिदाको लगत्तै पछि बैंक खुलेको दिन बोलपत्र खोलिनेछ ।
६. म्याद नाघी वा रीत नपुगी आएको तथा शर्त राखी दिएको बोलपत्र उपर कुनै कारवाही गरिने छैन ।
७. बोलपत्र स्वीकृत भएमा सम्बन्धित बोलपत्रदाताले सोको सूचना पाएको मितिले १५ (पन्ध्र) दिन भित्र बोल कबोल गरेको धरौटी बाहेकको बाँकी रकम बैंकमा जम्मा गर्नुपर्नेछ । अन्यथा धरौटी बापत जम्मा भएको रकम जफत हुनेछ ।
८. लिलाम गरिएको सम्पत्ति दाखेल खारेज गर्दा सम्बन्धित अड्डामा लाग्ने दै दस्तुर लिलाम सकार गरी लिनेले नै व्यहोर्नु पर्नेछ ।
९. लिलाम हुने सम्पत्ति सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा कार्यालय समय भित्र बैंकको शाखा कार्यालय बाग्लुङ्गमा सम्पर्क राखी प्राप्त गर्न सकिनेछ ।
१०. धितो सम्पत्ति लिलाम बिक्री गर्दा कसैले नसकारेमा वा लिलाममा कसैले भाग नलिएमा समेत बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन तथा प्रचलित कानुन बमोजिम बैंकले उक्त सम्पत्तिको स्वामित्व आफुमा सकार गरी लिन सक्नेछ ।
११. गोप्य शिलबन्दी बोलपत्र प्राप्त भएको वा नभएको कारणले बैंक आफैले सकार गर्न कुनै बाधा पर्ने छैन ।
१२. प्राप्त भएको गोप्य शिलबन्दी बोलपत्र अन्तर्गत सबै भन्दा बढि अंक बोल्नेलाई समेत बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार बैंकमै सुरक्षित राखिएको छ ।
१३. धितोबन्धक लेखिदिएको उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा बैंक आफैले सकार गर्दाको अवस्थामा समेत बैंकको सम्पूर्ण लेना असुल उपर नभएमा प्रचलित ऐन कानुन बमोजिम असुल उपर गरिनेछ ।

बोलपत्र खोलिने मिति २०८० मंसिर १९ गते मंगलबार अपरान्ह ३:०० बजे

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि
शाखा कार्यालय बाग्लुङ्ग फोन नं. ०६८-५२२४७२

डेडिकेटेड र ट्रंक लाइनको विद्युत् महसुल विवाद

यसै सातादेखि उद्योगको लाइन काट्ने तयारी

मिलन विश्वकर्मा/नयाँ पत्रिका

१७ भदौ ०८० मा नेपाल विद्युत् प्राधिकरणले सार्वजिनक सूचना जारी गर्दै १५ दिनभित्र उद्योगीहरूलाई डेडिकेटेड फिडर र ट्रंक लाइनबापतको बक्यौता नतिरे लाइन काट्ने चेतावनी दियो । तर, सो म्याद नसकिँदै उद्योगीहरूको पहलमा २५ भदौमा प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङलाई फोन गरेर लाइन काट्ने प्रक्रिया तत्काल स्थगित गर्न निर्देशन दिए । उक्त महसुलबारे अध्ययन भइरहेको बताउँदै उनले निर्क्योल नभएसम्म उद्योगहरूको विद्युत नकाट्न निर्देशन दिएपछि प्राधिकरणले उक्त प्रक्रिया स्थगित पनि गऱ्यो । तर, प्रधानमन्त्रीको मौखिक निर्देशन भएको दुई महिना बितिसक्दा पनि उच्चस्तरीय सरकारी निकायबाट विवाद समाधान गर्ने मामिलामा कुनै पनि काम भएको छैन । प्रधानमन्त्रीले नै निर्देशन दिएपछि यो विवाद समाधान गर्न प्रधानमन्त्रीको कार्यालय, ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय, विद्युत् नियमन आयोगजस्ता सम्बन्धित निकायहरूले केही समन्वयनकारी काम गर्ने आसमा प्राधिकरण थियो । तर, कुनै पनि सरकारी निकायबाट यसबारे कुनै पनि समन्वयन तथा पहल नभएको प्राधिकरणका एक अधिकारीले बताए ।

■ उद्योगलाई ५ मंसिरसम्म बक्यौता तिर्ने समय

उच्चस्तरीय सरकारी निकायबाट कुनै पनि समन्वयन नभएपछि उद्योगहरूको लाइन काट्ने तयारीमा प्राधिकरण अघि बढेको छ । प्रधानमन्त्रीको निर्देशनपछि पनि प्राधिकरणले पटक-पटक बक्यौता तिर्न उद्योगीहरूलाई आह्वान गरिरहेको छ । तर, उद्योगीहरूले त्यसलाई बेवास्ता गर्दै आएका छन् । अब पनि बेवास्ता गरेमा यसै साता (मंसिर पहिलो साता) सम्बन्धित उद्योगको लाइन काट्ने प्राधिकरणका एक अधिकारीले बताए । प्राधिकरणले ५ मंसिरसम्मको म्याद राखेर यसअघि नै बक्यौता तिर्ने सूचना जारी गरेको छ । ५ मंसिरसम्म सम्बन्धित उद्योगहरूले बक्यौता नतिरेमा लाइन काटिने उक्त अधिकारीले बताए ।

प्राधिकरणले अहिले नियमित विद्युत् महसुल नतिरेका २६ हजार दुई सय ४४ ग्राहकको लाइन काटिसकेको छ । १२ कात्तिकदेखि तिहारअघिसम्मको अवधिमा प्राधिकरणले महसुल नतिर्ने उद्योग, घरायसी तथा सरकारी कार्यालय गरेर सोबराबरको ग्राहकको लाइन काटिसकेको छ । साना-साना महसुल नतिर्ने ग्राहकको लाइन काट्ने, तर डेडिकेटेड र ट्रंक लाइनको अर्बौं शुल्क नतिर्ने उद्योगको लाइन नकाट्ने भनेर टिप्पणी पनि भइरहेको छ । त्यसले गर्दा पनि प्राधिकरणलाई डेडिकेटेड र ट्रंक लाइनको महुसल नतिर्ने उद्योगको लाइन काट्न नैतिक दबाब छ ।

'प्रधानमन्त्रीको निर्देशनपछि सम्बन्धित निकायहरू यसबारे समन्वय गर्न आएका छैनन् । त्यो अवस्थामा हामी सधैँभरि मौन बस्न सक्दैनौँ । यसै साताबाट बक्यौता नतिर्ने ग्राहकको लाइन काट्ने तयारी गरेका छौँ,' उनले भने, 'यसबीचमा कुनै आधिकारी निकायबाट विश्वसनीय निर्देशन तथा प्रतिबद्धता नआएमा लाइन काट्छौँ । यसका लागि आन्तरिक तयारी गरिरहेका छौँ ।'

यसअघि प्राधिकरणले फागुन ०७६ मा यस्तो शुल्क नतिर्ने ग्राहकको लाइन काटेको थियो । तर, राजनीतिक तथा सरकारकै दबाबमा तत्काल नै सम्बन्धित उद्योगहरूमा लाइन जडान गरिएको थियो । त्यसवेला यो विवादबारे अध्ययन भइरहेकाले प्राधिकरणलाई लाइन काट्न विश्वसनीय आधार भने थिएन । त्यसवेला मन्त्रिपरिषद्ले नै प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङलाई लाइन काटेको विषयमा स्पष्टीकरण सोधेको थियो । त्यसपछि ऊर्जासचिव दिनेशकुमार घिमिरेको सयोजकत्वमा बनेको कमिटीले तयार गरेको अध्ययन प्रतिवेदन मन्त्रिपरिषद्बाट स्वीकृत भएपछि प्राधिकरणले पटक-पटक लाइन काट्ने चेतावनी दिँदै आएको छ । प्राधिकरणसँग नीतिगत रूपमा लाइन काट्ने आधार पनि छ । तर, त्यसले सफलता पाउन सकेको छैन । प्राधिकरणका अनुसार ६३ उद्योगमा डेडिकेटेड फिडर तथा ट्रंक लाइनको २१ अर्ब ८७ करोड ८५ लाख बक्यौता छ ।

■ उद्योगी र प्राधिकरणबीच के हो विवाद ?

नेपालमा लोडसेडिङ भएका वेला प्राधिकरणले प्रचलितभन्दा ६५ प्रतिशत महँगो महसुल दरमा उद्योगलगायतका अत्यावश्यक क्षेत्रमा दैनिक न्यूनतम २० घन्टादेखि २४ घन्टासम्म नै विद्युत् उपलब्ध गराएको थियो । विशेष गरी ०७२ साउनदेखि ३१ वैशाख ०७५ सम्म डेडिकेटेड फिडर र ट्रंक लाइनमार्फत बिजुली दिइएको थियो । जुनवेला उद्योगहरूले महँगोमा बिजुली किनेको भन्दै सिमेन्टजस्ता आफ्ना उत्पादनको मूल्यसमेत बढाएका थिए । ३१ वैशाख ०७५ यता भने लोडसेडिङ अन्त्य भएको थियो ।

तर, कानुनअनुसार प्राधिकरणलाई विद्युत् महसुल दर तोक्ने अधिकार छैन । त्यसैले प्राधिकरणले असार ०७२ मा निर्धारण गरेको डेडिकेटेड फिडर र ट्रंक लाइन महसुल दर अनुमोदनका लागि तत्कालीन विद्युत् महसुल निर्धारण आयोगमा पठायो । आयोगले २९ पुस ०७२ मा मात्रै त्यो अनुमोदन गरेको थियो । तर, त्यो कहिलेदेखि लागू गर्ने भनेर मिति तोकिएन । त्यो अवस्थामा उद्योगहरूले आयोगबाट अनुमोदन भएको मितिदेखि मात्रै यो लागू गर्नुपर्ने भनेर पहिलाको महसुल तिरेका छैनन् । यही विषयमा शिवम् सिमेन्टले पनि सर्वोच्चमा रिट हालेको थियो । सर्वोच्चले पनि त्यसमा शिवम्लाई २९ पुस ०७२ पछिको मात्रै डेडिकेटड फिडर र ट्रंक लाइनबापतको महसुल लिन भनेको थियो । तर, अन्य उद्योगको हकमा के हुने भनेर सर्वोच्चको फैसलाले खुलाएन । त्यसले गर्दा यो विषय विवादमा छ । २९ पुसदेखि वैशाख ०७५ सम्म (लोडसेडिङ अवधि)को महसुल पनि विवादमा छ । किनकि, त्यसबीचमा कतिपय उद्योगहरूले यस्तो बिजुली प्रयोग नगरे पनि डेडिकेटेड फिडर र ट्रंक लाइनअनुसार बिल आएको बताएका छन् ।

लोडसेडिङ अन्त्य भएपछिको अवस्थामा भने यो प्राविधिक रूपमा द्विविधामा छ । लोडसेडिङ सकिएपछि उद्योगहरूले सामान्य रूपमा नै बिजुली पाएका छन् । तर, प्राधिकरणले भने डेडिकेटेड फिडर र ट्रंक लाइनअनुसार नै बिल पठाएको छ । किनकि, प्राधिकरणसँग विद्युत् महसुल दर निर्धारण गर्ने अधिकार नभएपछि लोडसेडिङ अन्त्य भए पनि डेडिकेटेड र ट्रंक लाइनको विद्युत् महसुल दर खारेज गर्न सकेन ।

साथै, त्यसवेला आयोग पनि खारेज गरेर विद्युत् नियमन आयोग स्थापना गर्ने तयारी थियो । त्यसपछि प्राधिकरणले लोडसेडिङ सकिएपछि पनि डेडिकेटेड फिडर र ट्रंक लाइनको महसुल दरअनुसार नै बिल पठायो । पछि सरकारले असार ०७७ असारदेखि लागू हुने गरी नयाँ विद्युत् महसुल दर ल्याएर यसलाई हटायो । त्यसपछि भने प्राधिकरणले डेडिकेटेड फिडर र ट्रंक लाइनअनुसार बिल पठाउन छाडेको छ । तर, वैशाख ०७५ देखि जेठ ०७७ सम्मको अवधि पनि यसमा विवाद छ । । यसमा उद्योगहरूले लोडसेडिङ अन्त्य भएपछि योअनुसारको बिल भुक्तानी नगर्ने भनेर अडान राखेका छन् । यसबापत ६३ उद्योगले २१ अर्ब ८७ करोड ८५ लाख रुपैयाँ तिर्नुपर्ने प्राधिकरणको दाबी छ । त्यो रकम उठाउनुपर्ने भनेर महालेखाले आफ्ना पछिल्ला प्रतिवेदनहरूमा उल्लेख गर्दै आएको छ ।

विद्युत् महसुल संकलन विनियमावली, २०७८ बमोजिम मिटर रिडिङ भएको १६औँ दिनदेखि थप दस्तुर आकर्षित हुने व्यवस्था छ । मिटर रिडिङ भएको मितिले १६औँ दिनदेखि ३०औँ दिनसम्म ५ प्रतिशतका दरले र ३१औँ दिनदेखि ४०औँ दिनसम्म १० प्रतिशतका दरले थप दस्तुर लाग्ने प्रावधान छ । मिटर रिडिङ भएको मितिले ४०औँ दिनसम्म पनि विद्युत् महसुल नबुझाउने उपभोक्तालाई ४१औँ दिनदेखि बिलको २५ प्रतिशतका दरले थप दस्तुर लाग्ने व्यवस्था छ । यसरी २५ प्रतिशतका दरले थप दस्तुर लागेको ६०औँ दिनसम्म पनि बक्यौता महसुल नबुझाएमा लाइन काट्ने व्यवस्था छ । लाइन काटेको ६ महिनासम्म पनि बक्यौता महसुल नबुझाउने उपभोक्तालाई कालोसूचीमा राखी असुली प्रक्रिया अगाडि बढाउने प्रावधान छ । विनियमावलीको यही प्रावधानका आधारमा मिटर रिडिङ भएको मितिले ६०औँ दिनसम्म पनि बक्यौता विद्युत् महसुल भुक्तान नगर्ने उपभोक्ताको चरणबद्ध रूपमा विद्युत् लाइन काटी बक्यौता महसुल असुलउपर गर्ने रणनीति लिएको प्राधिकरण वितरण तथा ग्राहक सेवा निर्देशनालयका उपकार्यकारी निर्देशक मनोज सिलवालले बताए ।

निटको टायल्सको प्रयोगात्मक केन्द्र काठमाडौंमा सञ्चालन

नयाँ पत्रिका

निटको टायल्स कम्पनीले नेपालमा हालसम्मकै ठूलो प्रयोगात्मक केन्द्र सञ्चालनमा ल्याएको छ। आइतबार निटको टायल्स मार्बलले काठमाडौंको बत्तीसपुतलीमा आफ्नो सबैभन्दा ठूलो प्रयोगात्मक केन्द्रको उद्घाटन गरेको हो।

नयाँ केन्द्रले टायल्स क्षेत्रको प्रयोगात्मक मञ्च प्रदान गर्ने कम्पनीको दाबी छ। काठमाडौंमा केन्द्रले ग्राहकको प्रिमियम टायल, मार्बल र मोज्याक टायलसम्बन्धी ग्राहकलाई प्रयोगात्मक अनुभव प्रदान गर्ने मार्केटिङ उपाध्यक्ष सुव्रत वासुले बताए। निटको टायल्स तथा मार्बलको नयाँ प्रयोगात्मक केन्द्रमा ग्राहकले डिजाइन र नवीनताको संसारमा रहेको अद्भुत अनुभव गर्न सक्ने उनको भनाइ छ।

प्रयोगात्मक केन्द्रको स्थापना सबै प्रकारका घर तथा व्यावसायिक स्थानका लागि डिजाइन, विचार तथा अन्य सामानको उच्चस्तरीय इन्टेरियर डिजाइनका साथ अत्याधुनिक प्रविधिको प्रयोगमा सतही समस्या समाधान र अन्तर्क्रियाका लागि यस केन्द्रको स्थापना गरिएको हो।



गरिएको कम्पनीको दाबी छ। उच्चस्तरीय इन्टेरियर डिजाइनका साथ अत्याधुनिक प्रविधिको प्रयोग गरेर ग्राहकको सतही समस्या समाधान र अन्तर्क्रियाका लागि यस प्रयोगात्मक केन्द्रको स्थापना गरिएको कम्पनीले जनाएको छ।

उत्पादन प्रदर्शनका लागी स्थापित केन्द्रमा निटको टायल्सले सुरुचिपूर्ण भुइँ तथा भित्ता टायल, मार्बल र मोज्याकका आधुनिक तवरका डिस्प्लेहरू रहेका छन्। जहाँ ग्राहकलाई छुने र कसरी निटकोका उत्पादनले आफ्नो ठाउँमा रूपान्तरण गर्न सक्छन् भनेर कल्पना गर्न मद्दत गर्ने नेपालका वरिष्ठ क्षेत्रीय हेड उत्तम रिमालले बताए।

कम्पनीका अनुसार प्रयोगात्मक केन्द्रमा भर्चुअल रियालिटी डिजाइन स्टुडियोसमेतको व्यवस्था गरिएको छ। रिमालले भने, 'भर्चुअल रियालिटी डिजाइन स्टुडियो ग्राहकलाई आफूले खरिद गर्न चाहेका विभिन्न उत्पादन उनीहरूका घरमा वा व्यावसायिक स्थानमा कस्तो देखिन्छ भनेर छानिएका डिजाइनहरू भर्चुअल रूपमा हेर्न मिल्ने उपकरण हो।'

त्यस्तै, केन्द्रमा प्रदान गरिने डिजाइन परामर्श अर्को विशेषताका रूपमा रहेको छ। यसमा विशेषज्ञ डन्टेरियर डिजाइनद्वारा ग्राहकलाई घर वा व्यावसायिक परियोजनाका लागि आवश्यक टायल्स मार्बल र मोज्याकहरूको उत्तम लुक्स र डिजाइन सिर्जना गर्न परामर्श प्रदान गर्ने कम्पनीले जनाएको छ।

कम्पनीका अनुसार नयाँ उत्पादनको प्रदर्शन गर्न भुइँ र भित्ता टायल, मार्बल र मोज्याकका नयाँ डिस्प्लेहरू पाउनेछन्। जसमा उपभोक्ताले सोरुममा पूरै अवलोकन गरी आफ्नो ठाउँमा कसरी रूपान्तरण गर्न सकिन्छ भनेर कल्पना गर्न मद्दत गर्न सहयोग पुऱ्याउने कम्पनीको भनाइ छ। नेपालका लागि वरिष्ठ क्षेत्रीय प्रबन्धक रिमालका अनुसार नेपाल टायल्सका लागि बढ्दो बजार हुनुका साथै ग्राहकले राम्रो जीवनशैली र गुणस्तरीय उत्पादन खोज्ने हुनाले उनीहरूको सन्तुष्टिका लागि यो प्रयोगात्मक केन्द्र सञ्चालनमा ल्याइएको हो।

युसिएलजीको सहअध्यक्षमा ढुंगाना

काठमाडौं/ युनाइटेड सिटी अफ लोकल गभर्मेन्ट एसिया प्रशान्त क्षेत्रको सहअध्यक्षमा नेपाल नगरपालिका संघका अध्यक्ष भीमप्रसाद ढुंगाना निर्वाचित भएका छन्। चीनको इयु सहरमा भएको अधिवेशनले ढुंगानालाई सहअध्यक्षमा चयन गरेको हो। अहिले निर्वाचित समितिको कार्यकाल तीन वर्षको हुनेछ। यस संस्थामा एसिया प्रशान्त क्षेत्रका स्थानीय सरकारहरू सदस्यका रूपमा रहेका छन्। ढुंगाना हाल नीलकण्ठ नगरपालिका धादिङका नगर प्रमुख छन्।

ग्रिन डेभलपमेन्ट बैंकको सिइओमा गुरुङ



काठमाडौं/ गण्डकी प्रदेशको पोखरामा केन्द्रीय कार्यालय रहेको ग्रिन डेभलपमेन्ट बैंक लिमिटेडका नायब प्रमुख कार्यकारी अधिकृतमा प्रकाश गुरुङ नियुक्त भएका छन्। दुई दशकभन्दा लामो बैंक तथा वित्तीय क्षेत्रमा कार्य-अनुभव रहेका गुरुङलाई सञ्चालक समितिले नायब प्रमुख कार्यकारी अधिकृतमा नियुक्त गरेको हो।

नवनियुक्त गुरुङ वित्तीय संस्थाहरूको दीर्घकालीन व्यावसायिक योजना, रणनीति तर्जुमा तथा कार्यान्वयनमा कुशल तथा नेतृत्वदायी भूमिका निर्वाह गरी कुशल व्यवस्थापकका रूपमा स्थापित भएको बैंकको भनाइ छ। उनी यसअघि साइन रेसुंगा डेभलपमेन्ट बैंकको नायब प्रमुख कार्यकारी अधिकृत तथा पोखरा फाइनान्सको सञ्चालकको भूमिकामा रही कार्यसम्पादन गरिसकेको उल्लेख छ।

नवनियुक्त नायब प्रमुख कार्यकारी अधिकृत गुरुङले बैंकको उच्च व्यवस्थापनमा आबद्ध भई बैंकलाई थप सबल र सुदृढ बनाउन आफ्नो अहं भूमिका रहने बताए।

एकल महिलालाई आत्मनिर्भर बनाउन बाख्रा वितरण



ताप्लेजुङ/ ताप्लेजुङको फुङलिङ नगरपालिका-८ का एकल महिलालाई आत्मनिर्भर बन्न सहयोग पुग्ने उद्देश्यले उन्नत जातका बाख्रा वितरण गरिएको छ। गाउँका एकल महिलाका लागि वडा कार्यालयको सहयोगमा निःशुल्क बाख्रा वितरण गरिएको हो।

फुङलिङ नगरपालिका-८ का वडाध्यक्ष क्षितिज सुनुवारले वडावासी एकल महिलालाई आत्मनिर्भर बनाउन सहयोग गर्ने उद्देश्य राखेर उन्नत जातका बाख्रा वितरण गरिएको बताए। वडाभित्रका ६० वर्षभन्दा कम उमेर भएका ३३ जना एकल महिलालाई एक-एकवटा बाख्रा निःशुल्क वितरण गरिएको उनले जानकारी दिए। उनका अनुसार वडा कार्यालयले उन्नत जातको बाख्रा निःशुल्क वितरण गरेपछि लाभग्राही महिला हर्षित भएका छन्। वडा कार्यालयबाट बाख्रा पाएपछि राहतको महसुस गरेका एकल महिलाले थोरै भए पनि वडाले दिएको सहयोगले दैनिकी चलाउन टेवा पुग्ने बताएका छन्।

वडा कार्यालयले निःशुल्क उपलब्ध गराएको बाख्रा कम्तीमा दुई वर्षसम्म आफ्नो घरमा पालेको हुनुपर्ने सर्त राखिएको छ। समय-समयमा हुने अनुगमनका क्रममा घरमा बाख्रा नपालेको पाइएमा वडा कार्यालयबाट प्रवाह हुने अन्य सेवा-सुविधा सबै रोक्का हुनेबारे सम्बन्धित महिलालाई सचेत गराएरै बाख्रा वितरण गरिएको वडाध्यक्ष सुनुवारले बताए।

माडीमा नेपालको अग्लो चक्रशिला स्थापना हुने



भरतपुर/ चितवनको माडीमा नेपालकै ठूलो चक्रशिला (शालिग्राम)को मूर्ति स्थापना हुने भएको छ। १२ फिट अग्लो, १० फिट चौडाइ र साढे दुई फिट मोटाइ भएको करिब १५ टनको चक्रशिला पर्वतबाट माडी ल्याउन लागिएको हो।

उक्त चक्रशिला माडीको खैरहनीमा रहने प्रस्तावित चक्रतीर्थ धाममा राखिने छ। नेपाल ललितकला प्रतिष्ठान मूर्तिकला विभाग प्रमुख एवं माडीका स्थानीय मूर्तिकार दिनेश्वर महतो नेतृत्वमा कुशमा नगर पालिका-१, सहश्रधारास्थित कालीगण्डकी नदीको किनारमा नै कुँदेर शालिग्राम शिला ल्याउन लागिएको हो।

सोमबार कुशमा नगरपालिका मेयर रामचन्द्र जोशीले माडी नगरपालिकाकी मेयर ताराकुमारी काजी महतोलाई हस्तान्तरण गर्नेछन्। उक्त शिला मंसिर ७ गते हरिबोधनी एकादशी पर्वका दिन प्राणप्रतिष्ठासहित माडीमा अनावरण गरिने चक्रतीर्थ धाम विकास समितिका अध्यक्ष भागीरथ बस्यालले बताए।

शालिग्राम शिला पाइने नेपालकै दुईमध्येका एक स्थानका रूपमा परिचित माडीको धार्मिक विकास तथा पर्यटनमा थप टेवा पुग्ने श्रीराम संस्थाका अध्यक्ष ई. थलराज पन्तले बताए।

भूकम्पपीडितलाई सिप्रदीको राहत



नयाँ पत्रिका

सिप्रदी ट्रेडिङ प्राइभेट लिमिटेड कम्पनीको सामाजिक उत्तरदायित्व जिम्मेवारीसम्बन्धी गतिविधि सञ्चालन गर्न स्थापित सिप्रदीयन सहायता संस्थाले जाजरकोट र रुकुम-पश्चिमको भूकम्प प्रभावित परिवारका लागि राहत वितरण गरेको छ। संस्थाले भूकम्पपीडितका लागि आधारभूत आवश्यकताका सामग्री प्रदान गरेको हो।

सिप्रदीयन सहायता संस्था, टाटाट्रस्ट भारत र सिप्रदी ट्रेडिङ प्रालिको संयुक्त प्रयासमा जिल्ला प्रशासन कार्यालय, जिल्ला विपत् व्यवस्थापन समिति जाजरकोट र जिल्ला प्रशासन कार्यालय पश्चिम रुकुमअन्तर्गत आठबिसकोट नगरपालिका १३ र १४ वडा कार्यालयलाई ५५ लाख रुपैयाँबराबरको राहत सामग्री प्रदान गरिएको जनाइएको छ। संस्थाको प्रतिनिधित्व गर्दै सिप्रदीका सातजना कर्मचारीले जाजरकोट र पश्चिम रुकुममा त्रिपाल, म्याट्रेस, खाद्यान्न, साबुन र बढ्दै गरेको जाडोलाई मध्यनजर गर्दै न्यानो कपडा, सिरक, सिरानी र टोपीलगायतका अन्य सामग्रीको प्याकेज बनाएर राहत सामग्री सम्बन्धित कार्यालयलाई हस्तान्तरण गरिएको उल्लेख छ। संस्थाका अनुसार हस्तान्तरण गरेका सामग्रीबाट झन्डै एक हजार दुई सय घरपरिवारका चार हजार आठ सयजना भूकम्पपीडित प्रत्यक्ष लाभान्वित बनेको संस्थाले जनाएको छ।

सिप्रदीयन सहायता संस्थाका वरिष्ठ उपाध्यक्ष शम्भुप्रसाद दाहालले भूकम्पका कारण आफ्नो घर गुमाएका र वासको वैकल्पिक व्यवस्था नभएका पीडितलाई अहिलेको प्रमुख आवश्यकतालाई मध्यनजर गर्दै त्रिपाल, खाद्यान्न र न्यानो कपडा हस्तान्तरण गरेको बताए। भविष्यमा पनि सिप्रदीयन सहायता संस्था सक्रिय रहेर निरन्तर रूपमा सहयोग पुऱ्याउने उनको भनाइ थियो। रुकुमको आठबिसकोट नगर प्रमुख रवि केसीले भूकम्प प्रभावित जनताका लागि सिप्रदी सहायता संस्थाले गरेको खाद्यान्न, जिन्सी र औषधिलगायतका सामग्रीको सहयोगप्रति आभार व्यक्त गरेका थिए।

विगतमा पनि सिप्रदीयन सहायता संस्थाले टाटाट्रस्टसँगको साझेदारीमा 'नेपाल भूकम्प पुनर्स्थापना परियोजना'को सुरुवात गरेको स्मरण गरेको छ। उक्त परियोजनाअन्तर्गत ०७२ साल वैशाख १२ गतेको भूकम्पबाट प्रभावित र वैशाख २९ को परकम्पको केन्द्रविन्दु सिन्धुपाल्चोकमा नौवटा विद्यालय तथा एउटा स्वास्थ्य चौकीको पुनर्निर्माण र हस्तान्तरण गरेको जनाएको छ।

सन् २०१२ देखि सञ्चालनमा रहेको सिप्रदीयन सहायता संस्था गैरनाफामूलक, गैरसरकारी तथा गैरराजनीतिक सामाजिक संस्था रहेको जनाइएको छ। संस्थाले शिक्षा, स्वास्थ्य, तालिम, खेलकुद, सामाजिक सेवा तथा प्राकृतिक विपत् र प्रकोपबाट पीडितको आपत्कालीन उद्धार, सहयोग तथा पुनर्स्थापनासम्बन्धी कार्यमा सहयोग गर्दै आएको उल्लेख छ।

ग्लोबल आइएमई बैंक लिमिटेडको

आन्तरिक सजावट (निर्माण) कार्य बारे शिलबन्दी बोलपत्र आह्वानको सूचना

प्रकाशित मिति : २०८०/०८/०४

यस बैंकको उल्लेखित शाखा कार्यालयको आन्तरिक सजावट (निर्माण) कार्यका लागि नेपाल सरकारमा दर्ता रहेको फर्म वा कम्पनीबाट निम्न बमोजिमको शर्तहरु पालना गर्ने गरी रितपूर्वकको शिलबन्दी बोलपत्र आव्हान गरिन्छ।

क्र.सं.	शाखा	क्र.सं.	शाखा
१	गोंगबु शाखा, काठमाडौं	२	इटहरी शाखा, सुनसरी

शर्तहरु:

१. बोलपत्र फाराम प्रति शाखा/कार्यालयका लागि रु. ५,०००/- (रुपैयाँ पाँच हजार मात्र) मा पछि फिर्ता नहुने गरी यस बैंकको कुनै पनि शाखामा OTHER INCOME MISC A/C NO 003700524005 शीर्षकमा जम्मा गरेको भौचर पेश गरी मिति २०८० मंसिर १० गते ११:०० बजे सम्म यस बैंकको कमलादी स्थित कार्यालयको सामान्य सेवा विभागबाट खरिद गर्न सकिनेछ।

२. खरिद भएको बोलपत्र मिति २०८० मंसिर १० गते ४:०० बजे भित्र यस बैंकको कमलादी स्थित कार्यालयको सामान्य सेवा विभागमा उल्लेखित प्रमाण-पत्रहरु संलग्न राखी शिलबन्दी गरी पेश गर्नुपर्नेछ। यस प्रयोजनका लागि बोलपत्र बुझाउँदा Technical Proposal/ Financial Proposal छुट्टा छुट्टै खाममा शिलबन्दी गरी खामको बाहिर फर्मको नाम र ठेगाना स्पष्ट रुपमा लेखी दाखिला गर्नुपर्नेछ। साथै खाममा Technical Proposal/ Financial Proposal प्रष्ट लेख्नु पर्नेछ।

३. प्राप्त भएका शिलबन्दी बोलपत्रहरु मिति २०८० मंसिर ११ विहान ११ बजे शिलबन्दी बोलपत्रदाताहरु वा निजको प्रतिनिधीको रोहबरमा यस बैंकको कमलादी कार्यालयमा खोलिनेछ। तर शिलबन्दी बोलपत्रदाताहरु वा निजको प्रतिनिधी उपस्थित नभए पनि बोलपत्र खोल्न बाधा पर्ने छैन।

४. शिलबन्दी बोलपत्र खरिद गर्ने दाखिला गर्ने एवं खोल्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा उक्त कार्यहरु बिदाको लगतै पछि कार्यालय खुलेको दिन सोही समयमा हुनेछ।

५. बोलपत्र फाराम भर्दा अंक र अक्षर दुबैमा स्पष्ट लेख्नु पर्नेछ अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएको दर मान्य हुनेछ। केरमेट भएको ठाउँमा सहि छाप हुनुपर्नेछ।

६. बोलपत्र फारमका साथ आफुले कबुल गरेको रकमको ५ (पाँच) प्रतिशतले हुन आउने रकम यस बैंकको कुनै पनि शाखाबाट EARNEST MONEY DEPOSIT FOR AUCTION A/C NO 002610524002 शिर्षकमा जम्मा गरेको भौचर वा सो बराबरको बैंक ग्यारेन्टी (बिड बण्ड) पेश गर्नुपर्नेछ। सो बैंक ग्यारेन्टी (बिड बण्ड) को म्याद न्यूनतम अवधि बोलपत्र पेश गर्ने अन्तिम मितीबाट ९० दिनको हुनुपर्ने छ।

७. बोलपत्रका साथ निम्न कागजात समेत पेश गर्नुपर्नेछ,
क. अद्यावधिक कम्पनी/फर्म दर्ता प्रमाणपत्रको प्रतिलिपि,
ख. मूल्यअभिवृद्धि कर (VAT) प्रमाणपत्रको प्रतिलिपि,
ग. कम्पनी/फर्मको संक्षिप्त परिचय तथा कार्यानुभव (Profile),
घ. वाणिज्य बैंकाको कम्तिमा ३ वटा शाखा निर्माण गरेको कार्य अनुभवको प्रमाणपत्र। यसरी निर्माण गरेका शाखाको लागत रु. २० लाख भन्दा माथि हुनुपर्ने,
ङ. प्रबन्धपत्र/नियमावली/साझेदारहरु बिचको कबुलियतनामाको प्रतिलिपी,
च. कर चुक्ता प्रमाण पत्र र
छ. विगत ३ वर्षको औसत वार्षिक कारोबार रु. १ करोड भन्दा माथिको भएको प्रमाणित गर्ने कागजपत्र वा लेखापरीक्षण भएको वित्तीय विवरण।

८. रित नपुगेको तथा समयमा प्राप्त नभएको बोलपत्र उपर कुनै कारवाही हुनेछैन।

९. प्राप्त बोलपत्र पूर्ण वा आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने अथवा कारण जनाई वा नजनाई अस्वीकृत गर्ने सम्पूर्ण अधिकार बैंकमा निहित रहनेछ।

Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक

रजिष्टर्ड/कर्पोरेट कार्यालय
फोन नं.: ०१-४२२८६७१/४२२६२४७
ग्लोबल कनेक्ट : ०१-५९७०६००
[ICRANP-IR] A रेटिङ प्राप्त

विपिडब्लु लघुवित्त वित्तीय संस्था लिमिटेड

केन्द्रीय कार्यालय बनेपा-८, बनेपा, काभ्रेपलाञ्चोक फोन नं. ०११-६६०१५६
वेवसाईट : www.bpwlaghubitta.com.np

Unaudited Financial Results (Quarterly)

As on 30th Ashoj, 2080 of the Fiscal Year 2080/081 (Rs. in '000)

S.N.	Particulars	This Quarter Ending	Previous Quarter Ending	Corresponding Previous Year Quarter Ending
1	**Total Capital & Liabilities (1.1 to 1.7)**	**257823.03**	**199397.44**	**214080.43**
1.1	**Paid-up Capital**	30000.00	30000.00	20300.00
1.2	Reserves and Surplus	987.81	314.38	1255.02
1.3	Debenture and Bond			
1.4	Borrowings	161573.20	103277.64	120910.79
1.5	Deposits (a+b)	49163.53	48270.53	47754.24
	a. Domestic Currency	49163.53	48270.53	47754.24
	b. Foreign Currency			
1.6	Income Tax Liabilities	542.89	542.89	463.18
1.7	Other Liabilities	15555.60	16992.01	23397.20
2	**Total Assets (2.1 to 2.7)**	**257823.03**	**199397.44**	**214080.43**
2.1	Cash & Bank Balance	51275.15	1116.43	1094.48
2.2	Money at call and short Notice	6474.69	6666.97	4921.96
2.3	Investments	0.00	0.00	0.00
2.4	Loans & Advances (a+b+c+d+e+f)	189542.40	178598.28	194797.27
	a. Real Estate Loan	0.00	0.00	0.00
	1. Residential Real Estate Loan (Except Personal Home Loan upto Rs 10 million)			
	2. Business Complex & Residential Apartment Construction Loan			
	3. Income generating Commercial Complex Loan			
	4. Other Real Estate Loan (Including Land Pur-chase & Plotting)			
	b. Personal Home Loan of Rs. 10 million or less			
	c. Margin Type Loan			
	d. Term Loan			
	e. Overdraft Loan / TR Loan / WC Loan			
	f. Others	189542.40	178598.28	194797.27
2.5	Fixed Assets	1134.00	1118.40	1489.10
2.6	Non-Banking Assets			
2.7	Other Assets	9396.80	11897.37	11777.61
3	**Profit and Loss Account**			
3.1	Interest income	9787.78	26079.25	7334.46
3.2	Interest Expense	4838.44	18136.30	5325.98
A	**Net Interest Income (3.1-3.2)**	**4949.35**	**7942.96**	**2008.48**
3.3	Fees Commission and Discount			
3.4	Other Operating Income			
3.5	Foreign Exchange Gain/Loss (Net)			
B	**Total Operating Income (A+3.3+3.4+3.5)**	**4949.35**	**7942.96**	**2008.48**
3.6	Staff Expenses	2246.91	8151.85	2321.60
3.7	Other Operating Expenses	2018.57	5454.86	760.77
C	**Operating profit Before Provision (B-3.6-3.7)**	**683.87**	**-5663.75**	**-1073.89**
3.8	Provision for Possible Loss	6687.39	1042.08	3287.83
D	**Operating profit (C-3.8)**	**-6003.52**	**-6705.82**	**-4361.73**
3.9	Non-Operating Income/Expenses (Net)			
3.1	Write Back of Provision for Possible Loss	12692.39	8696.42	1775.87
E	**Profit From Regular Activities (D+3.9+3.10)**	**6688.87**	**1990.60**	**-2585.85**
3.11	Extraordinary Income/Expenses (Net)			
F	**Profit Before Bonus and Taxes (E+3.11)**	**6688.87**	**1990.60**	**-2585.85**
3.12	Provision For Staff Bonus	0.00	180.96	0.00
3.13	Provision For Tax	0.00	542.89	0.00
G	**Net Profit/Loss (F-3.12 -3.13)**	**6688.87**	**1266.74**	**-2585.85**
4	**Ratios**			
4.1	Capital Fund to RWA	14.07%	14.36%	8.89%
4.2	Non-Performing Loan (NPL) to Total Loan	4.85%	4.34%	4.49%
4.3	Total Loan Loss Provision to total NPL	27.82%	36.45%	137.02%
4.4	Cost of Funds	9.18%	11.97%	12.63%
4.5	CD Ratio (Calculated as per NRB Direc-tives)	245.32%	235.94%	310.79%

Interest Rate of Deposit and Loan & advance

Saving Deposit : 7.5% to 8.5% **Loan :** 15% **Base Rate :** 13.69 %

नोट : सुपरिवेक्षण गर्ने निकाय तथा बाह्य लेखापरीक्षकले थप/घट गर्ने निर्देशन दिएमा परिष्कृत वित्तीय विवरणमा फरक पर्न सक्ने छ।

धितोपत्र दर्ता तथा निष्काशन नियमावलि २०७३ अनुसुची १४ (नियम २६ को उपनियम (१) संग सम्बन्धित)

आ.ब. २०८०/०८१ को प्रथम त्रैमासिक प्रतिवेदन

१. **वित्तीय विवरण :**
(क) **त्रैमासिक अवधिको वासलात, नाफा नोक्सान सम्बन्धी विवरण** : यसै साथ प्रकाशित गरिएको छ।
(ख) **प्रमुख वित्तीय अनुपातहरू (आवश्यकता अनुसार वार्षिकिकरण गरिएको) :**

प्रति शेयर आम्दानी रु.	मूल्य आम्दानी अनुपात	प्रतिशेयर नेटवर्थ रु	प्रतिशेयर कुल सम्पत्तिको मुल्य	तरलता अनुपात
८९.१८	१.१२	१०३.२९	८५९.४१	३.९३

२. **व्यवस्थापकीय विश्लेषण :**
(क) **त्रैमासिक अवधिमा संस्थाको मौज्दात, आम्दानी र तरलतामा कुनै परिवर्तन भएको भए सोको प्रमुख कारण सम्बन्धी विवरण :** यस त्रैमासिक अवधिमा अन्य बैंक तथा वित्तीय संस्थाको लगानी योग्य रकमको अभावका कारण उनीहरूबाट प्राप्त हुने फण्डको अभावले गर्दा यस वित्तीय संस्थाको मौज्दात र तरलतामा केही फरक परेको र बैंक तथा वित्तीय संस्थाहरूबाट प्राप्त गर्ने फण्डको व्याजदरमा वृद्धिको कारणले गत वर्षको प्रथम त्रैमासको तुलनामा यस त्रैमासको लगानीमा रहि रहेको कर्जा र खुद व्याज आम्दानीमा संकुचन हुन गएको छ। तथापि वित्तीय संस्थाको समग्र वित्तीय स्थिति, मौज्दात तथा तरलताको स्थिति सन्तोषजनक रहेको छ।

(ख) **आगामी अवधिको व्यवसायिक योजना सम्बन्धमा व्यवस्थापनको विश्लेषणात्मक विवरण :** यस वित्तीय संस्थाले लघुवित्त कार्यक्रमको पहँच नपुगेका ग्रामिण क्षेत्रमा लघुवित्त सेवा पुऱ्याउने उद्धेश्य अनुरुप वागमती प्रदेशका ५ जिल्लामा रहेका ५ वटा शाखा कार्यालयहरू मार्फत ४०२४ ग्राहक सदस्यहरूलाई सेवा प्रदान गर्दै आइरहेको छ। यस वित्तीय संस्थाले छरिएर रहेको बचत संकलन गर्दै लघुवित्त तथा लघुउद्यम जस्ता उत्पादनशील क्षेत्रमा कर्जा प्रवाह गरी दिगो व्यावसायिक सफलता हासिल गर्ने तर्फ अग्रसर रहेको छ। अगामी अवधिमा हाल सञ्चालित शाखाहरूलाई थप मजबुत बनाई मर्जरको कार्यलाई पुर्णता दिदै व्यावसायिक लक्ष्य हासिल गर्ने योजना रहेको छ। त्यस्तै,समय सापेक्ष सदस्यको चाहाना अनुसार सेवा तथा सुविधाहरूलाई परिस्कृत गर्दै लैजान व्यवस्थापन प्रतिवद्ध रहेको छ।

(ग) **विगतको अनुभवबाट संगठित संस्थाको मौज्दात, नाफा वा नगद प्रवाहमा तात्विक असर पार्न सक्ने घटना, अवस्था आदि भएमा सो सम्बन्धी विश्लेषणात्मक विवरण :** सम्पूर्ण बैंकिङ्ग प्रणाली नै तरलता अभावको संकटबाट गुज्रिरहको हालको अवस्थामा यस संस्थाले लिने कर्जा सापटीको ब्याजदर वृद्धिले खर्च बढ्ने र संस्थाको ब्याजदर अन्तरमा केही असर पर्ने देखिन्छ। सो बाहेक लघुवित्त संस्थाहरूबिचको अत्याधिक प्रतिस्पर्धा र ग्राहक सदस्यहरूको दोहोरोपन भई हुने बहुबैंकिङ्ग कारोबार तथा हालका समयमा बैंक तथा वित्तीय संस्था विरुद्ध भै रहेका नकारात्मक प्रचारबाजी जन्य क्रियाकलापले संस्थाको नाफामा असर पर्न सक्ने महसुस गरीएको छ तर पनि विगतको अनुभवबाट पाठ सिकेर नकारात्मक असरले पार्न सक्ने सम्भावित घटना हुन नदिन संस्था सचेत छ।

३. **कानूनी कारवाही सम्बन्धी विवरण :**
(क) वित्तीय संस्थाले कसैको विरुद्धमा कुनै मुद्दा दायर गरेको छैन र वित्तीय संस्थाको विरुद्धमा मुद्दा दायर भएको कुनै सूचना प्राप्त भएको छैन।
(ख) वित्तीय संस्थाका संस्थापक वा संचालकले वा संस्थापक वा संचालकको विरुद्धमा प्रचलित नियमको अवज्ञा वा फौजदारी अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर गरेको वा भएको कुनै जानकारी प्राप्त भएको छैन।
(ग) कुनै संस्थापक वा संचालक विरुद्ध आर्थिक अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर गरेको वा भएको कुनै जानकारी प्राप्त भएको छैन।

४. **संगठित संस्थाको शेयर कारोबार सम्बन्धी विश्लेषण :**
क) धितोपत्र बजारमा भएको वित्तीय संस्थाको शेयरको कारोबार सम्बन्धमा व्यवस्थापनको धारणा : दोश्रो बजारमा हुने शेयर कारोबारको मूल्य खुल्ला बजारले निर्धारण भए अनुरुप हुने व्यवस्थापनको धारणा रहेको छ।
ख) नेपाल स्टक एक्सचेन्ज लिमिटेडको वेबसाईट www.nepalstock.com अनुसार प्रथम त्रैमासिक अवधिमा यस वित्तीय संस्थाको शेयर सम्बन्धी कारोबार निम्नानुसार भएको छ।

अधिकतम मूल्य	न्यूनतम मूल्य	अन्तिम मुल्य	कारोबार भएको कुल दिन	कारोबार संख्या	शेयर कारोबार (कित्ता)
१५१९।९०	८४५	८८५	६१	२२८५	४८६९७

५. **समस्या तथा चुनौती :**
आन्तरिक समस्या तथा चुनौतीहरू :
- दक्ष जनशक्तिको अभाव,
- भौगोलिक कठिनाईका कारण कर्मचारीको उत्पादकत्व क्षमतामा आउन सक्ने ह्रास,
- बढ्दो संचालन लागत तथा खुद व्याज आम्दानीमा संकुचन,

वाह्य समस्या तथा चुनौतीहरू :
- सदस्यहरूमा भएको कर्जा लगानीको दोहोरोपना र एकै कार्यक्षेत्रमा सञ्चालीत लघुवित्त संस्थाहरू बिच हुने अस्वस्थ वित्तीय प्रतिस्पर्धा,
- सदस्यहरू द्वारा उत्पादित वस्तु तथा सेवाहरू को अव्यवस्थित बजार व्यवस्थापन,
- लघुवित्त संस्थाहरूको विरुद्धमा भईरहेका अराजक गतिविधिहरू,
- नियमनकारी निकायबाट फेरबदल हुन सक्ने नीति तथा नियमहरू

६. **संस्थागत सुशासन**
संस्थागत सुशासनका लागि संस्था सदैव प्रतिवद्ध रहेको छ। संस्थागत सुशासनमा विशेष ध्यान दिदै संस्थाले अन्य विषयहरूको अतिरिक्त नेपाल राष्ट्र बैंक तथा विद्यमान ऐन कानून र अन्य नियमनकारी निकायहरूको निर्देशनको पालना गरि संस्थागत सुशासनको निरन्तर परिपालनाको लागि संचालक समितिले विभिन्न निती, निर्देशिकाहरू तर्जुमा गर्ने र उक्त निती निर्देशनलाई व्यवस्थापनले कार्यान्वयन गर्दै आइरहेको छ र संस्थाको प्रबन्धपत्र, नियमावली, कर्मचारी सेवा विनियमावली, आर्थिक प्रशासन विनिमार्वलि, कर्जा लगानी निती तथा सो संग सम्बन्धित निर्देशिका तथा कार्यविधिहरू, कर्जा अपलेखन विनियमावली, कार्य सञ्चालन निर्देशिका, सम्पत्ति शुद्धीकरण निती तथा कार्यविधि, अन्य आवश्यक निर्देशिका र कार्यविधिहरू बनाई लागु गरिएको छ, यसका साथ साथै संस्थाले आफ्नो कारोबार लाई चुस्त, दुरुस्त, छिटो, छरितो एवं आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउन संचालक समिति तथा व्यवस्थापन तहमा लेखापरिक्षण समिति, व्यवस्थापन समिति, कर्मचारी सेवा सुविधा समिति, जोखिम व्यवस्थापन समिति तथा सम्पत्ति शुद्धीकरण समिति लगायत अन्य आवश्यक उप-समितिहरूको गठन गरेको छ।

७. **सत्य, तथ्यता सम्बन्धमा कार्यकारी प्रमुखको उद्घोषण :**
आजका मितिसम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरूको शुद्धता सम्बन्धमा म व्यक्तिगत रुपमा उत्तरदायित्व लिन्छु। साथै म यो उदघोष गर्दछु कि मैले जाने बुझे सम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरू सत्य, तथ्य र पूर्ण छन र लगानीकर्ताहरूलाई सुसूचित निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरू लुकाईएको छैन।

अस्ट्रेलिया बन्यो विश्वविजेता

घरेलु मैदानमा भारतले प्रस्तुत गरेको २४० रनको लक्ष्य ४३ ओभरमा चार विकेटको क्षतिमा पूरा गरेर अस्ट्रेलियाले छैटौँपटक विश्वकप उचाल्यो



आइसिसी एकदिवसीय विश्वकप क्रिकेट प्रतियोगिताको उपाधि जितेपछि अस्ट्रेलियन खेलाडी मैदानमा दौडिँदै

एजेन्सी

अस्ट्रेलियाले छैटौँपटक आइसिसी एकदिवसीय विश्वकप क्रिकेट प्रतियोगिताको उपाधि जितेको छ। आइतबार अहमदाबादस्थित नरेन्द्र मोदी रंगशालामा भारतलाई ६ विकेटले हराउँदै अस्ट्रेलियाले कीर्तिमानी रूपमा छैटौँपटक ट्रफी उचालेको हो। टस हारी ब्याटिङ गरेको भारतले ५० ओभरमा सबै विकेट गुमाएर २४० रनको मध्यम योगफल खडा गऱ्यो। आठौँपटक फाइनल खेलिरहेको अस्ट्रेलियाले ४३ ओभरमा चार विकेट गुमाएर २४१ रन जोड्दै ट्रफी हात पाऱ्यो। फाइनल गुमाउनुअघि भारतले लगातार दश खेलमा जित निकालेको थियो।

सुरुवाती दुई खेल गुमाएको अस्ट्रेलियाले त्यसपछि उत्कृष्ट प्रदर्शन गऱ्यो। अस्ट्रेलिया लिग चरणको पहिलो खेलमा भारत र दोस्रो खेलमा दक्षिण अफ्रिकासँग पराजित भएको थियो। अस्ट्रेलियाले सेमिफाइनलमा दक्षिण अफ्रिकालाई नै पाखा लगाउँदै फाइनल सुरक्षित गरेको हो। भारतले न्युजिल्यान्डलाई अन्तिम चारको खेलमा पाखा लगाएको थियो।

ट्रभिसको सानदार शतक

मध्यम योगफल पछ्याउँदा अस्ट्रेलिया पहिलो दश ओभरभित्र दबाबमा रहयो। जसप्रित बुमराहले दुई र मोहमद सामीले एक विकेट लिँदा अस्ट्रेलिया ६.६ ओभरमा ४७/३ को स्थितिमा थियो। यसवेला भारतीय सिमर अस्ट्रेलियन ब्याट्सम्यानमाथि हाबी भएका थिए। तर, ट्रभिस हेड र मार्नुस लाबुसेनले चौथो विकेटका लागि १९२ रनको उत्कृष्ट साझेदारी गर्दै अस्ट्रेलियालाई उपाधितर्फ उन्मुख गरे। यी दुई खेलाडीले २१५ बल खेलेका थिए। ट्रभिस र मार्नुसले अस्ट्रेलियालाई २३९/४ को बलियो स्थितिमा पुऱ्याए। ट्रभिस आउट हुँदा जितका लागि २ रन आवश्यक थियो। मोहमद सिराजको ओभरमा उनी सुभमन गिलबाट क्याच आउट भए।

क्याच आउट हुँदा उनी निराश देखिए। विजयी रन बटुल्ने मनसायका साथ उनी छक्का प्रहार गर्ने चक्करमा क्याच आउट भए। उनले अस्ट्रेलियालाई छैटौँपटक च्याम्पियन बनाउन महत्त्वपूर्ण शतकीय इनिङ खेले। ट्रभिसले फाइनलमा भारतविरुद्ध १३७ रन जोडे। यसक्रममा उनले १२० बलमा चार छक्का र १५ चौका प्रहार गरे। अस्ट्रेलियाका लागि ग्लेन म्याक्सवेलले विजयी २ रन बटुलेका थिए। मार्नुसले ११० बलमा चार चौकाको सहयोगमा ५८ रन जोडे।

फाइनलमा चुके भारतीय बलर र ब्याट्सम्यान

उपाधि भिडन्तअघिसम्म भारतले लगातार दश खेलमा ब्याटिङ र बलिङमा उत्कृष्ट प्रदर्शन गरेको थियो। चौथोपटक फाइनल यात्रामा भने भारत यी दुवै पक्षमा कमजोर साबित भयो। ब्याटिङ क्रममा भारतीय ब्याट्सम्यानले स्ट्रोकतर्फ त्यति ध्यान दिएनन्। बलिङमा सुरुवाती तीन विकेट लिएको बलरले त्यसपछि मार्नुस र ट्रभिजको साझेदारी तोड्न सकेनन्। बलिङमा बुमराहले ९ ओभरमा दुई मेडन राखी ४३ रन खर्चेर दुई विकेट हात पारे। सामीले सात ओभरमा एक मेडन राखी ४७ रन दिँदै एक विकेट लिए। सिराजले ४५ रनमा एक विकेट लिएका थिए। स्पिनर कुलदीप यादवले १० ओभरमा ५६ र रवीन्द्र जडेजाले १० ओभरमा ४३ रन खर्चिए। यी दुवै बलर विकेटविहीन रहे।

कोहली र राहुलको अर्धशतक

नरेन्द्र मोदी रंगशालामा भारतले उत्कृष्ट सुरुवात पायो। ओपनर तथा कप्तान रोहित शर्माले सुभमन गिलसँग पहिलो विकेटका लागि ४.२ ओभरमा ३० रन जोडेका थिए। उपाधि भिडन्तमा आक्रामक देखिएका रोहितले कोहलीसँग दोस्रो विकेटका लागि ३६ रन जोडेका थिए। इनिङ्सको ९.४ ओभरमा रोहितले आफ्नो विकेट गुमाए। उनले ३१ बलमा चार चौका र तीन छक्का प्रहार गरी ४७ रन बटुले। इनिङ्सको १०.२ ओभरमा श्रेयस इयर ४ रनमा आउट भए।

त्यसपछि कोहली र लोकेश राहुलले धर्मराएको भारतीय ब्याटिङ इनिङ्सलाई उकास्ने प्रयास गरे। दुवैले चौथो विकेटका लागि ६७ रनको साझेदारी गर्दै भारतलाई १४८/४ को स्थितिमा राखे। यी दुवैले १०९ बल खेलेका थिए। फाइनलमा पहिलो अर्धशतक लगाएका कोहली प्याट क्युमिन्सको ओभरमा बोल्ड भए। कोहलीले ६३ बलमा चार चौकाको सहयोगमा ५४ रन बनाए। राहुल र सूर्यकुमार यादवले छैटौँ विकेटका लागि २५ रनको साझेदारी गर्दै भारतलाई ४१.३ ओभरमा २०३/६ को स्थितिमा राखे। राहुलले १०७ बलमा एक चौका प्रहार गरी ६६ रन बनाए। भारतको इनिङ्समा रोहितले मात्र तीन छक्का प्रहार गरेका थिए। भारतको ब्याटिङमा १३ चौका प्रहार भएको थियो। भारतको बलियो ब्याटिङ अर्डर ध्वस्त पार्ने क्रममा मिचेल स्टार्कले ५५ रन खर्चेर महत्त्वपूर्ण तीन विकेट लिए। जोस हेजलउडले ६० रन खर्चेर दुई विकेट लिए। स्पिनर ग्लेन म्याक्सवेलले ६ ओभरमा ३५ रन दिँदै दुई विकेट लिए। मिचेल मार्सले दुई ओभरमा ५ रन र हेडले दुई ओभरमा ४ रन मात्र दिए।

लक्ष्य पछ्याउन सहज देखियो

प्याट क्युमिन्स, कप्तान, अस्ट्रेलिया



फाइनलमा अहिलेसम्मकै उत्कृष्ट खेल देखायौँ। यहाँको पिचमा सुरुमा ब्याटिङभन्दा लक्ष्य पछ्याउन सहज देखिएको थियो। यसकारण हामीले बलिङ रोजेका हौँ। पिच स्पिनरका लागि राम्रो थियो। स्लो विकेटमा महत्त्वपूर्ण क्याच र विकेट लिँदा भारत दबाबमा रह्यो। जुन रूपमा दक्षिण अफ्रिकाविरुद्ध खेल्यौँ, त्यसै प्रदर्शनको निरन्तरता भारतसँग पनि भयो। यद्यपि, भारतले तीन सय रन बनाउँदा पनि लक्ष्य पछ्याउने मनसाय थियो। हेड र मार्नुसको साझेदारीले जित सहज भयो। दुई खेल गुमाउँदा अस्ट्रेलियालाई कमजोर मानिएको थियो। तर, प्रतियोगितामा उत्कृष्ट कमब्याक गऱ्यौँ र उपाधिसमेत जित्यौँ। सबै खेलाडीले यो वर्ष सम्झिरहनेछौँ।

स्कोर बोर्डमा २०-३० रन कम भयो

रोहित शर्मा, कप्तान, भारत



नतिजा सबैको सामु आइसकेको छ। फाइनलमा राम्रो खेलेनौँ। यद्यपि, फाइनलमा पराजित भए पनि यो टोलीमाथि मलाई गर्व छ। वास्तवमा यस पिचमा हामीले २०-३० रन कम बनायौँ। स्कोर बोर्डमा २८० रन बनाउँदा फाइनलको खेल नै फरक हुने थियो। विराट र राहुल क्रिजमा रहँदा त्यो सम्भावना पनि थियो। तर, महत्त्वपूर्ण समयमा दुवै ब्याट्सम्यान आउट हुन पुगे। त्यसपछि हामी पछाडि पऱ्यौँ। २४० रन बनाउँदा सुरुमै विकेट निकाल्नुपर्ने दबाब थियो। बलरले आफ्नो काम सुरुमा गरे। तर, हेड र मार्नुसबीचको साझेदारीले खेलको मोड नै फेरियो।



अहिलेसम्मका फाइनल नतिजा

सन् १९७५

विजेता	वेस्ट इन्डिज	२९१/८
उपविजेता	अस्ट्रेलिया	२७४
नतिजा	वेस्ट इन्डिज १७ रनले विजयी	

सन् १९७९

विजेता	वेस्ट इन्डिज	२८६/९
उपविजेता	इंग्ल्यान्ड	१९४
नतिजा	वेस्ट इन्डिज ९२ रनले विजयी	

सन् १९८३

विजेता	भारत	१८३
उपविजेता	वेस्ट इन्डिज	१४०
नतिजा	भारत ४३ रनले विजयी	

सन् १९८७

विजेता	अस्ट्रेलिया	२५३/५
उपविजेता	इंग्ल्यान्ड	२४६/८
नतिजा	अस्ट्रेलिया ७ रनले विजयी	

सन् १९९२

विजेता	पाकिस्तान	२४९/६
उपविजेता	इंग्ल्यान्ड	२२७
नतिजा	पाकिस्तान २२ रनले विजयी	

सन् १९९६

विजेता	श्रीलंका	२४५/३
उपविजेता	अस्ट्रेलिया	२४१
नतिजा	श्रीलंका सात विकेटले विजयी	

सन् १९९९

विजेता	अस्ट्रेलिया	१३३/२
उपविजेता	पाकिस्तान	१३२
नतिजा	अस्ट्रेलिया आठ विकेटले विजयी	

सन् २००३

विजेता	अस्ट्रेलिया	३५९/२
उपविजेता	भारत	२३४
नतिजा	अस्ट्रेलिया १२५ रनले विजयी	

सन् २००७

विजेता	अस्ट्रेलिया	२८१/४
उपविजेता	श्रीलंका	२१५/८
नतिजा	अस्ट्रेलिया ५३ रनले विजयी	

सन् २०११

विजेता	भारत	२७७/४
उपविजेता	श्रीलंका	२७४/६
नतिजा	भारत ६ विकेटले विजयी	

सन् २०१५

विजेता	अस्ट्रेलिया	१८६/३
उपविजेता	न्युजिल्यान्ड	१८३
नतिजा	अस्ट्रेलिया सात विकेटले विजयी	

सन् २०१९

विजेता	इंग्ल्यान्ड	२४१
उपविजेता	न्युजिल्यान्ड	२४१/८
नतिजा	इंग्ल्यान्ड बाउन्ड्रीका आधारमा विजयी	

सन् २०२३

विजेता	अस्ट्रेलिया	२४१/४
उपविजेता	भारत	२४०
नतिजा	अस्ट्रेलिया ६ विकेटले विजयी	

एकदिवसीय विश्वकप तथ्यांक

टोली	फाइनल	विजेता	उपविजेता
अस्ट्रेलिया	८	६	२
इंग्ल्यान्ड	४	१	३
भारत	४	२	२
वेस्ट इन्डिज	३	२	१
श्रीलंका	३	१	२
पाकिस्तान	२	१	१
न्युजिल्यान्ड	२	०	२

विश्व क्रिकेटमा अस्ट्रेलियाको दबदबा

पुरुष एकदिवसीय विश्वकप ट्रफी
१९८७, १९९९, २००३, २००७, २०१५, २०२३

पुरुष टी-२० विश्वकप ट्रफी
२०२१

महिला एकदिवसीय विश्वकप ट्रफी
१९८७, १९८२, १९८८, १९९७, २००५, २०१३, २०२२

महिला टी-२० विश्वकप ट्रफी
२०१०, २०१२, २०१४, २०१४, २०१८, २०२०, २०२३

जिब्राल्टरको पोस्टमा फ्रान्सको १४ गोल

एजेन्सी

युरोपियन फुटबल च्याम्पियनसिप (युरो कप- २०२४) छनोटअन्तर्गत समूह 'बी'मा पूर्वविजेता फ्रान्सले जिब्राल्टरमाथि १४-० को फराकिलो जित हात पारेको छ। फ्रान्सको सानदार जितमा केलियन एम्बाप्पेले ह्याट्रिक गरेका थिए। उनले खेलको ३०औँ मिनेटमा पहिलो गोल गरे। खेलको ७४औँ र ८२औँ मिनेटमा गोल गर्दै एम्बाप्पेले ह्याट्रिक गरेका हुन्। खेलमा किंग्सले कोमान र ओलिभियर जिरुडले समान दुई गोल गरे। जोनाथन क्लाउस, युसुफ फोफाना, एड्रियन ऱ्याबियट र उसमान डेम्बेलेका नाममा समान एक गोल रह्यो।



युरोकपमा फ्रान्स यसअघि नै छनोट भइसकेको टोली हो। जिब्राल्टर फिफा वरीयताको १९८औँ स्थानमा छ। तेस्रो मिनेटमा नै इथन सान्तोसको आत्मघाती गोलसँगै फ्रान्सले १-० को अग्रता लियो। चौथो मिनेटमा मार्कसले फ्रान्सलाई २-० को स्थितिमा राखे। खेलको १६औँ मिनेटमा डेब्यु खेलाडी वारेन जाइरले गोल गरे। जिब्राल्टरविरुद्ध खेलेका वारेन सन् १९१४ पछि सबैभन्दा कम उमेरमा डेब्यु गर्ने खेलाडी बनेका छन्।

खेलको १८औँ मिनेटमा जिब्राल्टरका सान्तोस रातो कार्ड बेहोर्दै मैदानबाट बाहिरिए। त्यसपछि जिब्राल्टर १० खेलाडीमा सीमित भयो। जिब्राल्टर १० खेलाडीमा रहेपछि फ्रान्सले थप ११ गोल गरेको थियो। प्रतिस्पर्धामा फ्रान्सले ७३ प्रतिशत बल पोसेसन बनाएको थियो। यसै समूहको अर्को खेलमा नेदरल्यान्ड्सले आयरल्यान्डमाथि १-० को जित निकाल्यो। जितसँगै नेदरल्यान्ड्स युरोकपमा छनोट भएको छ। समूह 'बी'मा फ्रान्सले ७ खेलबाट २१ अंक जोडेको छ। दोस्रो स्थानमा रहेको नेदरल्यान्ड्सले १५ अंक हात पारेको छ। सन् २००४ को विजेता ग्रिस १२ अंकका साथ तेस्रो स्थानमा छ। आयरल्यान्डको ६ अंक छ। जिब्राल्टर अंकविहीन छ।

गल्फ टुरको नयाँ सिजनमा ६४ लाख पुरस्कार राशि

सूर्य नेपाल गल्फ टुर २०२३/२४ सिजनमा आठ प्रतियोगिता मुलुकभरि हुने

नयाँ पत्रिका

प्रोफेसनल गल्फर्स एसोसिएसन नेपाल (एनपिजीए)ले सूर्य नेपाल गल्फ टुर २०२३/२४ सिजनको क्यालेन्डर सार्वजनिक गरेको छ। सूर्य नेपाल प्रालिद्वारा प्रायोजित नयाँ सिजनमा कुल ६४ लाख ३६ हजार १ सय ५० रुपैयाँ पुरस्कार रहेको जनाएको छ। यस सिजनमा कुल आठ प्रतियोगिता सञ्चालन हुने एनपिजिएका महासचिव दीपक आचार्यले जानकारी दिए। उनका अनुसार यसपटक पुरस्कार धनराशिमा पाँच प्रतिशतले वृद्धि भएको छ।

सिजनको सुरुवातमा सूर्य नेपाल सेन्ट्रल ओपनबाट हुनेछ। गोकर्ण गल्फ कोर्समा आजदेखि सुरु हुने सूर्य नेपाल सेन्ट्रलमा ७२ होलको चार दिनसम्म प्रतियोगिता चल्नेछ। ३३ प्रोफेसनल गल्फरले कुल ८ लाख ४० हजार नगद पुरस्कारका लागि



प्रतिस्पर्धा गर्नेछन्। प्रोफेसनलसँगै ४ एमेच्योर खेलाडीले पनि सहभागिता हुने आचार्यले बताए। दोस्रो दिनको समाप्तीमा उत्कृष्ट २१ प्रोफेसनल खेलाडीले कट बनाउनेछन्। विजेताले १ लाख ४५ हजार प्राप्त गर्नेछन्। उपविजेताले ९४ हजार र तेस्रो स्थानमा रहने गल्फरले ७० हजार पुरस्कार प्राप्त गर्नेछन्। साथै, कट बनाउने अन्य प्रोफेसनल गल्फरले पनि नगद पुरस्कार प्राप्त गर्नेछन्।

गल्फ टुरको दोस्रो प्रतियोगिता सूर्य नेपाल एनपिजिए म्याच प्ले रोयल नेपाल गल्फ क्लबमा ८-१० पुससम्म चल्नेछ। यो प्रतियोगितामा गत सिजनको अर्डर अफ मेरिटका आधारमा १६ खेलाडीले नगद दुई लाख ५० हजारका लागि प्रतिस्पर्धा गर्नेछन्। तेस्रो प्रतियोगिता सूर्य नेपाल वेस्टर्न ओपन पोखरास्थित हिमालयन गल्फ कोर्समा १० देखि १३ माघसम्म चल्नेछ। यस प्रतियोगिताको कुल पुरस्कार धनराशि ८ लाख ४० हजार रुपैयाँ रहेको छ।

रोयल नेपाल गल्फ क्लबमा चौथो प्रतियोगिता सूर्य नेपाल काठमाडौँ ओपन २३ देखि २६ माघसम्म सञ्चालन हुनेछ। यो प्रतियोगितामा गल्फरहरूले ७ लाख ३ हजार ५ सय नगद पुरस्कारका लागि प्रतिस्पर्धा गर्नेछन्। सूर्य नेपाल टुरअन्तर्गत पाँचौँ प्रतियोगिता धरानमा हुनेछ। धरान गल्फ क्लबमा हुने सूर्य नेपाल इस्टर्न ओपनमा ८ लाख ४० हजार नगद पुरस्कार रहेको छ।

श्री स्टारको अध्यक्षमा शाक्य निर्विरोध

काठमाडौं/ नेपाली फुटबलकै इतिहास बोकेको श्री स्टार क्लबमा नयाँ अध्यक्ष ज्ञानबहादुर शाक्य निर्विरोध भएका छन्। ललितपुरमा आइतबार भएको साधारण सभासहितको निर्वाचनमा शाक्य अध्यक्षमा चयन भएका हुन्। नयाँ कार्यसमितिमा अरुणमान जोशी निवर्तमान अध्यक्ष, ६ उपाध्यक्षमा निर्मलरत्न शाक्य, वीरेन्द्रलाल श्रेष्ठ, कृष्ण अवाले, जयकृष्ण श्रेष्ठ, रमेश अवाले, रामकृष्ण श्रेष्ठ रहेका छन्। महासचिवमा धर्मेन्द्रराज शाक्य र कोषाध्यक्षमा रामकृष्ण चित्रकार रहेका छन्।

सचिवमा कुलबहादुर महर्जन र निवासगोपाल वैद्य रहे। सहकोषाध्यक्षमा देवेन्द्रलाल श्रेष्ठ रहेका छन्। कार्यसमितिको प्रथम बैठकले विधानअनुसार अतिशकृष्ण श्रेष्ठ र सञ्जीव शिल्पकारलाई सल्लाहकार समितिको सदस्य नियुक्त गर्ने निर्णय गरेको छ। साधारण सभामा ललितपुरका मेयर चिरीबाबु महर्जनले ललितपुरका क्लबहरूलाई प्रोत्साहन गर्दै आवश्यक सहयोग गर्दै जाने प्रतिबद्धता दिए।

टी-२० सिरिजमा नेपाल तेस्रो

नयाँ पत्रिका

हङकङमा भएको चारदेशीय टी-२० क्रिकेट प्रतियोगितामा नेपाली महिला टोली तेस्रो भएको छ। हङकङमा तेस्रो स्थानका लागि आइतबार भएको खेलमा नेपालले जापानलाई ४५ रनले हरायो। नेपालले तीन खेलबाट २ अंक जोड्यो। नेपाल तान्जानिया र हङकङसँग पराजित भएको थियो। वाङ नाई मैदानमा पहिलो ब्याटिङ गरेको नेपालले २० ओभरमा पाँच विकेट गुमाएर ११५ रन बनाएको थियो। प्रत्युत्तरमा जापानले ६ विकेटको नोक्सानीमा ७० रन जोडेको थियो। नेपालको जितमा ओपनर पूजा महतोले सर्वाधिक ४३ रन बनाइन्।

सुधारिएको ब्याटिङ प्रदर्शन

अघिल्लो दुई खेलमा नेपाली महिला खेलाडीले खराब ब्याटिङ प्रदर्शन गरेका थिए। कमजोर प्रतिद्वन्द्वी जापानसँग नेपालले सुधारिएको ब्याटिङ गरेको थियो। यद्यपि, निरन्तर विकेट गुमाए पनि नेपाली महिला खेलाडीले गतिलो साझेदारी गरेका थिए। नेपालले पहिलो विकेटका लागि ६ रन जोड्यो। सीता रानामगरले ६ बलमा ५ रन बनाइन्। त्यसपछि पूजाले कप्तान इन्दु बर्मासँग दोस्रो विकेटका लागि २० रनको साझेदारी गरिन्। कप्तान इन्दुले २१ बलमा १२ रन बनाइन्।

पूजाले पूर्वकप्तान रुविना क्षेत्रीसँग तेस्रो विकेटका लागि ३६ रन जोडिन्। रुविनाले १९ बलमा दुई चौकाको सहयोगमा २१ रन बनाइन्। त्यसपछि पूजाले रोमा थापासँग चौथो विकेटका लागि ४७ रनको गतिलो साझेदारी गर्दै नेपालको स्कोरलाई १८.५ ओभरमा १०९-५ को स्थितिमा राखिन्।

कमजोर जापान

जापानको ब्याटिङमा ओपनरबाहेक अन्य खेलाडी चल्न सकेनन्। ओपनरले पहिलो विकेटका लागि १०.५ ओभरमा ३७ रनको साझेदारी गरे। अकारीले ५१ बलमा दुई चौकाको सहयोगमा २९ रन बनाइन्। हिनासेले ३४ बलमा १६ रन जोडिन्। पाँच जापानिज ब्याट्सम्यानले दोहोरो अंकमा रन जोड्न सकेनन्।



नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com